# शुभारम्भ



## प्रा. डा. गोविन्दराज भट्टराई

महिनामा बिस हजार नेपाली मानिस अमेरिकामा आइजाइ गर्लान्, त्यति नै बेलायत र अस्ट्रेलिया, त्यत्ति नै एसियाली देशका टुरिस्ट सेन्टरहरूतिर बाट पनि । तर हजारमा एकले मात्र लेख्छन्, लेख्नसक्छन् । जोकोहीले जान्दैनन्, सक्तैनन्, लेख्तैनन्, यसको महत्त्व बुझ्दैनन्; बुझे पनि आलस्यले विजय गर्छ । कारण लेख्न कठिन छ । गायत्री भाइको जसरी सुन्दर र पठनीय शैलीमा लेख्न झन् कठिन छ । अलिकति त आशीर्वाद पनि चाहिन्छ । नेपालीमा एउटा लोकगीत छ गङ्गा वरदानको, "भाग्यमा भए म आफैँ आउँथेँ हुँदैन बलगरी ।" तर आफ्ना क्षणिक अनुभवलाई अमर सिर्जनामा रमाएर लेख्न कत्रो कला र शिल्प चाहिन्छ, कत्रो समर्पण र समय । एउटा उत्कृष्ट स्रष्टाले मात्रै त्यो सिद्धि प्राप्त गरेको हुन्छ ।

विगतका चार दशकमा दश लाख नेपाली तिब्बत (ल्हासा, कैलाश) पुगे हुनन् तर डोरबहादुर विष्टको 'सोताला', गङ्गाप्रसाद उप्रेतीको 'तिब्बतमा दश दिन', डा.तुलसी भट्टराईको 'संसारको छानामा महाकवि', पोषरमण चापागाईँको 'आनन्द (दृश्य र अनुभूति)' सम्झिनलायक यस्तै पाँच-सात होलान् । अन्य भ्रमणस्थलका बारेमा पनि त्यही कुरा लागू हुन्छ तर गायत्रीले प्रत्येक पललाई पक्रेर रातदिन नछोडी दृश्यमा आएका, भावनामा उत्पन्न भएका कुरालाई टिपेर सुन्दर भाषामा प्रस्तुत गर्दै नेपाली साहित्यलाई अमर उपहार चढाएका छन् । उनको यो कृति पढेर मनमा ठुलो प्रसन्नता भरियो । गायत्रीको सरलता ठुलो सम्पदा हो । वाक्य सरल र स्पष्ट छन् । लेखक हरेक ठाउँमा, कुरामा, घटनाप्रस्तुतिमा परम इमानदार छन् । कुनै बनावटी, देखावटी कुरा छैन । यथार्थ नलुकाई प्रस्तुत गर्दछन् । स्थान र परिस्थितिको जीवन्त चित्र प्रस्तुत गर्ने उनको कला प्रशंसनीय छ । लेखकमा भएको साहित्यिक अध्ययन र विश्लेषणचेतले गर्दा यो छोटो यात्रामा पनि साहित्यिक सन्दर्भ जोड्नपाएका ठाउँमा नभुली जोडेका छन् । यस्ता सुन्दर भाषाशैली आर्जन गरेका, विचारशृङ्खला उत्पन्न गर्नजान्ने गायत्री भाइले अरू स्थानको भ्रमण गरुन्, अरू कृति लेखुन् ।

*(साहित्यकार गायत्रीकुमार चापागाईँको नियात्रासङ्ग्रह 'कैलाशदेखि सागरसम्म'को भूमिकाबाट साभार ।*

❖ सम्पादकीय

# भ्रमको पर्दाले छोप्नखोजेको अस्थिर नेपाली राजनीति !

भनिन्छ, 'राजनीति मुलुक र जनताका लागि हुनुपर्छ, गरिन्छ ।' हुन पनि राजनीति नै मुलुक सञ्चालन गर्ने प्रमुख नीति हो। त्यसैले मुलुकमा समस्याको सिर्जना पनि राजनीतिले नै गर्छ र सबै सबै समस्याको समाधान गर्ने काम पनि राजनीतिले नै गर्छ। यसै कारण राजनीतिलाई राज्यको नीति भनिएको हो। यद्यपि राजनीतिमा उथलपुथल हुन्छ, आरोह-अवरोह आउँछन्, राजनीतिकै कारण जनतामा आशा-निराशाका अवस्था पनि आउँछन् तर पनि निकास चाहिँ राजनीतिबाटै मात्र सम्भव हुन्छ; राजनीतिलाई गाली गरेका भरमा निकास निस्किँदैन, सम्भव छैन। यसरी हेर्दा समस्याको जड पनि राजनीति हो र समाधानको विकल्प पनि राजनीति नै हो । फेरि पनि राजनीतिले इमानकै खोजी चाहिँ गर्छ नै । हाम्रो मुलुकको राजनीति भने इमानको दिशातर्फ भन्दा पनि अलि बढी भ्रम छर्ने, आश्वासन बाँड्ने तर इमानको कसीमा आफूलाई कहिल्यै पनि नघोट्ने तहमा रहेको मूल्याङ्कन गर्न थालिएको छ, गरिएको छ।

राजनीति बेइमान हुनु, स्वार्थी हुनु वा इमानदार नहुनु मुलुक र जनताको हितमा हुँदैन । भ्रमको आवरणमा छेकिएर, पर्दाले छेकिएर, सिद्धान्त वा आदर्शलाई किनारा लगाएर, बोली र व्यवहारमा तालमेल नगरेर अगाडि बढ्ने राजनीतिले मुलुकलाई समृद्धिको गन्तव्यमा चाहिँ कहिल्यै पनि पुर्‍याउँदैन। भ्रम यथार्थ होइन, हुनसक्तैन अनि दिउँसै सपना देख्ने वा सपना बाँड्ने प्रवृत्ति पनि कहिल्यै विपना हुनसक्तैन । त्यसैगरी सपना र भ्रमको आवरणमा गरिने राजनीति पनि कहिल्यै विश्वसनीय हुँदैन, हुनसक्तैन । जब राजनीति विश्वसनीय हुँदैन तब त्यसले न त जनविश्वास प्राप्त गर्नसक्तछ न त समृद्धिको यात्राको थालनी नै गर्नसक्छ । भ्रमको पर्दा च्यातिएपछिको राजनीति 'थुन्सेले छोपुन्जेल देखिँदैन तर डोकोले छोपेपछि सर्वाङ्ग हुन्छ' भनेजस्तै हुन्छ । अहिले नेपाली राजनीति यथार्थभन्दा धेरै पर, भ्रमको खेती गर्ने तहमा, सपना देखाउने चटके शैलीको आवरणमा, नवधनाड्ढ्यवाद हुर्काउने, परिवारवाद तथा आसेपासेवादमा रमाउने, भ्रष्टाचारजन्य दुष्कर्मका माध्यमबाट कमाउधन्दा सञ्चालन गर्ने; भ्रष्ट, तस्कर तथा माफियाको संरक्षक पेसाव्यवसाय बनेको देखिँदै छ!

यथार्थमा राजनीति कुनै न कुनै विचारले निर्देशित हुन्छ, हुनुपर्छ। राजनीतिको गन्तव्य हुनुपर्छ, उद्देश्य हुनुपर्छ । गन्तव्यहीन र निरुद्देश्य यात्रालाई राजनीति मान्न सकिँदैन । निरुद्देश्य राजनीतिले झुक्याउन वा केही समय भ्रम छर्न त सक्छ तर परिणाम दिन सक्तै सक्तैन। अहिलेसम्म यो मुलुकले भोगेको राजनीतिले विचार र व्यवहारको तालमेल नगरेको, स्वार्थप्रेरित भएको, आसेपासेवाद वा परिवारवाद हुर्काएको, मुलुक र जनताको चिन्ताभन्दा पनि कमाउधन्दालाई प्राथमिकतामा राखेका कारण भ्रष्टाचारको बढोत्तरी भएको भन्नेजस्ता आरोप नै सत्तामा रहेका राजनीतिक दल तथा तिनका नेतृत्वलाई लागेको हो। जनविश्वास कमजोर

हुनु भनेको जनताका तहबाट आलोचना हुनु हो र जनताको आलोचना सुन्ने धैर्यता र सामर्थ्य कमजोर हुनासाथ अविश्वास बढ्छ, निराशा बढ्छ र परिणामतः विकल्पको खोजी हुन्छ, यो स्वभाविक पनि हो ।

सत्य कुरा चाहिँ के थियो भने पुराना राजनीतिक दलहरू कुनै विचार, आदर्श र मूल्यमान्यतालाई अगाडि राखेर सोद्देश्यमूलक ढङ्गले देश र जनताको हितका निमित्त नै काम गर्ने वाचासहित राजनीतिमा आएका हुन् तर विचार र व्यवहारको तालमेल मिलाउन सकेनन् वा चाहेनन् वा मुलुक र जनताभन्दा आफू, परिवार तथा आसोपासेलाई केन्द्रमा राखे वा राख्ने प्रयास गरे । त्यही कारणले उनीहरूका प्रतिको अविश्वास देखा पर्‍यो, असन्तुष्टि देखा पर्‍यो । तर अहिले हामी विकल्प हौँ भन्ने केही भुइँफुट्टाहरू स्याउँ स्याउँ देखिएका छन् ! विचार के हो ? आदर्श के हो ? लक्ष्य के हो ? मुलुक र जनताका लागि काम गर्ने योजना के हुन् ? समाजमा छताछुल्ल रहेको उनीहरूको चरित्र के हो ? अवसर पाउँदा उनीहरूले सम्पादन गरेका कार्यले केकस्तो परिणाम दिए ? यी सबै कुराको मूल्याङ्कन त नयाँ हौँ वा हामी विकल्प हौँ भन्नेहरूको पनि हुनै पर्ने होला नि ।

बहुविवाह काण्डदेखि पासपोर्ट काण्डसम्म, सहकारी ठगी काण्डदेखि न्यायालय जलाउने काण्डसम्म जोडिएकाहरू जसलाई न्यायालयहरूले 'प्रारम्भिक प्रमाणका आधारमा दोषी नरहेको देखिन आएन' भन्ने स्पष्ट व्यहोरा उल्लेख गरी धरौटी माग गरेको न्यायिक प्रक्रिया नै गलत हो भनेर हाक्काहाक्की आफ्नो ठगीधन्दा वैध हो भन्ने भ्रम छरिरहेका छन्, वकालत गरिरहेका छन्, हुलहुज्जत गरिरहेका छन् ! अनि सत्ताको शिखरमा पुग्ने सपना देखिरहेका छन् ! अवसर पाउँदा वा जनताले विश्वास गरेको क्षेत्रमा काम गरेर देखाउनुपर्नेमा राजधानीजस्तो महानगरपालिकामा जम्मा बजेटको पचास प्रतिशतसम्म पनि बजेट खर्च गर्ननसक्ने, कोही कसैसँग कुनै पनि समस्यामा बहस तथा साक्षात्कार गर्दै नगर्ने, सार्वजनिक बिदाका दिनमा सरकारी गाडीमा सवार श्रीमतीको गाडी रोकेको सामान्य कुरामा सिंहदरवार नै जलाइदिने, न्यायालय जलाउने पटक पटक धम्की दिने, आफूलाई महाराजभन्दा माथि देख्ने; मध्यरातमा नशाको सुरमा गाडिदिने, जलाइदिने, भत्काइदिनेजस्ता अभद्र, पदीय मर्यादाभन्दा विपरीत, अशोभनीय, अशिष्ट, संस्कारहीन गालीगलौजको भाषा लेखेर फेसबुकमा स्टन्ट गर्ने र आफैँले बोलेअनुसार सिंहदरवार तथा न्यायालय जल्दा सामान्य पदीय मर्यादा पनि भुलेर निभाउने दमकल पठाउनेसम्मको दायित्व पनि निर्वाह नगर्ने वाहियातहरू दिउँसै सपना देखेर राज्यसत्ताको सर्वोच्च कार्यकारी पदमा पुगेको सपना पनि मध्याह्नमै देखिरहेका छन् ! सिङ्गो राष्ट्रको सम्पूर्ण सहयोगमा स्वदेशी उत्पादन बढाउने तथा बाहिरबाट बिजुली आयात गरी मुलुकले भोगिरहेको लोडसेडिङ घटाएको र क्रमशः हटाएको जसजति आफूले मात्र लिने र मैले सबै सबै गरेको, आकाशकै तारा झारेको भन्ने भ्रम छर्ने कृतघ्नहरू पनि हिजो आफू कार्यरत संस्थामा चरम आर्थिक लुट मच्चाएको, आसेपासे वा परिवारका सदस्यलाई सम्पूर्ण ठेक्का दिलाएको र चौतर्फी आर्थिक लाभ प्राप्त गरेको वा तर मारेको झल्झली सम्झेर, हिजो गुन लाउनेलाई समेत बिर्सेर सत्ताको सर्वोच्च

पदमा पुग्ने सपनामा दिउँसै लठ्ठ परिरहेका छन्!

के नेपाली राजनीति जसले भ्रम छर्नसक्यो, जसले ठुलो स्वरमा बोल्नसक्यो, जसले स्टन्ट गर्नसक्यो उसैको लागि फलिफाप हुने अवस्थामा पुगेको हो त ? आदेशपालक, इसारामा काम गर्ने, भ्रमको खेती गर्नसक्नेहरू मात्र नेपाली राजनीतिका लागि योग्य हुने अवस्था आएकै हो त ? सामान्य शिष्टताको र पदीय मर्यादाको पनि ख्याल गर्ननसक्नेहरू अनि आफ्नो कर्तुतयुक्त विगतलाई सुतुरमुर्गले टाउको बालुवामा छोपेर ठाडा खुट्टा लगाएर आकाश खस्यो भने पनि थामिहाल्छु भन्ने भ्रम पालेझैँ भ्रम छर्ने, आफूले आफैँलाई सर्वेसर्वा ठान्ने प्रयत्न गरेकै आधारमा वैकल्पिक शक्ति भइहाल्ने अनि मानिदिनुपर्ने अवस्थामै पुगेको हो त नेपाली राजनीति ? चाहे यिनीहरूको विगत होस् वा अहिले समानुपातिकमा यिनीहरूले गरेका सिफारिससमेतलाई आधार मान्दा हिजोको भन्दा यिनीहरू भ्रष्ट होइनन्, पारिवारवाद तथा आसेपासेवादमा लम्पट छैनन् र योग्य हुन्, उपयुक्त छन् भन्ने कतै कुनै आधार देखिएको छ र ? राजनीति र शासकीय जिम्मेवारी भनेको गाँजा खाएर मध्यरातमा फेसबुकमा लेखिने स्टन्टजस्तै गैरजिम्मेवार कुरा हो र ? बरु हिजो हामी जनताले गरिदिएको भरोसा धोकामा परिणत हुनलागेको अवस्था होइन र अहिले ? ठुलो स्वरमा बोलेर भ्रम छर्नेका हकमा चाहिँ उसले गरेको ठगी, लुट, आगजनी, जिम्मेवारीविहीनता, स्टन्ट, प्रतिशोधलाई योग्यता मानिदिनुपर्ने अवस्था आएकै हो त ? देख्खल बेइमानहरू, ठगहरू, हठीहरू कसरी विकल्प हुनसक्छन् ? यतिखेर हामी जनताले सारै नै धेरै गम्भीर हुनुपर्ने अवस्था आएको छ।

विचरा ! जेनजीको आवरणमा अहिले विगतमा कुनै न कुनै रूपमा लुटमा सामेल भएका; अनुशासन, जिम्मेवारी, शिष्टताको ख्यालै नभएका, हजुरबा-हजुरआमासरहका व्यक्तिहरू अहिले पनि सत्तामा पुगेको/पुर्‍याइएको यथार्थले उनीहरू कति र कसरी हतियार बनाइएका रहेछन् र उनीहरूलाई कसले, कसरी प्रयोग गरिरहेको रहेछ भन्ने कुरा छर्लङ्ग भइरहेको छैन र ? उमेरसमूह भनेको विचार हुँदै होइन; विचार, दृष्टिकोण, लक्ष्य, योजनाविना मुलुक सञ्चालन हुनसक्ने कुरै भएन, हुँदैन। तर राजनीति भनेको सजिलै कमाउने पेसा हो भन्ने भ्रम र भाष्य अहिले सिर्जना गर्नखोजिरहिएको भान भने भइरहेको छ ! यो अत्यन्त गलत छ, खतरनाक छ र भविष्यमा यसको परिणाम पनि भयानक हुने छ । समयको कठघरामा सबैले उभिनुपर्छ, समयभन्दा बलवान् कोही पनि छैन; एक न एक दिन यी यावत प्रश्नको उत्तर अहिलेका भुइँफुट्टाहरूले पनि दिनै पर्ने छ, प्रश्नबाट कोही पनि उम्किन वा भाग्नसक्तैन । हिजो पाएको अवसरको सदुपयोग गर्ननसक्ने बेसुराहरू भोलिका लागि योग्य हुन सक्तै सक्तैनन् । 'बोल्नेको पिठो बिक्छ' भन्ने लोकोक्ति पनि सधैँ सधैँका लागि लागू हुनसक्तैन, हुँदैन । भ्रमको आवरणमा नेपाली राजनीतिलाई सधैँ सधैँ अस्थिर पार्ने खेलसँग भने हामी सबै सबैले सावधान हुनुपर्ने समय भइसक्यो होइन र ! गम्भीर भएर पो सोच्ने हो कि !

*-रमेश पोखरेल*

# यस अङ्कमा


**विशेष संवाद**

दलित...- *देवराज विश्वकर्मा/१०*

**कविता/गीत/मुक्तक**

तीन गीत- *माणिकरत्न शाक्य/२४*

के गऱ्यौ...- *जनार्दन अधिकारी धड्कन/२५*

गीत- *आर.एल. श्रमजीवी/४२*

मुक्तक- *गोविन्द कुँवर/४२*

आमा- *नवराज श्रेष्ठ/४३*

संस्कृति...- *विपी आजाद/४५*

मेरो...- *डा. हंसराज/५८*

जनसङ्घर्षको...- *मिथिलेश आदित्य/५९*

**अनुवाद/कविता**

गिर्नु - *नरेश सक्सेना/१७*

**कथा/लघुकथा**

प्रतीक्षा - *माधव चौलागाईं/१९*

निःशुल्क...- *गोपालकुमार मैनाली/३४*

ज्येष्ठ... - *कुमार नेपाल/४४*

**यसपटक**

*राधिका भण्डारी सापकोटा/७*

**संस्मरण/समालोचना/निबन्ध/**
**नियात्रा/समीक्षा**

नेपालको...- *महेशराज खरेल/२६*

परिबन्द...- *प्रा.डा. यादवप्रकाश लामिछाने/३५*

समयको...- *डा. चेतनाथ कणेल 'हरित'/४६*

स्लोभेनियामा...- *कृष्ण बजगाई/४९*

मनको...- *प्रदीप सापकोटा/५४*

**स्थायी स्तम्भ**

**शिखर व्यक्तित्व**

साहित्यकार दैवज्ञराज न्यौपाने/६

समाचार/६१

**अनूभूति**

*गङ्गाप्रसाद उप्रेती/६४*



शब्द संयोजन
मासिक

# शब्द-संयोजन

(मासिक साहित्यिक प्रकाशन) वर्ष २२ अङ्क १० पूर्णाङ्क २६१/२०८२ माघ
जिप्रकाका द.नं. ९४/२०६०/०६१

**सल्लाहकार** : डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय
प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ

**प्रधान सम्पादक तथा प्रकाशक**: वासुदेव अधिकारी

**कार्यकारी सम्पादक**: रमेश पोखरेल

**सम्पादक**: सुमी लोहनी, रूपक अलङ्कार

**अन्तर्वार्ता संयोजन**: अच्युत घिमिरे

**वेब संयोजन**: प्रशान्त खरेल

**कला**: गणेशकुमार जी.सी.

**आवरण चित्र**: गुगल

**प्रतिनिधि**: पुण्यप्रसाद खरेल(झापा), डा. हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज),
नमुना शर्मा (चितवन)

Email : s_samyojan@yahoo.com website: sahityasandhya.org.np

**मुद्रण**: विनायक प्रेस, धोबिधारा, काठमाडौँ, मो.९८४१४४७३२२

**साजसज्जा**: टच क्रिएसन प्रा. लि., फोन ०१-५३१५४४८

# साहित्यकार दैवज्ञराज न्यौपाने

नेपाली साहित्यको इतिहासमा नेपाली भाषा र विकासका निमित्त सम्पूर्ण जीवन समर्पण गर्ने विशिष्ट व्यक्तित्वको विभिन्न कालखण्डमा उदय भइरहन्छ । त्यस्तै विशिष्ट व्यक्तित्वमध्ये एक हुन् दैवज्ञराज न्यौपाने । आधुनिक नेपाली साहित्यको इतिहासमा न्यौपानेको पनि छुट्टै परिचय र विशेषताले स्थान बनाएको छ । वि.स.२००४ साल मङ्सिर ३० गते भोजपुरको गोगनेमा पिता गणेशप्रसाद उपाध्याय न्यौपाने र माता उपादेवी न्यौपानेका सुपुत्रका रूपमा उनको जन्म भएको थियो ।

शिक्षित परिवारमा जन्मिएका न्यौपानेको पारिवारिक तथा वाल्यावस्था सुखमय थियो । उनले पाँच वर्षको उमेरबाट शिक्षादीक्षाको यात्रा प्रारम्भ गरेका थिए । पूर्वीय तथा पाश्चात्य साहित्यजगत्का ज्ञाता न्यौपानेले २०२५ सालमा त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा स्नातकोत्तर र २०२७ सालमा संस्कृततर्फबाट साहित्य विषयमा आचार्य तह उत्तीर्ण गरेका थिए । न्यौपानेले सम्पूर्ण जीवन अध्ययन र अध्यापनमा नै बिताए । उनको सम्पूर्ण जीवन नेपाली भाषा, साहित्य, कलाको उन्नयनमा नै बितेको पाइन्छ । नेपाली भाषाको विकासमा उनले विशिष्ट योगदान दिएका छन् । उनी भाषा, साहित्य र अध्ययन-अध्यापनभन्दा बहिर कहिलै पनि गएनन् । देश, भाषा, संस्कृति, इतिहास, पहिचान र पुर्खाहरूको योगदानलाई कदर नगर्नेहरू कहिल्यै पनि असल नागरिकको कोटिमा पर्नसक्दैनन् भन्ने मान्यता राख्ने प्रेरणादायी विचारका धनी न्यौपाने सदा सचेत रहन्थे ।

वि.सं.२०२१ सालमा अरुणोदय मासिक पत्रिकामा 'उनीमा निम्तो' शीर्षकको कविता प्रकाशित गराएर उनी साहित्यलोकमा प्रवेश गरे । भाषासाहित्यको विकास र उत्थानमा सधैँ दत्तचित्तले लाग्नुपर्छ भन्ने विचार भएका न्यौपानेका उत्कृष्ट कृतिहरूमा 'तोतेबोली', ' गाउँ खाने कविता', 'बालसंसार', 'सम्झनाको धरातलबाट', 'हुने बिरुवाका चिल्लापातहरू' आदि थुप्रै प्रकाशित भएका छन् । बालसाहित्य तथा समालोचनाका क्षेत्रमा प्रख्यात न्यौपानेले नेपाली साहित्यजगत्मा दिएको योगदानको कदरस्वरूप विभिन्न पुरस्कारबाट पनि सम्मानित भएका छन् । उनले छिन्नलता गीत पुरस्कार, युवावर्ष मोती पुरस्कार आदिबाट पुरस्कृत हुने अवसर पाएका छन् ।

नेपाली भाषासाहित्यले नै मानिसलाई अमर बनाउँछ । उसको योगदान र निस्वार्थ कर्म नै उसको पहिचान हो, परिचय हो । जो सदासर्वदा अमर रहन्छ । सचेत तथा बौद्धिक व्यक्तित्वका धनी न्यौपाने वि.सं २०६८ पुस २ गते यस संसारबाट सदा सदाका लागि बिदा भए ।

*-रूपेश अधिकारी*

# यसपटक



## ❖ राधिका भण्डारी सापकोटा

वि.सं.२०३४ चैत्र १५ गते माता पवित्रा भण्डारी र पिता पीताम्बर भण्डारीकी सुपुत्रीका रूपमा सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिका वडा नं.२ मा जन्मिएकी राधिका भण्डारी सापकोटाले एस.एल.सी.सम्मको शिक्षार्जन गरेकी छिन्। विभिन्न पत्रपत्रिकामा साहित्यका विविध विधाका फुटकर रचना प्रकाशित गराइरहेकी भण्डारी छन्दसाधनामा रमाउने स्रष्टा हुन्। नेपाली समाजको वर्तमान समयको राजनीतिक, सामाजिक, सांस्कृतिक विसङ्गति, विकृतिलाई सरलताका साथ उजागर गर्ने र रूपान्तरणको ध्वन्यार्थ सन्देश सम्प्रेषण गर्नुका साथै गम्भीर भावसमेत सम्प्रेषण गर्ने स्रष्टा राधिकाका तीनओटा कविता हामीले 'यसपटक' स्तम्भमा समावेश गरेका छौँ।

शार्दूलविक्रीडित छन्दको 'ज्ञानी भए जान्दछौ' शीर्षकको पहिलो कवितामा राजनीतिले दिएका आश्वासन पूरा नभएका, युवापलायन नरोकिएको, उद्योग तथा कलकारखाना बेच्दै बेरोजगार उत्पादन गरेको तर पनि स्वाभिमान बेचेर भोले, चम्चे हुने प्रवृत्ति पटक्कै राम्रो होइन भन्ने चिन्ताभावसहित सबै सबैलाई वेलैमा रूपान्तरण हुने सन्देश सम्प्रेषण गरिएको छ। शिखरिणी छन्दको 'म जन्मेको धर्ती' शीर्षकको दोस्रो कवितामा आफू जन्मेको स्थान, त्यहाँका प्राकृतिक रमणीयता र भव्यताको स्मरण गरिएको छ र अहिले प्राचीन धरोहर मासिँदै गएको र जन्मस्थान नै बिरानो हुँदै गएकोप्रति चिन्ताभाव व्यक्त गरिएको छ, संरक्षणको ध्वन्यार्थ सम्प्रेषण गरिएको छ। शार्दूलविक्रीडित छन्दकै 'छानु नयाँ फेर्नु छ' शीर्षकको तेस्रो कवितामा पनि युवा पलायन भएर खेतबारी बन्जर भएका, बुबाको हिजोको पौरख विलुप्त हुँदै गएको, डलरमा स्वाभिमान बिक्री हुनलागेको र छिमेकीले सीमाना मिच्दै मिच्दै आफ्नै मुलुक पराइ पार्ला कि भन्ने चिन्ता व्यक्त गरिएको छ र युवालाई आफ्नै देश बनाउन र बचाउन स्वदेश फर्किन आह्वान गरिएको छ।

# ज्ञानी भए जान्दछौ

साँच्चै चेतनको छ विद्धत भने आफैँ बने निर्भर
सच्चा मानव भै सफा हृदयले खुट्टा दरीलो गर
झोले हैन सखा तिमी सबल छौ चम्चे बनेका किन ?
जन्मै दास बनेर हुन्न अब ता ज्ञानी भएरै हिन ।

तिम्रो जन्म उमेर व्यर्थ हुन गो खै के मिल्यो इज्जत
राम्रो कर्म भुलेर वर्ष सकिए आफ्नै लियौ हुर्मत
भ्रष्टै भ्रष्ट जमातको सहरमा के शान्ति पाइन्छ र ?
थाप्लामा ऋणको छ है शिरभरी के खान पाइन्छ र ?

खै छैनन् कपडा चिनी र जुटका उद्योग धन्दाहरू
मेट्दै नाम निशान शून्य हुन गो धेरै हराए अरु
अल्पेछन् कपडा सिमेन्ट जुटका खै कारखाना भन ?
खोज्दै काम निमेकको अब युवा खाडी पुगेका छन ।

पुर्खाको पसिना र जुक्ति सकियो किल्ला सरे साँधमा
आमाको अनुहार खुम्चिन गयो बैरी चढे काँधमा
जे जे गर्नु थियो भुल्यौ सब कुरा कर्तव्य त्यो बिर्सियौ
जे जे गर्न निषेध थ्यो त्यही गऱ्यौ ऐले गनायौ सड्यौ !

नारा मात्र रहे विकास समता बाचा भयो व्यर्थको
झुट्टा भाषणमा भुलाइ मनुवा कुम्ला कस्यौ स्वार्थको
खै तिम्रा जनवाद राष्ट्रहितको बाटो बिरायौ किन ?
वेलैमा तिमी सुध्रिए मुलुकको फिर्थ्यो सुनौलो दिन ।

# म जन्मेको धर्ती

म जन्मेको धर्ती मकन अति प्यारो हृदयको
म हुर्केको पाखो पवन वनिता स्वच्छ मनको
ति बारीका कान्ला उपर झरना झर्झर हुने
त्यही प्यारो माटो जब पर हुँदा को छ नरुने !

ति साथीका माया पल पल गहिरा मनभरी
र पौडेका खोला सुख सयरमा छन् वरिपरी
न थ्यो ईर्ष्या डाहा अलिकति कतै निर्मल सधैँ
न सक्थ्यौँ टाढा भै रहन सँगमा क्वै पनि सधैँ ।

कुवाको पानी थ्यो तर अमृतझैँ स्वाद रसिलो
त्यहीँ थ्यो स्वर्गैको अनुपम कला स्वर्णसरिको
ति हावा त्यो पानी अब जहरका खण्डहर भो
ति खोला औ नाला खनि पुरिकनै लौ कहर भो ।

थियो वेला हाम्रो चयन गरियो बालपनको
गयो वेला हाम्रो घर बगलकै दूर परियो
न सक्छौँ चाहेरै उस पल सबै बिर्सिरहनै
न सक्छौँ चाहेरै उस समयमा फर्किरहनै ।

# छानो नयाँ फेर्नु छ

बाबाका श्रमले कुनै समयमा मिल्थ्यो मिठो भोजन
त्यो अर्गानिक खाद्य पान रसिलो उम्दा थियो जीवन
बस्ती रिक्त भए यहाँ दुखदका बारी बन्यो बन्जर
झाडी भो सब खेत नर्कट फुल्यो के धान जौ फल्छ र ?(१)

गौ भैँसीहरु चर्दथे गजबले खर्कैभरी व्यस्त थे
मिल्थ्यो दूध यथेष्ट टन्न घरमै ठेका दहि मस्त थे
मार्सी धान, मकै र मास, गहुँ, जौ, कोदो भकारी भरी
मेलापात रमाउने सँगसँगै आनन्द बेग्लै गरी। (२)

यौटा त्यो इतिहास हो समयको अल्प्यो कतै मन्द छ
ऐले मुस्किलले विषाक्त चिजले रोगी बनी गल्दछ
कर्मै भन्नु फलाक्नु मात्र छ ठुलो नेता हुँदा काइदा
खन्दै खोस्नु त्यो कडा श्रमिकको भन्दा ठुलो फाइदा। (३)

देशै हो कृषिको प्रधान तर खै दायित्व यो राज्यको ?
बाँझो खेत छ खै किसान जनमा उत्साह दुर्भाग्य छ
जोर्छौ हात पचाइ लाज ननिको दुष्टै छिमेकी किन ?
किन्छौ चामल दाल जो छ उसकै दुर्भाग्य यै हो झन। (४)

उर्जावान सबै बिदेसिन पुगे आमा पुगीन् एक्लिन
बाबाको मुटुचाल खस्किन गयो रोगी भए दिन् दिन
खानै पर्दछ अन्न त्यो डलरमा लाखै कमाए पनि
ठेला उठ्छ उही पराइहरुको बेल्चा उठाए पनि। (५)

आमाझैँ ममता सप्रेम अरूको के पाउँछौ निर्मल ?
निष्ठा त्याग छ भोक प्यास सहँदै  छन हे! सधैँ दुर्बल
बाबा काँध चढाइ त्यो शिखरको बाटो खुलाइदिने
तिम्रा ज्ञान विवेकको चहकिलो सत्मार्ग कैले छुने ? ।(६)

हाम्रो स्वाधिनता मिची डलरले भाइ लडाई रह्यो
झोसे अग्नि निमेषमै कपुतले आस्था खरानी भयो
फर्की आउ स्वदेशका जनहरू छानो नयाँ फेर्नु छ
काँडेतार लगाइ साँध गतिलो रक्षार्थमा जुट्नु छ। (७)

❖ देवराज विश्वकर्मा

# दलितले मात्रै आरक्षण पाएका हुन् भनिनु गलत छ

**'दलित समुदायमा महिलाको अवस्था' विषयक लघु अनुसन्धानका निम्ति राष्ट्रिय दलित आयोगका अध्यक्ष श्री देवराज विश्वकर्मासँग नर्मदेश्वरी सत्याल र शान्ता मानवीद्वारा लिइएको अन्तर्वार्ता हामीले यहाँ समावेश गरेका छौँ । 'दलित समुदायमा महिलाको अवस्था' विषयक लघु अनुसन्धानका निम्ति राष्ट्रिय दलित आयोगका अध्यक्ष श्री देवराज विश्वकर्मासँग नर्मदेश्वरी सत्याल र शान्ता मानवीद्वारा लिइएको अन्तर्वार्ता हामीले यहाँ समावेश गरेका छौँ ।**

***प्रश्नः मानिसलाई किन 'दलित' भनी सम्बोधन गरिएको हो ?***

***देवराजः*** मानिसलाई 'दलित' भनी सम्बोधन नगर्नुपर्ने हो । मानिसका रूपमा सम्बोधन गरे त भइहाल्छ नि भन्ने लाग्नसक्छ कतिपयलाई । के समाजमा सबै मानिसलाई गरेजस्तै सम्बोधन गरेर पुग्छ त ? आम मानिसको सम्बोधनले आम मानिसको दर्जा नपाएकाहरूलाई सम्बोधन गर्नसक्दैन । जो जातका आधारमा हेपिएका, चेपिएका र चौतर्फी बहिष्करण पारिएका छन्, संरचनागत लाभ लिनबाट वञ्चित गरिएका छन् उनीहरूका लागि यो शब्द आवश्यक परेको हो । जातीय सोच, मूल्यमान्यता, रीतिरिवाज र परम्पराले खडा गरेको असमानताको पर्खालले यो शब्दको सिर्जना भएको हो । जातीय विभेद अन्त्य भएको दिन यो शब्दको सम्बोधन जरुरी पर्दैन ।

***प्रश्नः दलित शब्दको औचित्य के हो ?***

**देवराजः** राज्यव्यवस्था र समाजले जबसम्म विभेद, असमानता, उचनीचको भावनालाई संरक्षण गरिरहन्छ तबसम्म 'दलित' शब्दको औचित्य रहिरहन्छ । जातीय उत्पीडनको अनन्त शोषण, दमन भोगेकाहरूलाई अछुत भन्नु, नीच जाति भन्नु, तल्लो जात भन्नु, पानी नचल्ने जात भन्नुको सट्टामा यो शब्द आएको छ । आजभन्दा केही दशकअघिसम्म 'दलित' भनेर आज भनिएकाहरूलाई दिने शब्दहरूले सम्बोधन गरिन्थ्यो । ती शब्दहरूका विकल्पमा

यो शब्दले सम्बोधन गरेको छ । व्यवहारमा परिवर्तन नभए पनि हिजो कामी, दमाईं, सार्की, गाइँने, बादी, मुसहर, डोम, चमार आदिलाई सम्बोधन गर्ने साझा शब्द बनेको छ - 'दलित' । विभेदविरुद्ध सशक्त आबाज उठाउने शब्दको नाम हो - दलित । विभेद रहेसम्म यस शब्दको औचित्य रहन्छ । विभेद अन्त्य भएको दिन 'सती'जस्तै शब्द मात्र रहने छ, अर्थ सकिने छ।

***प्रश्नः शूद्र र दलित एकै हुन् त ?***

**देवराजः** नेपालमा शूद्र र दलित एकै हुन्। कथित धार्मिक शास्त्रमा त्यस्तो परिकल्पना नगरिएको भए तापनि धार्मिक पण्डाहरूले त्यस्तै परिभाषा लगाइरहेका छन्। मान्छेको जात मानव हो, धर्म मानवता हो, भाषा प्रेम र करुणा हो तर फलानो परिवार, फलानो जात, फलानो परिवार, फलानो जात भन्ने कुरा सायद हिन्दु सम्प्रदायमा जस्तो अन्यत्र छैन होला । जन्म र कर्मका आधारमा असल र खराब पर्गेल्ने कुरा सायद शास्त्रको अभिष्ट होला । हिन्दु धर्मग्रन्थहरूमा जसलाई शूद्र भनिएको छ तिनीहरूलाई नै जातीय उत्पीडनको व्यवहार गरेको हुँदा दलित र शूद्र फरक हुन् भन्ने अवस्था नै रहेन।

***प्रश्नः किन शूद्रलाई अछुत मानिएको होला ?***

**देवराजः** सायद यो प्रश्नको उत्तर धार्मिक पण्डितहरूबाट अपेक्षित रूपमा आउँथ्यो होला। विश्व मानव जातिको सभ्यता, परम्परा र इतिहास हेर्दा जसले कठिनतम् काम गर्छन् उनीहरूलाई यसरी अपमानित गरिँदैन। त्यस्ता सभ्यताहरूले आफूलाई विकसित तुल्याएका छन् । काम गर्ने कालु मकै खाने भालु भनेझैँ सिन्को नभाँच्नेहरू सम्भावित ठुलाबडा, काम गर्नेहरू अछुत ! यसको जड दलित भन्ने/भनाउनेहरूलाई सोध्नुपर्ला।

***प्रश्नः दलितभित्र शुद्र पर्छन् कि शूद्रभित्र दलित ?***

**देवराज** : दलित र शूद्र हाम्रा परम्परा, मूल्यमान्यताहरूले एकअर्काका पर्यायवाची शब्दका रूपमा व्यवहार गरेपछि दलितभित्र शूद्र पर्छ भन्नु कि शूद्रभित्र दलित पर्छ भन्नु ?

***प्रश्नः वर्णाश्रम धर्मअनुसार ब्राह्मण, क्षत्री र वैश्यलाई चाहिँ किन दलित नभनिएको होला ?***

**देवराजः** वर्णाश्रम धर्म कुनै धर्म पनि होइन र सभ्यता पनि होइन । विसङ्गत सामाजिक व्यवस्था हो वर्णाश्रम धर्म (कथित)। विभेदकारी सामाजिक व्यवस्थामा ककसले आफूलाई के भने भन्ने भन्दा पनि महत्त्वपूर्ण सबाल कसलाई सबै प्रकारका स्रोतबाट वञ्चित गरियो भन्ने हो । जससँग श्रम र सिप थियो उनीहरू राजनीति (धार्मिक)मा शक्तिशाली नहोउन् भनेर विसङ्गत मानसिकता भएकाहरूले श्रमिकहरूलाई दलित बनाएको कुरा घामझैँ छर्लङ्गै छ।

***प्रश्नः हिमाल, पहाड र तराईमा कुन कुन जातिलाई दलित शब्दले सम्बोधन गरेको छ ?***

**देवराजः** हिमाल, पहाड र तराईका तपसिलका समुदाय दलित समुदाभित्र सूचीकरण गर्न प्रस्ताव गरिएको छ।

**तपसिल**

**क) हिमाल–पहाड**

१. विश्वकर्मा, २. परियार, ३. मिजार, ४. वादी, ५. गन्धर्व गाइँने), ६. च्यामे, ७. पोडे

**ख) तराई (मधेसी दलित समुदाय)**

८. कलर, ९. ककैहिया, १०. कोरी, ११. खटिक, १२. खत्वे मण्डल, खङ्ग), १३. चमार राम, मोची, हरिजन, रविदास), १४. चिडिमार, १५. डोम मरिक), १६. तत्मा ताँती, दास), १७. ढाँटी, १८. धरिकर/धन्का, १९. धोवी रजक, हिन्दु), २०. नटुवा २१. पासी, २२. बाँतर, २३. मुसहर, २४. मेस्तर हलखोर), २५. सरभङ्ग सरवरिया), २६., बरही, बैध, बैज, नट, राली, २७. दुसाध पासवान, हजरा)

***प्रश्नः विशेष गरेर दलितहरूले कुन धर्म मान्ने गर्छन् ?***

**देवराजः** दलित समुदायले यही धर्म मान्दछन् भन्ने छैन । जहाँ जहाँ जुन जुन समुदायको सम्पर्कमा बसोवास गऱ्यो, उनीहरूकै सिकोअनुसारको धार्मिक अनुशासन पालना गरेको देखिन्छ । सबै प्रकारका आर्थिक स्रोत र ज्ञानबाट वञ्चित गरिएको हुँदा दलितहरूको फलानो धर्म आफ्नो धर्म हो भन्ने अवस्था छैन । तथापि उनीहरू हिन्दु धर्मावलम्बी नै हुन् । हिन्दु धर्मका अनुयायीहरूले जस्तो सांस्कृतिक अनुष्ठान गर्छन् दलितहरूले पनि त्यस्तै सांस्कृतिक अनुष्ठान गर्ने हुनाले उनीहरू हिन्दु होइनन् भन्न सकिन्न । हिन्दु धर्मभित्र हिन्दुको हैसियत नपाएका मान्छेहरू दलित समुदाय हुन् ।

***प्रश्नः दलितभित्र पनि दलित छन्, पानी बाराबार छ भनिन्छ, के यो साँचो हो ? हो भने किन ?***

**देवराजः** हिन्दु वर्णाश्रम व्यवस्था यस्तो विसङ्गत व्यवस्था रहेछ- हरेक अमूक वर्णहरू कोहीभन्दा माथि हुनुपर्ने र कोहीभन्दा तल हुनुपर्ने । सबैभन्दा माथिल्लो शिखरमा उपाध्याय ब्राह्मण र त्यसभन्दा तलका सिँढीमा अमुक-अमुक वर्णहरूको व्यवस्था गरेको हुँदा शूद्र वर्ण बनाइएका दलितभित्र पनि छुवाछुत, उचनीचको दुर्भावना छैन भन्ने अवस्था छैन । छुवाछुत छ, उचनीचको भावना छ । त्यसको स्रोत वर्णाश्रम धर्म (व्यवस्था) नै हो । राज्यले कानुन बनाएर फलानो वर्ण ठुलो, फलानो वर्ण सानो, फलानोदेखि फलानोसम्मको यो श्रेणीयुक्त व्यवस्था कार्यान्वयन गर्नू, नगरेको खण्डमा यो यो दण्डसजायको व्यवस्था हुने छ भनेर सिकाएपछि दलितहरूले पनि त्यस वेलाको कानुनको अनुसरण गरेका हुन् तर दलितलाई गैरदलितले तोकिएका व्यवस्था उल्लङ्घन गरेको भनेर दलितलाई हत्या गर्ने अनन्त शृङ्खला अद्यापि जारी छ । कुनै दलितले अर्को दलितलाई वर्णाश्रम व्यवस्थाको उल्लङ्घन गरेको भनेर सायदै हत्या गरेको पाइएला । त्यसैले गैरदलितले दलितमाथि थोपरेको छुवाछुत र दलितभित्रको छुवाछुत वा वर्णाश्रम व्यवस्था समान होइन ।

***प्रश्नः दलितहरू कहाँ, कसरी, के व्यवसाय गरेर बसेका छन् ?***

**देवराजः** दलित समुदाय देशका सबै भूगोलमा अनेकौँ पेसा व्यवसाय गरेर बसेका छन् । धातुजन्य सबै पेसा, कपडाजन्य सबै पेसा,

काष्ठ तथा बाँसजन्य सबै पेसा, छालाजन्य सबै पेसा दलित समुदायले नगण्य श्रममूल्यमा गर्दै आएका छन् ।

***प्रश्नः दलित समुदामा धर्म संस्कारको पालना गराउने पुरोहितका रूपमा को रहन्छ ?***

**देवराजः** दलित समुदायभित्र धर्म संस्कार पालन गराउने कोही पुरोहित हुँदैन । दलित समुदायका चेलीबेटी बिहे गरेका इष्ट (चेलीका बाबुआमापट्टिकालाई माइती मानिन्छ भने चेली बिहे गरेर लिने पक्ष अर्थात् दुलाहापट्टिकालाई इष्ट मानिन्छ)हरूले नै दलित समुदायका पुरोहितका रूपमा धर्म संस्कारसम्बन्धी सबै काम गर्ने गर्छन् ।

***प्रश्नः प्रायः दलितहरूलाई सिनो खुवाउने प्रचलन थियो भनिन्छ ? किन सिनो खाना स्वीकार गरिएको होला ?***

**देवराजः** दलितहरूलाई सिनो मात्र होइन, शोषणको शृङ्खला अनन्त कायम राख्न सकियोस् र दलितहरूलाई कमाराकमारी, दासरैतीका रूपमा सधैँ काम लिन सकियोस् भनेर असङ्गत (विसङ्गत) मानसिकता बोकेका मान्छेहरूले सबै प्रकारका अस्वस्थकर वस्तु खान बाध्य पारे । धार्मिक कानुनदाता मानिएका मनुस्मृतिले त शूद्रले कमाएको सम्पत्ति लुट्नू भन्ने कुरा सिकाएकै थियो । पछि आएर सिनोलगायतका सबै प्रकारका अस्वस्थकर खाना खान बाध्य पारेपछि दलितको अवस्था झन् कस्तो रहेछ भन्ने कुरा जगजाहेर नै छ ।

***प्रश्नः किन अन्यायमा पर्दा पनि शूद्र दलितहरूले एक मत भएर सङ्घर्ष गरी न्याय प्राप्त गर्ननसकेका हुन् ?***

**देवराजः** वर्णाश्रम व्यवस्था भनेको यस्तो व्यवस्था रहेछ कि कोही कसैसँग नजिक नहोस् । यस प्रकारको विभाजनको विष रोपेको छ वर्णाश्रम व्यवस्थाले । अन्यायमा पर्नेहरूलाई तिमी फलानोभन्दा ठुलो भनिदिएको छ, अर्कोलाई फेरि तिमी फलानो वर्णभन्दा ठुलो भनिदिएको छ । यसरी सबै सबैसँग सानो वा ठुलो भन्ने भएपछि अन्यायमा परेकाहरूलाई पनि मिल्न र न्यायपूर्ण आबाज उठाउन कठिन बन्दो रहेछ । नेपालका दलितहरूले यही अवस्था भोगिरहेका छन् ।

***प्रश्नः के दलितहरूले गैर दलितहरूसँग नाताकुटुम्ब कायम गरेका छन् ?***

**देवराजः** 'वसुधैव कुटुम्बकम्' भन्ने कुराले हामीलाई सन्देश दिन्छ कि हाम्रा पुर्खाको आदिस्रोत एउटै हो । हाम्रो गोत्र नश्ल एउटै हुँदा पनि कुटुम्बको स्थान दिइएको छैन । हाम्रा पुर्खाहरू एउटै थिए भन्ने कुरा त सार्वभौम नै भइहाल्यो । त्यसका अतिरिक्त आजका दिनमा पनि मायाप्रेममा परेर छुट्टिननसक्नेहरूले जोडी बाँधेका छन् र नाताकुटुम्ब कायम गरेका छन् तर गैरदलित समुदायको विसङ्गत मानसिकताको कारणले सामाजिक मान्यता पाउन सकेका छैनन् ।

***प्रश्नः दलित परिवार वा समुदायभित्र महिलाहरूको अवस्था कस्तो देखिन्छ ? प्रायः दलित महिलाहरूको दिनचर्या कसरी बित्ने गरेको छ ?***

***देवराजः*** दलितभित्र दलित महिलाको अवस्था कहालीलाग्दो छ । दलित पुरुषले भोग्नेभन्दा कैयौँ गुणा बढी शोषण र बहिष्करण उनीहरूले

बेहोरेका छन् । सबै प्रकारका सामर्थ्ययुक्त अवसरहरूमा उनीहरूलाई निषेध गरिएबाट हामी सहजै अनुमान लगाउन सक्छौं कि उनीहरूले बाँचेको जीवन कति दर्दनाक होला । त्यस्तो भयावह जीवन बाँचिरहेका दलित महिलाको जीवन अथवा दिनचर्या कस्तो होला ? शब्दमा वर्णन गर्न सकिने कुरा होइन।

***प्रश्नः प्रायः दलित महिला पछि पर्नुका कारण के के हुन् ?***

**देवराजः** आर्थिक, सामाजिक र सांस्कृतिक बहिष्करण नै दलित महिला पछि पारिनुका मुख्य कारण हुन्।

***प्रश्नः दलित महिलाहरूको शिक्षा र स्वास्थ्यमा कस्तो पहुँच रहेको छ ?***

**देवराजः** आर्थिक स्रोतमा पहुँच नभएका कारणले हाम्रोजस्तो देशमा न शिक्षामा पहुँच हुन्छ न स्वास्थ्यमा । दलित महिला यी दुबै सामर्थ्यमा कमजोर छन्। शिक्षा तथा स्वास्थ्यका सूचकहरूमा दलित महिलाको स्थान पिँधमा छ।

***प्रश्नः वर्तमानकालीन अवस्थामा दलित समुदाय र विशेष गरी महिलाहरूका लागि सरकारी संयन्त्रबाट कस्तो भूमिका निर्वाह गर्नुपर्ने देख्नुहुन्छ ?***

***देवराजः*** दलित समुदाय र दलित महिलाहरूको विकासका लागि सरकारी संयन्त्रले आएपछि सेवा दिने वर्तमान प्रणालीमा सुधार गर्दै खोजेर सेवा दिने प्रणालीको विकास गर्नुपर्दछ। दिगो विकास लक्ष्यको आदर्श वाक्य ूभिबखभ लय यलभ दभजष्लमू (कसैलाई पछि नछोडौं) भन्छ तर हाम्रा सरकारी संयन्त्रहरूले जनतालाई सेवा दिनका लागि हामी राज्यका प्रतिनिधि हौँ भन्ने कहिल्यै सोच्दैनन् र छुटेकाहरूलाई कहिल्यै खोज्दैनन्। खोजेर उनीहरूलाई परेको पिरमर्कामा सहजीकरण गर्ने प्रणालीको विकास गर्नसके राष्ट्रिय मूलधारमा दलित र दलित महिलाहरूलाई ल्याउन सकिन्छ।

***प्रश्नः नेपाली समाजमा अन्य वर्णका जातिहरूमा जस्तै शूद्र वा दलितहरूमा पनि पुरुषसत्ता हाबी हुने गरेको छ ?***

**देवराजः** अवश्य नै छ। अन्य वर्णमा झैं दलित समुदायमा पनि पुरुषसत्ता हाबी छ। यस अर्थमा गैरदलित महिलाहरू र दलित महिलाहरूलाई गर्ने शोषण दमनमा तात्विक भिन्नता छैन।

***प्रश्नः दलित र गैरदलितहरूको कर्मकाण्ड, तीर्थव्रत एकै किसिमको हुन्छ ? हुन्छ भने किन ? र हुँदैन भने किन ?***

**देवराजः** दलित र गैरदलितले गर्ने कर्मकाण्ड, तीर्थव्रतमा केही समानता र केही भिन्नताहरू छन् । दलित समुदायका लागि कुनै पुरोहित चाहिँदैन । भान्जा अथवा ज्वाइँ भए पुग्छ भने गैरदलितहरूका लागि पुरोहित अनिवार्य देखिन्छ । कतिपय दलितहरूका देवता भावनात्मक भएको देखिन्छ। कुनै मूर्ति नराखी नामले पुकारिन्छ भने गैरदलितका आस्थाका देवता सबै मूर्तिकृत भएको देखिन्छ। कतिपय अवस्थामा तीर्थव्रतमा समानता पनि छन्।

***प्रश्नः के तपाईँ दलित शब्दप्रति सहमत हुनुहुन्छ ?***

**देवराजः** दलित शब्दप्रति असहमत

हुनुपर्ने कारण के छ र ? असहमत हुनुपर्ने त व्यवहारप्रति हो । जबसम्म हामीलाई यी यी पहिचान भएकाहरू अछुत हुन्, पानी नचल्ने हुन्, यिनीहरू तल्लो जात हुन् भनेर फरक व्यवहार गरिन्छ तबसम्म यो शब्दको पहिचान आवश्यक पर्छ । अहिले पनि कतिपय समाज र व्यक्तिहरूले छुवाछुत गर्दैनन्, उचनीचको दुर्भावना छैन र उनीहरूलाई यो शब्द हुनु र नहुनुको अन्तर छैन । जातिको उच्चताको मानसिकताले हिंसा जन्माउँछ भन्नुको अर्थ दलित शब्दको सिर्जना गराउँछ । यो शब्दको जन्म हामी ठुला जाति, हामी यस्तो यस्तो संस्कृति भएका, यो यो आचरण भएका भनेर भन्नेहरूले नै दलित शब्द जन्माएका हुन् भन्दा फरक नपर्ला । राम्रो संस्कार, संस्कृति, आचरण त सबै मानव जातिको हुनुपर्ला कि अमुक अमुक कुलघराना, जाति, थरीको ? हाम्रो हालसम्मको अवस्था त त्यस्तो छैन । उच्च आसनमा बस्न, राम्रो शिक्षा आर्जन गर्न, धेरै धनसम्पत्ति आर्जन गर्न त फलानो फलानो थर जात मात्र अधिकार हो भन्ने मान्यता छ नि त । यो मान्यता खण्डित भएको अवस्था छैन । यो अवस्था रहनुको अर्थ दलित बनाइँनु हो । कोही कसैलाई दलित बन्न सायदै रहर लाग्ला । मन्दिरमा पूजा गर्दा अङ्गभङ्ग हुनुपरेको, विद्यालयमा शुल्क बुझाउन नसक्दा निकालिनुपरेको, धारामा पानी भर्दा कुटाइ खानुपरेको, जोडीले बिहे गर्दा जात नमिलेको भनेर मारिनुपरेको रहरले होला र ? समाजको पछौटे मानसिकताले यी सबै भएका हुन् र त्यसको परिणति दलित बनाइनु हो । दलित भन्नुको अर्थ राज्यका सबै अङ्गमा कब्जा जमाएकाहरूले मान्छे बन्न दिएका छैनन् भन्ने हो । अझै पनि दलितहरू मानव बन्ने हकबाट वञ्चित छन् ।

***प्रश्नः जहाँ गरिब त्यहाँ हरिप भन्ने लोकोक्ति पाइन्छ, के गरिब मात्र हरिप हुन्छन् भन्ने छ ? किन यसरी हेपेर भनिएको हो ?***

**देवराजः** यी लोकोक्तिका बारेमा मलाई थाहा छैन ।

***प्रश्नः दलित शब्दले सुन्दैमा जो कोहीलाई मनोसामाजिक प्रभाव पार्छ भने फेरि दलित आयोग भनी किन नामकरण गरिएको होला ?***

**देवराजः** दलित शब्दले मनोसामाजिक रूपमा नकारात्मक अर्थ दिँदैन । मनुस्मृतिले समाज र सभ्यतालाई कति गम्भीर नोक्सानी गर्‍यो भन्ने कुरा यो सानो कुराकानीमा विमर्श गर्न सम्भव नहोला । आधुनिक शासनकालकै कुरा गरौँ । वि.सं.१९१० को मुलुकी ऐनको कुरा गरौँ । यो यो जात थर भएकाहरूले यो यो काम गर्ने, यो यो काम गर्न यो यो जात थर भएकाहरूलाई निषेध गरिएको छ भनेर राज्यका तर्फबाट कानुन बनाएर ११० वर्षसम्म लागू गरेको हुनाले राम्रो काम गर्न आज दलित बनाइएकाहरूले १. शिक्षा आर्जन गर्न पाएनन्, २. सम्पत्ति राख्न र आर्जन गर्न पाएनन्, ३. राज्यका सबै अङ्गमा सेवा गर्न वञ्चित गरिए । यसर्थ हिजो बहिष्करण गरिएकाहरूलाई आज सकारात्मक उपचारमार्फत मूलधारमा ल्याउन संविधानमा विशेष व्यवस्था गरिएको छ । संरक्षण र परि पूरणको नीति अवलम्बन गरिएको छ । सरदर नेपालीको आयुलाई हेर्दा ११० वर्षमा ४ पुस्ताको


जीवन चल्दो रहेछ। राज्यले अमुक जातिको ४ पुस्ता ध्वस्त पारिदियो र ब्राह्मण जातिलाई त्यसको क्षतिपूर्ति अहिले गरिएका संरक्षणका नीतिले हुँदैन। यो त गम्भीर रोगको बिरामीलाई सिटामोल दिएजस्तो मात्र हो । दलितको विषयलाई नकारात्मक रूपमा लिनेहरू हिंस्रक मनोविज्ञान भएका मान्छेहरू हुन्। हामी घरको बालक र वृद्धलाई विशेष संरक्षण गर्छौं त्यसले मनोसामाजिक रूपमा नकारात्मक अनुभूति गराउँदैन बरु सभ्यताको अनुभूत गराउँछ त्यस घरलाई। दलितको विषयमा पनि त्यस्तै हो। रोग निको नहुन्जेल उपचार चाहिने हो । अझसम्म पनि दैनिक रूपमा दलितमाथि गम्भीर प्रकृतिका हिंसा भइरहेका छन्। यस मामिलामा राज्यका संयन्त्रहरूलाई आवश्यक ध्यानाकर्षणका लागि संवैधानिक रूपमा स्थापित राष्ट्रिय दलित आयोग गठन भएको छ। यस संस्थाप्रति सन्देह प्रकट गर्नु किमार्थ जायज लाग्दैन। नेपालीमा एउटा भनाइ छ, 'चोरको खुट्टा काट्' भन्दा चोरलाई नै त्रास हुन्छ। साधुलाई हुँदैन। दलितको विषयले विभेदकारी मानसिकता भएकाहरूलाई मात्र पोल्छ। समानता र समताको भावना भएकाहरू, अविभेदका पक्षपातीहरूलाई यो शब्दले खासै फरक पार्दैन।

***प्रश्नः दलित र गैरदलित एकछत्र हुन के गर्नुपर्छ ?***

**देवराजः** दलित र गैरदलित एकबद्ध हुन गैरदलितले विभेदको मानसिकता हटाउनुपर्छ । गैरदलितकै कारण यो समस्या आएको हो । मान्छेको जात मानव हो भन्ने बुझेको दिन दलितसम्बन्धी सबै व्यवस्था निरर्थक हुने छन्। समस्या गैरदलित समुदायमा छ तर हामीले दोष दलितलाई दिइरहेका छौं । समाजलाई एकताबद्ध र प्रगतिउन्मुख हुनबाट रोक्ने काम त गैरदलितको व्यवहारले गरिरहेको छ।

***प्रश्नः दलित आरक्षणका सम्बन्धमा यहाँको धारणा के छ ?***

**देवराजः** वि.सं.१९९० को मुलुकी ऐनपूर्व र त्यसपछि २०२० सालसम्म राज्यका सबै अङ्गमा अमुक अमुक जातिहरूको एकलौटी आरक्षण थियो। त्यहाँ कुनै योग्यताको औचित्य थिएन। अमुक कुल वंशमा जन्मनु स्वतः योग्य हुनु र कुनै कुल वंशमा जन्मनु स्वतः अयोग्य हुनु थियो। २०६४ पूर्व दलित भनिएकाहरूले राज्यको सेवा गर्ने ढोका पूर्ण रूपमा बन्द थियो । झन् १९१० अघिको अवस्था कति कहालीलाग्दो थियो होला ? लिखित कानुनमै फलानो फलानो जातले मात्र देश चलाउने भन्ने कुरा एकलौटी आरक्षण होइन र ? त्यो एकलौटी आरक्षण खाने व्यवस्थालाई १५४ वर्षपछि मात्र सच्च्याइयो। १५४ वर्षको क्षति १७ वर्षले पूरा गर्छ र ? दलितले मात्रै आरक्षण लिएको पनि होइन। दतिलले पाएको आरक्षण एकदम जायज छ र आवश्यक छ। आरक्षणको सुविधा मानौं दलितले मात्र पाएका छन् अन्य चाहिँ सबै योग्य हुन् र दलित अयोग्य हुन् भन्ने ढङ्गको वैचारिकी निर्माण गर्नखोजिनु पनि निकै दुःखद छ।



❖ नरेश सक्सेना
ग्वालियर (म.प्र) भारत

# गिर्नु

चिजहरूका गिर्ने नियम हुन्छन्
मनुष्यहरूका गिर्ने कुनै नियम हुँदैनन्
तर चिजहरू केही पनि तय गर्न सक्दैनन्
आफैं गिर्ने बारेमा
मनुष्य गर्न सक्छन्
बच्चादेखि नै यस्ता अर्तीउपदेश मिल्थे
कि गिर्नु छ भने घरमा गिर
बाहिर नगिर
यानि चिट्ठीमा गिर
खाममा बचिरहू
यानि आँखामा गिर
चस्मामा बचिरहू
यानि शब्दमा बचिरहू
अर्थमा गिर।

यही सोचेर गिरैं भित्र
कि औसत कदको म
साढे पाँच फिटभन्दा ज्यादा के गिरूँला
तर कति उचाइ थियो त्यो
कि गिराइ मेरो खत्म हुँदै हुँदैन
चिजहरू गिर्नुको असलियतको पर्दाफास भयो
सत्रौं शताब्दीको मध्ये
जहाँ पिसाको टेढो मिनारको आखिरी सिँढी
चढ्छ ग्यालिलियो र चिच्याएर भन्छ–
"इटलीका मान्छेहरू!
अरस्तुको कथन छ कि भारी चिज तेज गतिले गिर्छ
अनि हलुका चिज बिस्तारै बिस्तारै
तर अहिले तपाईंहरू अरस्तुको यो सिद्धान्तलाई नै
गिर्दै गरेको देख्नुहुने छ
गिर्दै गरको देख्नुहुने छ, फलामका गरुङ्गा गोला
अनि चराका हलुका प्वाँख र कागजलाई
एकै साथ, एकै गतिले
गिरिरहेको देख्नुहुने छ
तर सावधान!
हामीले यिनीहरूलाई
हावाको हस्तक्षेपबाट मुक्त गर्नुपर्ने छ..."
अनि फेरि यस्तो उसले गरेर देखायो
चार सय वर्षपछि
कसैले कुतुबमिनारबाट
चिच्याएर भन्नु आवश्यक छैन
कि कस्तो छ आजको हावा
अनि कस्तो छ यसको हस्तक्षेप
कि चिजहरूको गिर्ने नियम
मनुष्यहरू गिर्नुमा लागू भयो
अनि मान्छे
हरेक कद र हरेक वजनको मान्छे
यानि
हामी र तिमीहरू
एकै साथ
एकै गतिले

एकै दिशामा गिरिरहेका
दृश्य देखिरहेका छौँ
त्यसैले भनिरहेको छु कि
ध्यान दिएर हेर, आफ्नो चारैतिर
चिजहरूको गिराइ
र गिर
गिर जसरी गिर्छ हिउँ
अग्ला शिखरमा
जहाँबाट मूल फुटछ
मिठो पानी भएको नदीको
गिर प्यासीको गलामा
एक घुट्को जलजसरी
खाली पात्रमा पानीजसरी गिर
त्यसलाई भरिएपछिको सङ्गीतले भर्दै
गिर आँसुको एक बूँद जसरी
कसैको दुःखमा
बलजसरी गिर
खेलिरहेका बच्चाहरूका बिच
गिर पतझरको पहिलो पातजसरी
एक कोपिलाका लागि ठाउँ खाली गर्दै
गाउँदै ऋतुहरूको गीत
"कि जहाँ पातहरू झर्दैनन्
त्यहाँ वसन्त आउँदैन"
गिर पहिलो ईँट जसरी जगमा
कसैको घर बनाउँदै
गिर जलप्रपातजसरी
टरबाइनको पङ्खा घुमाउँदै
अँध्यारोमा उज्यालोजसरी गिर
गिर चिसो हावामा घामजसरी
इन्द्रधनुष बनाउँदै
तर पर्ख
आजसम्म सिर्फ इन्द्रधनुष मात्रै बने
उसको कुनै तीर बनाइएन
गिर उसबाट छुटेको तीरजसरी
बन्जर जमिनलाई
वनस्पति र फूलहरूले रङ्गीन बनाउँदै
वर्षाजसरी गिर सुक्खा धरतीमा
पाकेका फलजसरी
धरतीलाई आफ्नो बिउ सुम्पिदै गिर ।

गिरे कपाल
दाँत गिरे
गिऱ्यो नजर र
स्मृतिका खोकिलाबाट गिरिरहेका छन्
नाम, तारिख अनि सहर र अनुहार...
र रक्तचाप गिरिरहेको छ देहको
तापमान गिरिरहेको छ
गिरिरहेको छ रगतमा
मिकदार होमोग्लोबिनको
उभिएका छौ किन नरेश !
योभन्दा पहिले कि गिरोस् समूचा वजूद
एकपटक
तय गर आफ्नो गिराइ
आफू गिर्नुको सही कारण र समय
अनि गिर कुनै दुस्मनमाथि
चट्याङजसरी गिर
उल्कापातजसरी गिर
वज्रपातजसरी गिर
म भन्छु गिर ।

*(स्रोत : सुनो चारुशिलाबाट)*

*हिन्दीबाट अनुवादः सुमी लोहनी*
*भाटभटेनी, काठमाडौं नेपाल*

❑ कथा

# प्रतीक्षा



❖ माधव चौलागाईं

यो त्यो समयको कुरा हो जुन वेला म बिस वर्षको युवक थिएँ। त्यो सारै मर्मस्पर्शी कुरा थियो त्यसैले पनि अहिले तिस वर्षपछि पनि म त्यो घटना स्पष्टसँग सम्झिरहेको छु। ती कथाका पात्रहरू अहिले पनि मेरो दिलदिमागमा जस्ताको तस्तै जीवन्त छन् त्यसैले त्यस वास्तविक घटनालाई कथाको स्वरूपमा ढाल्ने जमर्को गरिरहेको छु। त्यो वेलाको जस्तो गर्म जोस, उत्साह, अस्पृश्य कोमलता अब यो प्रौढ उमेरमा कहाँ रह्यो र म त्यो वेलाको भावना शब्दमा उतार्न सक्षम हुँला ? यो डर पनि छ मलाई । तर दिलदिमागमा अटेसमटेस गरेर रहेको मिठो तर मेरो अकर्मण्यताले गर्दा तितो बनेको घटनालाई तात्विक निष्कर्षमा पुग्नेगरी लेख्नुपर्छ भनेर फेरि युवाको हृदय बनाएर लेख्ने दुस्साहस गरेको छु।

पूर्वी पहाडको रमणीय जिल्ला इलामको पूर्वीक्षेत्रको एक गाउँमा इञ्जिनियरिङमा इन्टरमेडियट शिक्षा पूरा गरेपछि कामको सिलसिलामा एक वर्षजति बस्ने मौका पाएको थिएँ । इलामको गाउँमा बिताएका ती दिनहरू मेरो जीवनका लागि अति नै महत्त्वपूर्ण थिए । म यहाँ विशेष कामका लागि स्थापना गरेको अफिसमा एक वर्षको करार अवधिका लागि आएको थिएँ र मेरो एक वर्षको समयावधि सकिने वेला हुँदै थियो। त्यही वेला दुईजना युवतीहरू म बसेको घरमा पाहुना बस्न आएका थिए । ती दुबै युवतीहरू मेरो सानो लापरवाहीले अहिले यो कथाका पात्र बनेका छन्। यदि त्यो लापरवाही नगरेको थिएँ भने मेरो जीवनले अर्कै मोड लिन पनि सक्थ्यो।

सूर्यास्त बडो रमाइलोसँग देखिने यो गाउँमा त्यही वेलामा आएका सत्र-अठार वर्षका देखिने ती युवतीहरू पनि सूर्यास्त वेलाका सूर्यकै जस्तो रातो, कोमल अनुहार भएका सुन्दर थिए । मैले उनीहरू बाँसको झाङमा सारौ कराएझैं कराउँदै, आउँदै गरेको कोठाको झ्यालबाट बिरालोले मुसाको सिकार गर्न पोजिसन मिलाएझैं गरेर लुकेर हेरेको थिएँ।

ती युवतीहरू औसत नेपालीहरूभन्दा अग्ला र मोटाघाटा थिए। युवतीहरू फेसनका सौखिन हुन्छन् । उनीहरू पनि त्यस्तै लाग्थे । टाइट निलो जिन्स पाइन्ट र सेतो टिसर्ट लगाएका उनीहरूले काँधसम्म आउनेगरी कपाल काटेका

थिए जुन बाटुलो गोरो अनुहारमा खुबै म्याच गरेको थियो। फेरि पनि म कोठामै बसिरहेँ। उनीहरू मितआमा भन्दै बोलाउँदै घरभित्र छिरे र के के गरेर भित्रै बसिरहे। बेलुकी खाना खाने वेलामा मात्र हामी तीनैजना सँगै भयौँ। म त्यति खुल्ने मानिस होइन त्यसैले पनि उनीहरूसँग बसेर खाना खान मलाई बडो असहज महसुस भइरहेको थियो। उनीहरू भने घरबेटी आमासँग गफ गर्दै खाना खाँदै थिए। मैले केही समय त चुपचाप उनीहरूको गफ सुन्दै खाना खाँदै गरेँ। मलाई उनीहरूसँग लामो समय बिताउन त्यति सहज लागिरहेको थिएन त्यसैले म जतिसक्दो छिटो खाना खाएर उठ्न चाहन्थेँ। गफकै सिलसिलामा मेरी घरबेटीआमा ती युवतीहरूमध्ये एकजनाकी मितआमा थिइन् भन्ने मैले थाहा पाएको थिएँ। उनीहरू पूर्वीया लबजमै उनलाई मितआमा पुकारिरहेका थिए। त्यो खाना खाने छोटो समयमा मैले उनीहरूका बारेमा धेरै कुरा थाहा पाएँ। उनीहरू छिमेकी देश भारतको दार्जेलिङका थिए। त्यति वेला त्यहाँ पश्चिम बङ्गालबाट छुट्टिएर नयाँ राज्य बनाउन आन्दोलन चलिरहेको थियो। सधैँभरिको आन्दोलन, धडपकड, स्कुल कलेज बन्द, बजार बन्दले जनजीवन कठिन भएकोले त्यहाँ सधैँभरि असुरक्षित हुने उनीहरू बताउँदै थिए त्यसैले उनीहरू कामका लागि नेपाल-भारत सीमाक्षेत्रको नेपाली गाउँमा आएका रहेछन्। उनीहरूले दार्जेलिङको स्कुलमा अङ्ग्रेजी माध्यममा पढेका हुनाले बोर्डिङ स्कुलमा पढाउने काम सजिलै पाएका थिए तर अप्ठ्यारोमा परेर आएको भनेर बोर्डिङ स्कुलका सञ्चालकहरूले शोषण गरेको भन्दै गुनासो पनि गर्दै थिए। घरबेटीआमासँग गफ गर्दै उनीहरू मलाई पनि हेर्ने गर्थे। हेर्न त म पनि उनीहरूलाई हेर्थेँ तर सतर्क भएर। मैले उनीहरूलाई चासो दिएको थाहा नहोस् भन्ने म चाहन्थेँ।

खाना खाएपछि म आफ्नो कोठामा गएँ। उनीहरू भने घरबेटीआमालाई सहयोग गर्नलागे। उनीहरू ठुलो स्वरमा हाँस्दै कुरा गरेको आबाज मेरो कोठासम्म आइपुगेको थियो। केहीबेर त मैले उनीहरूको कुरा सुनेँ त्यसपछि भने राति छिटै सुत्ने बानी भएकोले म छिटै निदाएँ।

बिहान एक किशोरी चियाको कप लिएर लिएर मेरो कोठामा आई, पछि पछि अर्की किशोरी पनि आई र ढोकामा उभिई मानौँ ऊ चिया लिएर आउने किशोरीको चियोचर्चो गर्न आएकी हो। किशोरीले केही नबोली टेबलमा चिया राखेर बाहिरिई। अर्की किशोरी पनि सँगसँगै भित्र गई। कोठामा इलामे चियाको बास्ना बडो तीब्रसँग फैलिएको महसुस भयो। यस्तै चिया हिजोअस्ति पनि यो कोठामा कसैले ल्याउँथ्यो तर आजको चियाको बास्ना मलाई विशेष लागेको महसुस भएको थियो। तर किन ?

चिया खाएर म काममा जान तयार भएँ। म पहिले पनि काममा जान अल्छी गर्ने मान्छे त होइन तर आज झन् स्फूर्ति जागेको थियो। आज मैले सधैँझैँ फिल्ड जाने कपडा नलगाएर आइरन गरेर चिटिक्क पारेको उज्यालो सर्टपाइन्ट लगाएको थिएँ। आज म

यस्तो फुर्तिलो किन भएको छु ? मैले मनमनै आफैँलाई प्रश्न गरेँ र मुस्कुराएँ । म तयार भएर बाहिर निस्कँदै गर्दा ती दुबै युवती र घरबेटीआमा पनि घरबाहिर निस्केका थिए, मानौँ म आज कुनै शुभसाइतका लागि जाँदै छु र उनीहरू मलाई सगुन खुवाउन उभिएका छन् । अरू दिन उकालोओरालो गर्दा सहज हुने हल्का लुगा लगाएर हिँड्ने मान्छे आज औपचारिक पोसाकमा देखेर होला घरबेटीआमा आजको मेरो रूप देखेर मुस्कुराउनुभयो, म लाजले भुतुक्क भएँ र केही नबोली हिँडेँ । टाढा पुगेर फर्केर हेरेँ, उनीहरू आपसमा गफ गर्दै म गएको बाटो नियालिरहेका थिए । मलाई त्यस्तो लागेको हो कि साँच्चै थियो ?

काम सकेर घरमा आउँदा ती किशोरीहरू मेरो कोठामै गफ गरेर बसेका थिए । म आएपछि उनीहरू बाहिर निस्कन लागे । मैले बस्नुहोस् न बस्नुहोस् भनिरहेँ तर मानेनन् । मलाई लाग्यो उनीहरू पनि मजस्तै अन्तर्मुखी छन् । हुन त केटाको कोठामा केटीहरू बस्न असजिलो मान्ने नै भए । खाना खाएर म फेरि कोठामै आएँ । आज दिउँसो कतै जाने कार्यक्रम थिएन त्यसैले फुर्सदमा एउटा उपन्यास पढ्न लागेँ । यो राधा रसाइलीले लेखेको सानो आकारको प्रेमकथा भएको उपन्यास थियो । मजस्तो युवालाई मन पर्ने नै भयो । बडो रूचिका साथ पढेँ । घत लाग्यो र मन परेको कुरा डायरीमा पनि सारेँ । जस्तो कि-‘प्रतीक्षाको घडी कति मिठो हुन्छ, प्रतीक्षामा कति जीवन भावी जीवनको आशामा बाँचिरहेका हुन्छन् ।’ यस्तै यस्तै ।

साँझ घरबेटीभाइलाई लिएर नजिकैको बजारमा गएँ । घरबेटी भाइ पनि बडो रमाइला छन् । विभिन्न कारणले उनले पढ्न पाएनछन् तर सारै बुज्झकी छन् । मेरो जागिरे जीवनको ईर्ष्या पनि गर्छन् । आआफ्नो भाग्यको कुरा हो सर यो सबै भन्दै सन्तोष पनि गर्छन् । मेरा मितबैनीहरू सरलाई कस्ता लाग्छन् ? कुरा चलाऊँ कि भनेर ठट्टा पनि गर्छन् । उनको कुराले म भने रोमाञ्चित भएको छु । उनलाई यसको जानकारी छैन । फर्कने वेलामा त्यस बजारमा भएकोमध्ये राम्रो चकलेट किनेँ । केही मैले खाएँ, केही घरबेटीभाइलाई दिएँ, केही अनायासै पोको पारेर खल्तीमा हालेँ ।

फर्कँदा आँगनमै ती युवतीहरूलाई भेटेँ मानौँ उनीहरू मेरै प्रतीक्षामा थिए । उनीहरू घरमा बस्दा लगाउने घुँडाघुँडासम्म आउने फरक खालको कपडा वानपिसमा अझ सुन्दर देखिएका थिए । मलाई आँगनै उज्यालिएकोजस्तो लाग्यो । बजारबाट हामीलाई के ल्याइदिनुभएको छ भनेर घरबेटीभाइलाई उनीहरूले सोधे, जिस्काएका हुँदा हुन् । मैले त हैन, तिमीहरूलाई सम्झेर सरले चकलेट ल्याइदिनुभएको छ । ल मुख मिठ्याए हुन्छ उसले पनि उनीहरूलाई जिस्काउँदै भन्यो । मैले चकलेट निकालेर दिएँ । आहा कति मिठो ! उनीहरूले मुख मिठ्याउँदै धन्यवाद सर भने । म मुस्कुराएँ मात्र । यसरी उनीहरू एक हप्ताभन्दा बढी यो घरमा पाहुनाको मेजमानीमा बसे । यस अवधिमा म प्रायः काम काम भनेर हिँडि नै रहेँ । उनीहरूसँग नजिकिएर गफ गरिन ।

आइतबार उनीहरू स्कुल भ्याउनुपर्छ भन्दै बिहानै उठे र सफाचट बनेर हिँड्न लागेको मैले भ्यालबाट चिहाएर हेरेँ । उनीहरू जाँदै गर्दा मसँग हामी जाँदै छौँ भनेर एक शब्द पनि भनेनन् । आउँदा जसरी कल्याङमल्याङ गर्दै आएका थिए फर्कँदा त्यस्तो गरेनन् मानौँ उनीहरू निराश भएर फर्कँदै छन् । उनीहरू मसँग बिदावारी पनि नगरी जाँदा मलाई दुःख लाग्यो । पछि फेरि आफैँलाई सम्भाएँ म यसको हकदार थिइन । उनीहरू एकहप्ता यहाँ बस्दा मैले उनीहरूलाई पाहुनाको रूपमा, साथीकै रूपमा पनि के खातिरदारी गरेको थिएँ र मैले आशा गर्नु ? त्यस दिन मलाई घरबेटीआमाले कोठामै ल्याइदिएको इलामेली चियाको बास्ना कोठाभरि नफैलेकोजस्तो लाग्यो । चिया पनि फिका फिका थियो । इलामको चियाको स्वाद फिटिक्कै नभएजस्तो !

यो घटनापछि मेरो मन खल्बलिएको भए पनि त्यसपछिका मेरा दिनहरू मैले नियमित र अनुशासित बनाउने कोसिस गरिरहेँ । जीवनमा अनेक घटना घट्छन्, अतीत हुन्छन् । प्रकृतिले हामीलाई सम्भने कलाभैँ बिर्सने कला पनि दिएको छ । कतिलाई विशेष प्रयासविना बिर्सिइन्छ । कतिलाई बिर्सन विशेष प्रयास गर्दा पनि सकिदैन । अब म छिटै यो गाउँ र जिल्ला छोडेर काठमाडौँ जाँदै छु । त्यसपछि यो घटना मेरो दिलोदिमागबाट बिस्तारै मेटिँदै जाने छ तर अहिले आफूलाई दैनिक काममा व्यस्त राख्नुपर्छ । यो नै जीवन हो ।

त्यो दिन म बिहानै काममा गएर दिउँसो ढिला फर्केको थिएँ । मलाई छिटो घरमा फर्कन किन किन मन भएन । घरमा आउनासाथ घरबेटीआमाले आज सर भोकाउनुभयो भनेर हतार हतार खाना पस्कनुभयो । एक हप्तासम्म सँगै खाना खाएका ती युवतीहरूको अभाव सायद मलाई खट्किएको थियो । मलाई एक प्रकारको नियास्रो लाग्यो । मलाई त्यति भोक थिएन । थोरै खाएर उठेँ । यहाँ पनि घरबेटीआमाले थोरै खाना खाएकोमा ठट्टामिश्रित टिप्पणी गर्नुभयो । म लजाएर हिँडेँ । मलाई कोठा दिउँसै अँध्यारो र शून्य शून्य लाग्यो । म प्रायः दैनिकी लेख्ने गर्छु । विशेष कुरा नभए पनि साहित्य पढेर त्यसमा भएका आकर्षक कुराहरू उतार्छु र आफ्नो अनुभव पनि लेख्ने गर्छु । दैनिकी नलेखेको धेरै दिन भएको थियो । कोठामा गएर यी दिनका अनुभूतिहरू लेख्न डायरी निकालेँ । डायरी उठाएर पन्ना पल्टाउँदै गर्दा त्यहाँ दुईवटा साना टुक्रा कागज भेटेँ । मलाई ती साना टुक्रा कागज विद्यार्थीले परीक्षामा चोर्न लाग्दालाग्दै हतारमा उत्तरपुस्तिकामा चिप्केर रहेको चिटभैँ लाग्यो । ती दुबै चिर्कटामा एकै प्रकारको तर दुईजनाको मेसेज थियो । मेसेजमा आइतबारे बजारमा भेट्न समय र ठाउँ उल्लेख गरेको थियो । एउटा प्रमिलाको चिर्कटो थियो जुन सुन्दर अक्षरमा लेखिएको थियो, अर्कोमा अञ्जान लेखिएको थियो । उसका अक्षर त्यति सुन्दर थिएनन् । अक्षर लेखाइको विपरीत शारीरिकरूपमा भने प्रमिलाभन्दा अञ्जान राम्री लाग्थी मलाई । उपन्यासको मेरो हाइलाइटमा 'के प्रतीक्षा पनि जीवन हो र ? जबाफ पाऊँ भनेर' प्रमिलाले लेखेकी थिई । यसैमा

अञ्जानले 'वास्तवमा जीवन एउटा नटुङ्गिदो यात्रा हो जुन तपाईँको डायरी पढ्दा लेखिदिन मन लाग्यो' भनेर लेखेकी थिई । जुन दिन उनीहरू मेरो कोठामा बसेका थिए त्यही दिन यो मेरो उपन्यासको हाइलाइटमा टिप्पणी लेखेका थिए र चिर्कटोमा लेखेर चिप्काएका थिए होलान् । सधैँभरि दैनिकी लेख्ने या पढेर केही न केही लेख्ने म, उनीहरू यहाँ आएपछि भने अकर्मण्य बनेको थिएँ । मेरो मन एकाग्र हुनै सकेको थिएन । उनीहरूको सुन्दरता र यौवनमा फूलमा मौरी भुलेझैँ भुलेको थिएँ त्यसैले उनीहरूले आइतबारे बजारमा भेट्न गरेको अनुरोध मैले समयमा पढिन र उनीहरूको आशयदेखि बेखबर भएँ ।

ब्रह्माण्डको विकासक्रमलाई हेर्ने हो भने यो समय एक सानो अंश हो तर तिस वर्षको समय एउटा नाशवान शरीर लिएर आएको सृष्टिको अंशलाई लामो समय हो, यो लामो समयमा तन र मनमा धेरै फेरबदल आइसकेको छ त्यसैले यो कुरा र ती युवतीहरू मैले बिर्सिसक्नपर्ने ! तर पनि उनीहरूसँग बिताएका ती दिनहरू मैले अहिले पनि बिर्सिनसकेको छैन । प्रकृतिको क्रूर नियतिले डिमेन्सियाजस्तो रोग लाग्यो भने पनि बिर्सन्न होला । उनीहरूले मेरो डायरीमा चिप्काएका फरक फरक चिर्कटा तर एउटै खाले मेसेजको मतलब के थियो ? मिलोमतोमा भेट्न खोजेका थिए भने दुईवटा चिर्कटोमा लेख्नुनपर्ने र समय र स्थान फरक नहुनुपर्थ्यो । सायद उनीहरू मेरो डायरीमा भेट्ने अनुरोध गरेको चिर्कटो राख्ने वेलामा हतारमा थिए त्यसैले आफ्नै साथीले पहिला राखेको देखेनन् र दुबैले राखे कि उनीहरू मिलेर नै मेरो आशय जान्न चाहन्थे ? यो जे भए पनि उनीहरूले आइतबारे बजारमा मलाई प्रतीक्षा गरिरहँदा केकस्ता रङ्गीन सपना सोचेका थिए होलान् भन्ने कुराले भने मलाई चिमोटेको थियो । मलाई के के भन्ने चाहना बुनेका थिए होलान् ? म नजाँदा उनीहरूलाई कस्तो चोट पऱ्यो होला ? यदि त्यो उनीहरूले लेखेको मैले पहिल्यै पढ्न पाएको थिएँ भने म उनीहरूलाई भेट्न जान्थेँ कि जाँदिन थिएँ होला ? यदि आइतबारे बजारमा उनीहरूलाई भेट्नगएको भए मेरो जीवनको गतिले कुन रूप लिन्थ्यो होला ? आदि प्रश्नै प्रश्न आज पनि मेरो दिलोदिमागबाट हटेको छैन । यी प्रश्नहरू अनुत्तरित नै रहेका छन् । अहिले उनीहरू आफ्नो गृहस्थ जीवनमा रमाइरहेका होलान्, म आफैँ पनि आफ्नो गृहस्थजीवनमा रमाइरहेको छु तर पनि आजपर्यन्त यसको छायाँले मलाई पिछा गर्न छोडेको छैन ।

*नयाँबानेश्वर ।*


**'अविच्छिन्न प्रकाशित भइरहेको**

**साहित्यिक पत्रिका**

**शब्द-संयोजन**

**मासिक' पढनुहोस् ।**



❖ माणिकरत्न शाक्य

## अधकल्चो थिएँ

अधकल्चा थिए मेरा बातहरू
सारा रातहरू अन्धकार देखेँ
बाँचेको थिएँ मूर्दासरि
सारा दिनहरू अन्धकार देखेँ
अधकल्चा थिए...
जिन्दगी एउटा घाइते छ
अधकल्चो भई जिएको वेला
पीडामा दिन जलेको देख्छु
मनमा दुःख सिएको वेला
अधकल्चा थिए...
बाँचिदिन खोजेँ बाँच्न सकिन
मरिदिन खोजेँ मर्न सकिन
दिन ढलेको छ, रात जलेको छ
जिन्दगीको मेरो पल सारा मरेको छ।

## मेरो माया

मेरो माया कुल्ची गयौ
कहाँ छ तिम्रो वास
बाँकी छ है ढुकढुकी
कहाँ छ तिम्रो सास
मेरो माया...

मुटुभरि सजाइराखेँ
तिमीले दिएको घाउलाई
मुटुभरि सजाइराखे
तिमीले दिएको पाउलाई
मेरो माया छोडी गयौ
कहाँ छ तिम्रो वास
मेरो माया कुल्ची गयौ
कहाँ छ तिम्रो सास !

भाग्य मेरो खोटो रेछ
व्यथा मात्रै हात लाग्यो
खोटो रेछ कर्म पनि
कथा मात्रै साथ लाग्यो
कसले बुझ्छ मायालुलाई
कहाँ छ तिम्रो वास
बाँकी छ है ढुकढुकी
कहाँ छ तिम्रो सास !

## सपनाले

सपनाले आई पोलिदिन्छ
विपनाले आई बोलिदिन्छ
सपनाले...

सकिन मैले सहन
मुटु मेरो जलिदिन्छ
छटपटिई रोए दिन
सपना बनी छलिदिन्छ
सपना...

सकिन सपना देख्न
जलेको जीवन देख्न
सकिन सपना देख्न
मरेको अरू देख्न
सपना...

सपनाबिच उठिदिँदा
छाती मेरो दुखिदिन्छ
अप्रियले आई चुमिदिँदा
आँखा पनि पोलिदिन्छ
सपना...।

*सरस्वतीनगर, चाबहिल, काठमाडौँ।*



❖ जनार्दन अधिकारी धड्कन

# के गर्‍यौ जेन्जी तिमीले ?

तिम्रो अभियानको
स्पष्ट मागको आबाज
मधुरो पो भयो कि ?
या पार्टीका नेताजस्तै
हानाथाप गर्नलाग्यौ कि ?
एकतामा विखण्डन
ल्याउने तत्त्व सक्रिय भइरहँदा
तिमी पनि
कतै गुटलाई
उपगुट गराउन त लागेनौ ?

बोल्न त
नेताहरू नै बोलेका थिए
कामको परिणाम शून्य
बोलेको कुरा
बोलीमै सीमित बनायौ भने
सोध्ने छन् जनताले
के गर्‍यौ जेन्जी तिमीले ?

प्रदेश खारेजीको कुरा के छ ?
प्रत्यक्ष प्रधानमन्त्रीको कुरा
के हुँदै छ ?
के हुँदै छ हिन्दु राष्ट्रको ?
प्रश्नहरू राम्रै थिए
बैठक हुँदै छ कि ?
बस्नै सकेका छैनौ कि ?

देशभरि
र विदेशमा रहेका जेन्जी पनि
एउटै त हो भन्ने आधार
मेटायौ भने
विश्वास मेटिने छ
भनिदेऊ के हुँदै छ ?
र के गर्‍यौ जेन्जी तिमीले ?
सपनाको
महल बनाएर
धेरै पटक भत्काउनुपरेको छ
सपनालाई
विपनामा परिणत भएको देख्ने रहर
पूरा हुन्न कि ?
गाउँमा लाश उठाउने मान्छे छैनन्
तिमीहरूकै आशामा
देशले आँसु पुछ्न खोज्दै छ
पार्टीको सिद्धान्तजस्तै
जेन्जीको बनाउन हुन्न
तिम्रो विधानमा
दुई शब्द मात्रै राख
जनता र देश
भन के गर्‍यौ जेन्जी तिमीले ?

# नेपालको राजनीतिक उतारचढाब : जनमत सङ्ग्रह २०३६ र आजको जेनजी आन्दोलन



❖ महेशराज खरेल

संसार मानिसका विभिन्न प्रयत्नले उकालो उक्लिएको हो । यस्ता प्रयत्नहरूमा मनिसले सबभन्दा पहिले प्रकृतिसित सङ्घर्ष गर्‍यो । राप र ताप सह्यो, झेल्यो । आफ्नो अनुकूलताअनुरूपको वातावरण निर्माणमा लाग्यो । अझै पनि मानिसले उकालो उक्लिन छोडेको छैन, उसलाई उचाइ भेट्ने रहर पुगेको छैन । उसको कल्पनाको उचाइ खगोलको उपल्लो विन्दु हो सायद । त्यस्तै गरेर समुन्द्र छिचोलेर गहिराइको तल्लो विन्दु पनि भेट्नु रहेको छ होला मानिसलाई ।

यस्ता उकाला प्रयत्नसँगै मानिसले आफ्नो विकास भएको महसुस गर्नपुग्यो । के चाहिन्छ र मनिसलाई उन्मत्त बनाउन ! केही सफलता हात लागेपछि मानिसमाथि नै दमन उत्पीडन गर्नथाल्यो । अर्कालाई कमजोर बनाएर उसमाथि हाबी हुने कुत्सित मनोकाङ्क्षा पूरा गर्नेहेतु शक्ति निर्माणको अभियान सुरु भयो । यही शक्ति नै कालान्तरमा राजनीति कहलियो । आजको आधुनिक जगत्मा राजनीति सबै नीतिभन्दा मुख्य नीति भएर संसारमा उभिएको छ । विश्वका अरू सबै नीतिहरू राजनीतिमातहत रहेका छन् ।

सबै देशमा झैँ नेपालमा पनि राजनीति मुख्य चासोको विषय बनेको छ, बन्ने गरेको छ । आधुनिक नेपाल मात्रकै कुरा गर्ने हो भने पनि राजा पृथ्वीनारायण शाहको चेतना, दृष्टि, आकाङ्क्षा र लगाब एवम् पहलले आजको नेपाल उभिएको विषयमा दुई मत हुनसक्दैन सायद । त्यसयताको परिघटनालाई मात्र हेर्दा पनि कहिले राज्यविस्तारको कुरा कहिले घात र प्रतिघातको कुरा, त कहिले आधुनिक विश्व राजनीतिको प्रभावमा देशलाई हिँडाउने कुराले राजनीतिक शृङ्खला चलिरहेको छ नेपालमा । भरखर मात्र जेनजी पुस्ताको नाममा देशमा ठुलो विद्रोह, विप्लव भयो । शान्तिपूर्ण भनिएको आन्दोलन शान्तिपूर्ण रहेन ! जेनजी समूहका माग र आन्दोलनको स्वरूप शान्तिपूर्ण हुने भनिएको थियो । घुसपैठ भयो र देशका धरोहर जले, नष्ट भए । कलिला बालकले अनाहकमा ज्यान गुमाए । सहिदको हरफमा नाम लेखाए । म सोच्ने गर्छु 'मनिसको सोच दृष्टिकोण र आकाङ्क्षा भिन्न हुनसक्छन् तर राष्ट्रिय सम्पदा देशका अभिन्न अङ्ग हुन् । त्यस्ता सम्पदा नष्ट गर्दा देशले पाउला फेर्दैन, बरु जलेको अँगारमाथि देशको डरलाग्दो मसानघाट उभिन्छ ।'

यस आन्दोलन र परिणामका बारेमा मानिसहरू यसो भन्नथालेका छन् 'कहिलेकाहीँ विदेशी उक्साहटमा अनजान राजनीतिक हठधर्मिताले देश नै समाप्त भएका उदाहरण धेरै छन् । हाम्रै छेउको सिक्किम एउटा जिउँदो उदाहरण हो । देश नरहे आफ्नो चाहना कहाँ अभिव्यक्त गर्ने हो ? यो कुरा राष्ट्र गुमाएको नागरिकलाई सोधे थाहा हुन्छ छाती कतिको

दुख्छ। एउटा स्वतन्त्र राष्ट्र बन्न केके र ककसले कति मूल्य चुकाएर देश निर्माण हुन्छ वा भएको छ त्यसको रत्ति चिन्ता नगरेर, भएका सबै राष्ट्रिय सम्पदा नष्ट गर्दा देश बन्दैन। देश नबन्ने तर बिगार्ने स्तरको आन्दोलन नेपाली मनले गर्नसक्दैन । सबै पक्षलाई सधैँभरि चाहिएका राष्ट्रिय सम्पदाको नाश हुनु भनेको राष्ट्रवादी आन्दोलन हुनसक्दैन।'

यस कुराले मलाई पनि दुखाउँछ । मेरो दुखेको मन विगतमा भएका कैयौँ आन्दोलनतर्फ मोडिन्छ।

जब मानिस अप्ठ्यारो सकसमा पर्छ त्यतिखेर उसलाई विगतका त्यस्तै वा अरू भिन्न प्रकारका कुराको याद आउँछ सायद। मलाई पनि मेरो पक्षाघातले थलिएको शिथिल शारीरिक र मानसिक अवस्थाका कारण निदाउन पटक्कै दिएको हुँदैन । श्रीमती सरु अर्कोपट्टि फर्किएर घुर्न थाल्छिन्। मेरो मन उडेर विगततिर रुमलिन थाल्छ। यो राजनीति नहुँदा पनि देश नचल्ने। फेरि राजनीतिका नाममा जेजे पायो त्यही त्यही हुने गर्छ, गरेको पनि छ।

राजनीति, उपलब्ध साधन र स्रोतको अधिकतम् परिचालन गरेर जनताको हितरक्षा गर्दै देशको समृद्धिका लागि गरिने भनिन्छ तर व्यवहारमा त्यस्तो ठ्याक्कै भएको पाइँदैन । कतिपय देशमा राजनीति उद्देश्यपरक भएर कार्यान्वयन भएका छन् त्यस्ता देश अगुवा हुनपुगेका छन् । कुनै कुनै देशका राजनीतिज्ञ एकथोक भन्छन् तर गर्छन् अर्कोथोक । त्यस्ता देशहरू पछौटा देशको रूपमा रहेका छन् । हाम्रो देश नेपाल प्राकृतिकरूपमा सुन्दर, ऊर्वर र सभ्यताको शिखर चुमेको भए पनि विविध कारणले अहिलेको नेपालको राजनीति अत्यन्त पछौटे प्रकारको छ । विश्वराजनीति चेतना स्तरबाट निक्कै पछाडि रहेको छ । यसै कारण हुनसक्छ हाम्राजस्ता पछौटे राजनीतिक परिवेश भएका देशहरूमा विश्व राजनीतिका शक्तिशाली खेलाडीहरूलाई कबर्दी खेल्न सजिलो हुने गर्छ सायद।

एक जना मनिसले विगत पञ्चायत कालमा भनेको सम्झन्छु। उनले भनेका थिए, "विश्वसितको हाम्रो पहिचान र पहुँचलाई अवरोध गरेको कारण यस निरङ्कुश पञ्चायती व्यवस्थालाई परिवर्तन गर्न अनिवार्य बनेको हो। यस कार्यका लागि जनताका सङ्गठित शक्तिहरू सङ्घर्षरत रहेका छन् ।" उनको यो भनाइसितै कतिपय घटना छाल बनेर मेरो दिमागमा सलबलाउन आइपुग्छन् । त्यसमा २००७ सालको दिल्ली सम्झौता ! त्यस सम्झौतामा नेपाली जनताको चासो सम्बोधन नभएर भारतीय इच्छा लादिएको भनेर राजनीतिक जानकारले भन्ने गरेको सुनिन्छ। जेजसो भए पनि त्यसकै जगमा भएको निर्वाचित सरकार राजा महेन्द्रको कोपभाजनमा परेर निर्दलीय पञ्चायती व्यवस्थाले शासन गरेको १५ वर्ष नाघेको हुन्छ। देशमा पुनः राजनीति सल्बलाउँछ। हुन त यी १५ वर्षमा विभिन्न राजनीतिक चहलपहल भएका छन् । मैले सुनेका नेपाली काङ्ग्रेसले २०१८ सालमा गर्नखोजेको विद्रोह र राजा महेन्द्रमाथि बम प्रहार, २०३१ सालको टिम्मुरबोटे काण्ड, मैले आँखाले देखेको २०२८ सालको झापा विद्रोह । यी सबै आन्दोलनमा विचार थियो, सङ्गठन थियो, राजनीति थियो, उद्देश्य थियो र मूल कुरा नेतृत्व थियो, राजनीतिक जबाफदेहिता थियो।

यसै सन्दर्भमा मेरो मन फेरि विगतको एउटा घटना स्मरण गर्नपुग्छ। २०३३ साल पौषमा विपी कोइराला राष्ट्रिय मेलमिलापको नीति लिएर

नेपाल आएका हुन्छन् । यता झापा आन्दोलनका नायक चन्द्रप्रकाश मैनालीको नेतृत्वमा २०३३ साल चैत्रमा नख्खु जेल फोडेर १५ जना क्रान्तिकारीहरू बाहिरिन सफल हुनपुग्छन् । मेरो बोझिलो स्वास्थ्यअवस्थाले मलाई विगतका ती रोमान्सझैँ लाग्ने वीरत्वपूर्ण कार्यहरूपट्टि लैजान्छ । ती त्यस्ता कार्यहरू जसले नेपालको इतिहासमा बिर्सनै नसक्ने स्थान बनाएका छन् । त्यसका तस्बिरहरू एक एक गरेर मेरो दिमागमा नाच्नथाल्छन् । त्यसमै मिसिएर म आफूलाई डुलाइरहेको हुन्छु । हठात पाकिस्तानमा जुल्फीकर अलि भुट्टोलाई फाँसीजस्तो भयानक त्रासदीपूर्ण दण्ड दिएको परिदृश्य मेरो दिमागमा थपिन पुग्छ । म तिनै तस्बिरहरूसितका यात्रामा डोरिएर एकोहोरो हराउन पुग्छु ।

माथि पनि भनेको छु २०३३ साल पुसमा पूर्व प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला राष्ट्रिय मेलमिलापको नीति लिएर गणेशमानका साथमा नेपाल भित्रिएका थिए । धेरै जान्नेसुन्नेहरूले भन्ने गर्थे, 'भारतको मूल नेतृत्व काङ्ग्रेस आई र त्यसकी नेतृ इन्दिरा गान्धीसित विपी कोइराला अर्थात् नेपाली काङ्ग्रेसको बिचार मिलेन । नेपाली काङ्ग्रेसको सम्बन्ध तत्कालीन भारतीय राष्ट्रिय काङ्ग्रेस जनता समाजवादी पार्टी र तिनका नेता जयप्रकाश नारायण, राममनोहर लोहियालगायतसित नजिक थियो । त्यसताका विश्व राजनीति अलिक फरक ढङ्गले हिँडिरहेको थियो । हुनसक्छ भारत, पाकिस्तानको विवादको कारण अमेरिका पाकिस्तानको पक्षमा देखिएकाले हो वा अन्य आर्थिक परिवेशसमेतका कारण हो त्यसक्षण भारत सोभियत सङ्घसितको सम्बन्धमा थियो । भनिन्छ वि.पी. अर्थात् नेपाली काङ्ग्रेसको समर्थन जयप्रकाश नारायण, राममनोहर लोहिया र उनीहरू संलग्न राजनीतिक पार्टीमार्फत अमेरिकाप्रति थियो । नेपालबाट निर्वासित नेपाली काङ्ग्रेसलाई आफ्नै देशमा गएर राजनीति गर्न इन्दिरा गान्धीको दबाब आयो । भारतमा बसेर राजनैतिक जोखिम मोल्नुभन्दा राष्ट्रिय मेलमिलापको नाममा देश भित्रिनु कोइराला अथवा काङ्ग्रेसको लागि हितकर बन्यो र उनी नेपाल प्रवेश गरे ।'

विश्वेश्वरप्रसाद नेपाल आउँदा ओखलढुङ्गा काण्ड घटिसकेको थियो । रामलक्ष्मणलगायत धेरै नेता, कार्यकर्ता मारिएका थिए । कप्तान यज्ञबहादुर थापा र भीमनारायण श्रेष्ठ मृत्युदण्ड पर्खिएर बसिरहेका थिए । अघि २०१८ सालमा राजा महेन्द्रलाई बम हानेको आरोपमा जनकपुरबाट गिरफ्तार गरिएका दुर्गानन्द झाले मृत्युदण्ड पाइसकेका थिए । २०३० सालमा तिस लाख भारु अपहरण गरेको (प्लेन हाइज्याक)लगायत राष्ट्रहितविपरीतका दर्जनौँ आरोप नेपाली काङ्ग्रेस र वि पी कोइरालामाथि लगाइएको परिवेश थियो ।

"राजनेता गल्लीको ख्याउटे जनावर होइन, ओढारको सिंह नै हो । भला ऊ बुढौती, रोग र परिबन्दले कमजोर किन नबनेको होस् । उसले घाँस खाँदैन'को परिचय विपी कोइरालाले दिन सफल भए", कैयौँले यसो भने । हुन पनि दर्जनौँ राष्ट्रघात र राजकाजसम्बन्धी मुद्दा झेलिरहेका विपी कोइरालाले मृत्युदण्डको पर्वाह नगरी नेपाल भित्रिने आँट गरेका थिए । मृत्युदण्डसम्मको माग गरेर उनीविरुद्ध मुद्दा चलाइएको थियो । अर्कोतिर २०३३ साल चैत्र महिनामा झापा आन्दोलनका नेता सिपी मैनालीको नेतृत्वमा १५ जना क्रान्तिकारी राजबन्दीहरूले नख्खु जेल फोडेर क्रान्तिको बिगुल फुकिरहेका थिए । उल्लेखित झापा विद्रोहका नायकहरूमध्ये केही पुनः गिरफ्तारमा परे पनि सिपी मैनालीको नेतृत्वमा

बाँकी नेता कार्यकर्ताहरूद्वारा भूमिगतरूपमा पार्टी विस्तार कार्य गतिवान् भइरहेको सुनिन्थ्यो।

एक दिन मैले नरेश दाइलाई सोधेको थिएँ, "जेलब्रेकपछि तपाईँहरू कसरी फेरि गिरफ्तार हुनुभयो ?" । उनले जबाफमा भनेका थिए, 'जेल ब्रेकपछि निर्णयानुसार सबै विद्रोहीहरू छरिएर सकेसम्म सुरक्षित भएर भाग्दै गर्दा थकान र भोकले व्याकुल भएर म र घनेन्द्र बस्नेतजी पथलैयामा एउटा चियापसलमा केही खाएर भोक मेटाउने उद्देश्यले पस्यौँ । त्यो पसल प्रहरीपरिवारको रहेछ । हाम्रो हाउभाउ वा यस्तै केहीले हुनसक्छ उनीहरूलाई शङ्का लाग्यो होला सायद ! हामीलाई गिरफ्तार गरे । उनीहरूको भावभङ्गी बोलीचाली सुन्दा हामीलाई मार्न भनेर होला जङ्गलतिर लाँदै थिए । हठात् उनीहरूलाई आदेश आएको होजस्तो लाग्छ । उनीहरूमध्ये वाकीटाकीमा बोल्ने पुलिसले भन्यो, 'बाँच्ने भइस सालेहरू !' यति भनेर हामीलाई बिरगन्जस्थित एसपी कार्यालयमा पुर्‍याइयो । त्यहीँ नारद वाग्ले, धर्म घिमिरे र चन्द्र डाँगीलाई पनि ल्याए । केही दिनपछि कडा सुरक्षा र चरम यातना दिँदै गिरफ्तार भएका हामी पाँचै जनालाई केन्द्रीय कारागारको गोलघरमा फलामे नेल तथा हतकडी लगाएर अमानवीय यातनासहित थुनियो । त्यहीँ नै झापा आन्दोलनका राजबन्दीहरू मोहनचन्द्र अधिकारी, केपी शर्मा ओली र राधाकृष्ण मैनालीलाई पनि ल्याइयो र गोलघरमा हामी सबैलाई थुनियो । हो, यसै घटनालाई आधार बनाएर झापालीहरूका पखेटा हुन्छन्, यिनीहरू उड्नसक्छन् भन्ने बोध गर्दै सरकारले जेलपरिसरमा काँडेतारको सुरक्षा घेरा बढाएको हो भन्छन् ।" नरेश दाइले भनिसके । उनको अनुहार निकै रातो भएको थियो । हुनसक्छ उनको दिमागमा त्यही परिदृश्य नाच्न पुग्यो होला भन्छु म ।

यी परिघटनाका विषयमा एक जना नेताले भनेको सम्झन्छु । "क्रान्तिकारी चेतनालाई सत्तास्वार्थको दमनले रोकेर रोकिँदैन । छेकेर छेक्न सकिँदैन भन्ने तथ्य इतिहासमा पहिल्यै महान ग्रिसेली दार्शनिक सुकरातले पुस्ट्याइँ गरिसकेको विषय हो ।" मेरो मनमा एउटा भाव उम्लिन्छ त्यस क्षण ।

*हो पनि यो त ....*
*फोरेर सत्ताका पर्खालहरू*
*रोपेर आस्था बिउ जनताका मन मनमा*
*हुर्कन्छन् मल र ओत पाएर जनताकै*
*लहराउँछ चेतनाको थाङ्ग्रोमा*
*फैलिन्छ सन्देश क्रान्तिको*
*दिव्य प्रकाश भएर सधैँ*
*पारिलो धरतीआँगनमा ।*

मलाई आज पनि सम्झना छ यसरी नै क्रान्तिको बाटोमा सङ्घर्षका बिकुल फुक्दै जिन्दगीलाई पल पल आततायीहरूका क्रूर दमन र हिंसा छेल्दै, तोड्दै र भत्काउँदै पूर्वको चेतनाको प्रकाश प्रज्ज्वलित हुँदै थ्यो देशभर क्रमशः । म किसान, हलीगोठालासित मन्थन गर्थें हरेक पल यस्तै कुरा ।

विभिन्न क्याम्पस र विद्यालयका विद्यार्थीमार्फत यसको सन्देश प्रवाह भइ नै रहेको थियो । विभिन्न टुक्राटाक्री कम्युनिस्टहरूलाई समेटेर *चन्द्रप्रकाश मैनालीको नेतृत्वमा नेपाल कम्युनिस्ट कोअर्डिनेसन केन्द्र गठन* गरी गति दिएको बुझिन्थ्यो । मृत्यु तोडेर आएको नेतृत्वको विशद विश्लेषणले उनकै नेतृत्वमा *नेपाल कम्युनिस्ट पार्टी मार्क्सवादी-लेनिनवादीको जन्म भयो २०३५ सालमा* । आन्तरिक एवम् कडा भूमिगत कार्यशैलीका कारण पार्टीविशेषका क्रियाकलाप बाहिरी जगत्सामु

प्रकट नभए तापनि शिक्षक र विद्यार्थीमार्फत राजनीतिले गति लिएको सुनिन्थ्यो । पार्टी गठनसँगै *अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन (एकताको पाँचौँ) गठनपश्चात् झापा सङ्घर्षको योगदानको खुला बहस प्रारम्भ हुन पुगेथ्यो।*

म सोच्न पुग्छु 'विद्यार्थी शक्ति सङ्गठित शक्ति हुनाले समयको उल्टो सुई र गतिलाई सुल्टो घुमाउन र हिडाउनसक्ने ताकत राख्दछ। संसारका धेरै परिवर्तनमा विद्यार्थी वर्गको अहम् भूमिका थियो, छ र रहन्छ। यस्तो शक्तिको भेट्नो राजनीतिमा जोडिएको हुन्छ। यही राजनीतिलाई विद्यार्थीले घर घरमा, दोकान र पसलहरूमा, खेतीकिसानका मेलापातहरूमा आस्थाको हरियो आदर्श छरिरहेका, फैलाइरहेका थिए, छन् र हुन्छन्। यी हरेक घरका धुरीबाट उम्रन्छन्, झ्यालबाट चियाउँछन् र ढोकाबाट निस्कन्छन् अनि सारा राष्ट्रभरि छरिन्छन् । परिस्थिति र समयलाई आत्मबोध गर्दै आफ्नो भूमिका निर्धारण गर्छन् । हो, यिनीहरू नै परिवर्तनका सम्वाहकहरू हुन्। तिनीहरू आफ्नो कार्यकाप्रति जबाफदेही रहन्छन्।'

म यसपटकको जेनजी अर्थात् विद्यार्थी समूहसमेतको नयाँपुस्ताको आन्दोलन र परिणाम नियाल्न पुग्छु । यो आन्दोलन कुनै राजनैतिक सिद्धान्त, दर्शन वा उद्देश्य बोकेको राजनीतिक पार्टीसित सम्बन्धित छ कि छैन खोज्नथाल्छु । कहीँ र कसैसित पनि सम्बन्ध रहेको भनिदैन । बरु राजनीतिक पार्टीका कार्यकर्ता, समर्थक, शुभेच्छुकलाई 'झोले' ट्याग भिराएको पाउँछु । मलाई लाग्छ विचारविना, उद्देश्यविना, सङ्गठनविना कुनै पनि राजनीतिक कार्य पूरा हुनसक्दैन । सङ्गठन भएपछि त्यहाँ कार्यकर्ता हुन्छन्। तिनले विचारको, मायन्ताको, कार्यक्रम र निर्णयको झोला बोक्छन् । विचार नहुने, सङ्गठन नहुने  कुनै खास उद्देश्य नहुने केवल भिड मात्र हुने र जकाफदेही नभएको वा कसैको उक्साहटमा क्षणिक उन्मादका निमित्त क्रियाकलाप हुन्छ भने त्यस्ता क्रियाकलापलाई अराजकता भनिन्छ । के देशले अराजकता खोजेको हो ? मेरो मनमा प्रश्न उब्जिन्छ। के यो जेनजी युवाहरूको आन्दोलन त्यस्तै हो ? यत्राविधि बालकहरूले जीवन उत्सर्ग गरेको व्यर्थ हो ? भनिन्छ, राजनतिक आदर्शविनाका प्रयत्नहरू सुकेका पातझैँ मकाएर जान्छन्, पत्करमा परिणत हुन्छन्।

म फेरि विगततिर फर्कन्छु । त्यस क्षण विद्यार्थीजगत्मा *अ ने रा स्व वि यु एकताको पाँचौँ कलिलै थियो*। राजनीतिमा पनि *नेकपा (माले)* भरखरकै थियो तर यसले बोकेको धार र सार अनि यसलाई बोक्ने जग अरूहरूभन्दा अलि पृथक र जुझारु प्रकृतिको थियो । विद्यार्थी राजनीतिमा विशेषतः *नेपाल विद्यार्थी सङ्घ, नेपाल विद्यार्थी फेडेरेसनलगायतका सङ्गठनहरू अलि पुराना र स्थापित* थिए, तथापि *अनेरास्ववियु एकताको पाँचौँको प्रभाव गोपालप्रसाद रिमालको आमाको सपना बोकेर आउँदै थियो।*

*"हेरौला,*
*त्यो हुरी भएर आउने छ*
*तिमी पात भएर पछ्याउने छौ"*
*युद्धप्रसाद मिश्रको*

*"रक्तक्रान्तिको ज्वालामुखीमा ..।" भएर त्यो छाउँदै थियो।*

मेरो मन अर्कापट्टि फर्कन्छ । अँध्यारो छिचलेर उज्यालोका प्रतीक कहलिएका, मानिएका गुरुहरूसमेतका समस्याहरू मुखरित हुनपुगेछन् । स्कुल वा विद्यालयका शिक्षहरू

सङ्गठित भएर आन्दोलनमा होमिएको खबर आउन थाल्छ । म तिनै खबरहरूमा विचरण गर्नपुग्छु यस वेला ।

**शिक्षक आन्दोलन**

मैले अवसरको अभावमा पढ्न नपाए पनि शिक्षक विद्यार्थीलगायतका राजनैतिक गतिविधिबाट टाढा थिइन । देशमा शिक्षक र विद्यार्थीका विभिन्न क्रियाकलाप भइ नै रहेका थिए । देशमा राजनैतिक माहौल तात्दै थियो । यता २०३६ सालको जनमत सङ्ग्रह घोषणाले खुला गरेको राजनैतिक परिवेशको उचित उपयोग गर्दै चलाइएको शिक्षक आन्दोलनलाई सरकारले सम्बोधन गर्न बाध्य भयो । विगत लामो समयदेखिका शिक्षकका समस्याहरू मुखरित भएर आए । यही आन्दोलनको बलमा नेपालका शिक्षकहरूले सरकारसित वार्ता गरेर २०३६ चैत्र २९ गते आफूलाई वैधानिक बनाउन सफल भए । शिक्षकको निवृत्तिभरण, उपदान, तहगत बढुवा, दरबन्दी सृजना, अस्थायी पारिश्रमिकका शिक्षकलाई स्थायी गर्नेलगायतका मागहरू पूरा भए, हुँदै आए । उनीहरू सङ्गठित हुने 'नेपाल राष्ट्रिय शिक्षक सङ्गठन' नामक संस्था पाए । यी सब कुराहरू शिक्षकहरूबाट दैनिकजसो सुन्न पाइन्थ्यो ।

मेरो मनमा फुर्‍यो

*'शिक्षक गुरु ज्ञानदाता*
*ज्ञान नै हो सर्वोच्च शिखर जनको*
*ज्ञानले नै छर्छ उज्यालो चैतन्य मानवको*
*निष्ठासाथ तिमी भेट यो ज्ञानदीप्तिलाई*
*मानले भर्दछ उत्साह बुझ सारा जगत्को ।'*

यस्तै थियो शिक्षक वा गुरु र समाजको सम्बन्ध । गुरुको अर्थ नै अँध्यारोबाट उज्यालोतिर भएझैँ वास्तविक व्यवहारमा पनि यो उस्तै उज्यालोको विम्ब वा प्रतीक बन्थ्यो । अपवादबाहेक गाउँघरमा मेलापात गर्दा, थाकेर आँगन वा सिकुवामा थकाइ मार्दा, हाटबजार जाँदाआउँदा बाटामा केहीबेर सुस्ताउँदा शिक्षकहरू विद्यार्थीका अविभावकलाई सिकाउँथे । विवाह बटुलोमा जन्ती हुँदा, कर्मकाण्ड व्रतबन्धमा उभिँदा, मानिसको मरणमा मलामी जाँदाआउँदा, क्रियाकर्मका कार्यहरूमा सहभागी हुँदा शिक्षकहरू सबैलाई देशको बारेमा बताउँथे । खाजा खाँदा होस् वा खाना खाएर आफैँ थालबटुका वा भाँडावर्तन सफा गर्ने यिनको कार्यशैलीले मन जित्थ्यो घरका आमा, दिदी, भाउजू र बहिनी, बुहारीको । मेलामा हलोको अनौ र बाउसेको कोदाली समाएर पालो दिँदा उचाइ छुन्थ्यो मानव मन किसानको । फसल उठाउने, थन्क्याउने कार्यमासमेतमा हात बाँडिएको हुन्थ्यो गाउँघरका शिक्षक शिक्षिकाको । अनि त समाजको तल्लो तहका जरा जरासम्म पुगेको थियो चेतना राजनीतिको । म यी यस्तै तह तहका चेतनाका कुरा सुन्न पाउँथेँ आफू हलीगोठालो हुँदा । मेरो मनको भित्री पाटो अझ सुदृढ भएर आउँथ्यो ।

*म किसान, मजदुर, औद्योगिक मजदुरबारे खासै जानकार नभएको मानिस । किसानहरू सङ्गठित हुँदै मात्र गरेका, भइनसकेका । त्यस्तो अवस्थामा वेला वेला सुनिने गर्थ्यो मजदुरका विषयमा । एक दिन एक जना जानकार मनिसले भनेको सम्झन्छु- उनी भन्दै थिए, "नेपालमा मजदुर आन्दोलन २००३ साल*देखि नै चलेको हो । मनमोहन अधिकारी, गिरिजाप्रसाद कोइरालालगायतका नेताहरू मजदुर आन्दोलनकै उपज हुन् । त्यसताका रघुपति जुट मिल र अन्य औद्योगिक मजदुरको रूपमा कार्य गर्दथे उनीहरू । सात सालको क्रान्तिको

पूर्वाधार बनाउन निकै ठुलो भूमिका थियो मजदुर हरूको । पछि २०१६ सालमा कलकारखाना ऐन आए पनि २०१७ पुस १ गतेको राजा महेन्द्रको कदमले सबै भुस भयो ।

पञ्चायती संविधानपछि मजदुर युनियन भनेको पञ्चायतको पृष्ठपोषक मात्र भयो । वर्गीय हित रक्षा गर्ने स्तरको चेतनशील सङ्गठन बनेन । तिसको दशकको वरिपरिबाट मजदुर युनियनहरू सङ्गठित हुनथालेका हुन् तर मजदुर सङ्गठनहरूको जनमत सङ्ग्रह गराउने कार्यसमेतमा योगदान रहेको छ । जनमत सङ्ग्रह घोषणा गराउने पूर्वाधार निर्माणमा ने.स्व.म.युनियनलगायतको अगुवाइमा नेपालका विभिन्न औद्योगिक क्षेत्रहरूः बालाजु औद्योगिक क्षेत्र, ललितपुर औद्योगिक क्षेत्र, हेटौंडा औद्योगिक क्षेत्र, पोखरा औद्योगिक क्षेत्र, विराटनगर औद्योगिक क्षेत्र र बुटवल औद्योगिक क्षेत्रहरूमा मजदुर युनियनहरूको योगदान गणनायोग्य रहेको छ भनिन्छ ।" उनले भनिसिद्धाए । मैले उनका मुखबाट मजदुर आन्दोलनबारे थोरबहुत जानकारी पाएको बोध गर्छु ।

हामी सङ्गठनमा सङ्गठित भइनसकेका किसानहरू शिक्षक विद्यार्थीबाट सुन्न पाउँथ्यौं राजनैतिक कुरा । यस सन्दर्भमा राष्ट्रसेवक कर्मचारीको भूमिका खोज्न तम्सिन्छ मेरो मन । यस प्रसङ्गमा एक जना विद्यार्थी नेताले भनेका थिए, "राष्ट्रसेवक कर्मचारी सरकारी कोषबाट भरणपोषण लिने हुनाले प्रत्यक्ष अगाडि आउनसक्ने कुरा भएन । निजामती ऐन र नियमले उनीहरूलाई राज्यको नीति प्रवाह गर्ने नोकर ठान्छ । जसले दाम्लो चुँडाउन बल गर्‍यो ऊ चुँडिएरै जान्छ । सार्वजनिक संस्थान र नेपाल राष्ट्र बैङ्कका कर्मचारीहरू जेजतिले परिवर्तनको पक्षमा भूमिका खेले, अदृश्यरूपमै खेले । अरू अधिकांश सरकारी निर्देशनको पालक बने ।"

मेरो मन भन्छ, 'हो पनि, नुनको सोझो गर्नू भन्छन् । देशमा बेरोजगारी व्याप्त छ । भएका रोजगारी गुमाउने आँट गर्नेले मात्र आँट गर्ने हुन् । *अर्ध सरकारी संस्था नेपाल बैङ्क लिमिटेडमा कार्यरत टङ्कप्रसाद आचार्यले ९० को दशकमा बैङ्कको जागिर छोडे । नेपाल प्रजा परिषद् नामक पार्टी खोले । यही पार्टीका होनहार चार महान व्यक्ति धर्मभक्त, दशरथ चन्द, शुक्रराज शास्त्री र गंगालाल श्रेष्ठलाई ९७ सालमा राणा सरकारले हत्या गर्‍यो । ती साँच्चै सहिद दरिए । टङ्कप्रसाद आचार्य ब्राह्मण भएका कारण चारपाटा मुडिए । सर्वस्व हरण भयो । गणेशमान भागेर भारत प्रवासमा विपी, मातृका कोइराला र डिल्लीरमणहरूको साथमा पुगे । नेपाली राष्ट्रिय काङ्ग्रेस हुँदै नेपाली काङ्ग्रेसमा रूपान्तरण भए । यी राजनीति कर्मीहरूले देशको कुनै संरचना ध्वस्त गर्न पुल्ठो बालेका थिएनन् न त सार्वभौम संस्थाविरुद्ध हाँक नै दिएका थिए । यी त चुपचाप आफूभित्र सङ्गठित हुने अभियानमा थिए । पोलाहाको पोल र सरकारी गुप्तचरको रिपोर्टकै आधार मात्रमा यिनीहरूको ज्यान लिइयो । कस्तो कठोर अवस्था थियो त्यसक्षण ! म सोच्छु ' आज सबैलाई सङ्गठित हुने, आफ्ना भावना व्यक्त गर्ने, सरकारका नीति कार्यक्रमको विरोध गर्ने सबै छुट छ । यो यत्तिकै प्राप्त भएको होइन । अग्रजहरूको योगदान र उत्सर्गले सम्भव भएको हो । यसरी नै अहिलेको जेनजी पुस्ताको नामको विद्रोहले इतिहासमा आफ्नो नाम स्थापित गर्नसक्छ ?'*

*म अनुत्तरित छु ।*

*राजनीतिक परिवर्तनमा राष्ट्रसेवकको भूमिका खोजिरहेको मेरो मन एउटा कोणमा अडिन्छ । सिपी मैनालीको नेतृत्वमा गठित कोअर्डिनेसन केन्द्रमा सङ्गठित हुन नेपाल बैङ्कका खजान्ची माधवकुमार नेपालले नेपाल बैङ्क लिमिटेडको जागिर छाडेका हुन्* । जागिर छोडेर राजनीतिमा समर्पण हुनु कम गारो कुरा होइन । यी सब घटना-परिघटना देखेर मनिसहरू भन्दै थिए, 'विभिन्न कारणले पञ्चायतविरोधी आन्दोलनको आधार परिपक्व बन्दै छ ।'

समय रातको निकै धेरै बितेछ । घडी हेर्छु रातको एक बजेको रहेछ । म शरीरको सकस थेग्नलाई उठ्छु । दाँयापाटो पूरै लाटो र बोधो छ । चिमोट्दा पनि दुख्दैन । म मनमनमै सोच्छु मेरो यो पक्षाघातले थलिएको शरीर उठ्ला कि नउठ्ला ? उठ्न नसक्दाको कहालीलाग्दो भविष्य मेर ोसन्मुख आएर मलाई नै तर्साउन थाल्छ । म लामो सुस्केरा काड्छु । हठात् मेरो मनमा अलि त्रासदीपूर्ण खबरले स्थान पाएको त्यस क्षणलाई सम्भन पुगेको स्मरण गर्छु ।

जुल्फिकर अली भुट्टोको कुरा । मेरा शरीरमा काँडा उम्रन्छन् । म सरुतिर हेर्छु, उनी मस्तले निदाइरहेकी हुन्छिन् । बतासिएर मेरो मन उड्नथाल्छ । मानिसहरूले भन्नथालेका थिए, 'त्यतिखेर पकिस्तानमा राजनीतिक विप्लव भयो । भुट्टोको सत्ता पलट भयो ।' मैले साँच्चै भन्दा भुट्टोका विषयमा जानकारी पाएको यस्तै भनाइहरूबाट मात्र हो । म विगततिर सोभिन्छु ।

**भुट्टोलाई फाँसी**

सदाभैं बिहानै श्रीप्रसाद अधिकारीको चियापसल रञ्जनीमा मानिसहरू चिया पिउन भेला भएका थिए । श्रीप्रसादको फिलिप्स रेडियो ठुलो आबाजमा बज्थ्यो । चियापसलमा भेला भएका सबैले ध्यानपूर्वक समाचार सुन्ने गर्थे । म पनि काम विशेषले कहिलेकमहीँ त्यहाँ पुग्ने गर्थें । त्यस दिन पनि म त्यहीँ पुगेको थिएँ । रेडियोले समाचार विश्लेषण भन्यो । पाकिस्तानको राजनीतिमा सैनिक हस्तक्षेप बारबार सुनिने विषय बन्थ्यो । भुट्टो आफैँले सैनिक चिफ बनाएका जिया उल रहमानले पाकिस्तानमा सैनिक विद्रोह गरेर आफूलाई राष्ट्रपति घोषणा गरेपश्चात् जुल्फिकर अली भुट्टोको सत्ता पलट भयो । उनी दोषी करार गरिए र गिरफ्तार गरी विभिन्न राजनैतिक आरोप लगाई जेल हालिए ।

चियाको सुर्को लिँदै दयानन्द सुवेदीले भनेका थिए, "यो मुस्लिम राष्ट्र पाकिस्तानमा जननिर्वाचित सरकारलाई सेनाको अधीनस्थ राख्ने र प्रजातन्त्रको दुहाइ दिने विचित्रको प्रचलन छ । जिया उल हकले सैनिक शक्तिको आडमा जननिर्वाचित भुट्टो सरकारलाई कु गरेपछि अहिले विश्वराजनीतिमा निकै ठुला तरङ्ग उत्पन्न भएका छन् । त्यसका थोरबहुत बाछिटा नेपालमा पनि पर्नसक्छन् ।"

पछि अप्रिल १९७९ मा भुट्टोलाई (फाँसी) मृत्युदण्ड दिएको घटनाले विश्वजगत् निकै तात्यो । धेरै आलोचना भयो पाकिस्तान सैनिक सरकार र जिया उल हकको । जहाँ जे गरे पनि जता जे भए पनि आखिर सत्ता मानवीय मर्मले चलेको हुन्न र चल्दैन पनि । पाकिस्तानमा भएको यो स्तरको निन्दनीय राजनीतिको विश्वजगत्मा तिखो विम्ब बनेर रह्यो । घटनाको परिणाम सत्तासम्बन्धले क्रमशः धुमिल हुँदै गयो ।


नेपालमा भने दयानन्द सुवेदीले भनेकोजस्तै भयो । उनले भनेका थिए, ".....पाकिस्तानमा घटित घटनाका थोरबहुत बाछिटा नेपालमा

पनि पर्नसक्छन् ।" त्यस घटनाले नेपालको राजनीतिक आन्दोलनको मार्गको आगोमा घिउ थपिदियो। हुर्हुराएर हावाले आगोको राप फैलायो। विश्वेश्वरप्रसाद कोइरालालाई फाँसीको सजाय दिनुपर्छ भनेर पञ्चहरू कराउन थाले। अदालतमा सोही व्यहोराको पुर्पक्ष भइरहेको थियो । "सत्ता शक्तिशाली भयो भने विपीलाई पनि भुट्टोलाई झैँ फाँसी हुनसक्छ" सुब्बा कान्छाले चियाको गिलास टेबलमा राख्दै भनेका थिए। यसअगावै २०२९ साल फागुन २१ गते झापा आन्दोलनका पाँचजना नेपालआमाका क्रान्तिकारी होनाहार सन्तानहरू (रामनाथ दाहाल, नेत्र घिमिरे, विरेनसिंह राजवंशी, कृष्ण कुइँकेल र नारायण श्रेष्ठलाई)को सुखानीमा हत्या गरिएको थियो । यसकारण नेपालमा राजा र पञ्चायतको विपक्षमा जनमत बढ्दै गएको थियो ।

यहीबिचमा मेरो दिमागले अर्को सनसनीपूर्ण समाचार सम्झिन पुग्छ । मानिसहरू भन्दै थिए, 'अव विद्यार्थीहरूले पनि आन्दोलनको आँधबेहरी ल्याउने रे ।' म आफ्नो सकस दबाएर विगतको विद्यार्थी आन्दोलनको परिदृश्यमा आफूलाई पुर्‍याउँछु।

---

# निःशुल्क सल्लाह



**❖ गोपालकुमार मैनाली**


यात्रा अक्षरधाम बागबजारसम्मको थियो । घाम प्यारो लाग्ने महिना । सडक छेउ लागेर जाँदै थिएँ । अलि पर पुगेपछि म जसरी नै दुई भद्र देखिने पुरुष म गर्एतिर जाँदै थिए । म फटाफट हिँड्ने बानी भएको मान्छे। उनीहरूलाई उछिन्ने मनसायले नजिकै पुगेँ।

दुईमध्ये एकजनाले भन्दै थिए, "बुझ्नु भो यो सित्तैमा सल्लाह दिने काम अबदेखि म कहिले गर्दिन ।" अर्का मित्रले सोधे, 'किन र ?' उनले भने, 'जसलाई मैले सल्लाह दिएको थिएँ उसले टेलिभिजनमा अन्तर्वार्ता दिँदै गरेको देखेँ। अन्तर्वार्तामा उनी भन्दै थिए, 'एकजना मित्रले दिएको सल्लाह मानेको त्यो दिनदेखि मेरो त सुगर, प्रेसर सबै घटेर सामान्य भयो ।' उनले फेरि थपे, 'एउटा साहित्यिक कार्यक्रममा प्रमुख अतिथि आउनुपूर्व फुर्सदको सदुपयोग गर्दै एक मित्रले सल्लाह मागे। मैले दिएँ। कसैले सल्लाह मागे दिइहाल्ने मेरो बानी। पछि एउटा पत्रिकामा उनको अन्तर्वार्ता छापिएको रहेछ । पढेँ। मेरो सल्लाह मानेका दिनदेखि उधारो कारोबार बन्द भएछ। कमाइधमाइ मज्जाले चलेछ। मैले दिएको निःशुल्क सल्लाहले मित्रले फाइदा उठाएछन् ।

मेरो सल्लाह मानेका दिनदेखि उनीहरूको प्रगति, आफू चाहिँ जहाँको त्यहीँ । त्यसै भएर आजदेखि निःशुल्क सल्लाह दिन मैले बन्द गर्ने निर्णय गरेँ बुझ्नुभो। ती दुईको वार्तालाप सुन्दै म पनि सुस्तरी पाइला चाल्दै अगाडि बढ्दै रहेँ। त्यसपछि उनीहरूले कुराको प्रसङ्ग अन्तै मोडे । म फटाफट अगाडि बढेँ। उनीहरूको वार्तालाप सुनिसकेपछि मनमनै एउटा निर्णयमा पुगेँ। म पनि अबदेखि कसैलाई निःशुल्क सल्लाह दिन्न । तपाईँ पनि अरूलाई निःशुल्क सल्लाह नदिनुस् । यो मेरो निःशुल्क सल्लाह हो।

*काठमाडौँ ।*

# 'परिबन्द' कथामा न्यायव्यवस्था



❖ प्रा. डा. यादवप्रकाश लामिछाने

**सारः**

पुष्कर शमशेर आधुनिक नेपाली कथाको सामाजिक यथार्थवादी धाराका सशक्त स्रष्टा हुन् । उनको परिबन्द शीर्षकको कथा शारदा पत्रिकामा वि.सं.१९९५ मा प्रकाशित भएको हो । कार्य-कारण सम्बन्धको समन्वय गरेर लेखिएको विवेच्य कथाले समाजमा आदर्श ठानिएको पात्र दुष्परिणामको चक्रमा फस्दछ भन्ने उद्घाटन गरिएको छ । उनले आफ्ना तर्कपूर्ण शब्द संयोग गरी अन्त्यमा दुर्घटित बन्नपुग्ने स्थितिको सिर्जना गराएका छन् । सहज किसिमले जीवनयापन गरिरहेको पात्रले असहज परिस्थितिको सामना गर्नुपरेको र त्यसको सहज समाधान नभई दुर्घटनाको सिकार बन्नुपरेको घटना शृङ्खला बुनेर कथा टुङ्ग्याइएको छ । निर्दोष व्यक्तिले तात्कालिक न्यायपद्धतिको परिबन्दमा परेर दोषी करार हुनुपर्ने अवस्थाको अन्त्यको चाहना व्यक्त भएको छ । साथै यसका लागि न्याय सम्पादन प्रणालीमा समयसापेक्ष रूपमा पुनर्विचारको आवश्यकता महसुस गरेको सन्दर्भ अघि सारिएको छ। विवेच्य कथामा समाजमा न्याय सम्पादन प्रक्रियामा देखिने त्रुटिका कारणले न्याय प्राप्त हुननसकेको सन्दर्भ प्रस्तुत गरिएको छ । यस कथाले समाजलाई मूल केन्द्रस्थल मानेर यथार्थको अभिव्यक्ति दिएको छ । कथामा पठनविधिको प्रयोग गरी तथ्यका आधारमा गुणात्मक पद्धतिलाई अवलम्बन गरी कानुनको रुढ व्याख्याले जनमानसमा असर पर्ने कुरालाई दृष्टिगत गर्दै न्यायव्यवस्था त्रुटिपूर्ण रहेको निष्कर्ष निकालिएको छ । युगसापेक्ष ढङ्गबाट हेर्दा अशिक्षा र गरिबीका कारणले मानिसहरू परिबन्दमा परेका छन् । निर्दोषलाई सजायको भागी बनाउनुहुँदैन भन्ने यथार्थ गहिराइमा पुग्दा आम पाठकको हृदय आन्दोलित हुनपुग्दछ र न्यायिक कार्यप्रति प्रतिशोधको भावना उत्पन्न भई विद्रोहको ज्वाला दन्कन्छ भन्ने भाव व्यक्त भएको निष्कर्ष निस्कन्छ । अर्को पक्ष भनेको भावावेगलाई नियन्त्रण गर्ननसक्दा पश्चाताप मात्र हुने तथा अरूले जेसुकै सोचे पनि आफूमा भर पर्ने व्यक्तिले विश्वास गरेको मान्छेले खुसीको सास फेर्छ भन्ने अभिव्यक्ति पाइन्छ । प्रस्तुत लेख पठन र अन्तर्पठनका दृष्टिले सरोकारवाला पाठक तथा न्यायसम्पादनमा रुचि राख्ने जोकोही अध्येताका लागि समेत उपयोगी ठहर्छ।

*शब्दकुञ्जी : परिबन्द, न्यायप्रणाली, दोषी, तार्किकता, नियति ।*

**विषय परिचय :**

मानवजीवनका विविध पक्षलाई अभिव्यक्ति दिने माध्यमका रूपमा कथाको प्रयोग गर्न

थालिएको स्विकारिन्छ। आकारगत आयामका दृष्टिले कथा 'एक बसाइमा पढिसकिने साहित्यिक विधा' हो । रचनाविधानसँगै रूपविन्यासले पनि कथात्मकता प्रदान गरेको हुन्छ । कथाकार पुष्कर शमशेरले सामाजिक विषयवस्तुलाई समातेर त्यसको सूक्ष्मातिसूक्ष्म निरीक्षण गरेका छन् । सामाजिक यथार्थवादी प्रवृत्तिलाई अङ्गीकार गरी सामाजिक जीवनभोगाइका विविध समस्यालाई प्रस्तुत गर्ने सन्दर्भमा तात्कालीन समयमा न्यायसम्पादन गर्ने प्रणालीलाई जस्ताको तस्तै रूपमा प्रस्तुत गर्न रुचि लिएका छन् । सामाजिक यथार्थवादी धाराको पहिलो चरणमै उदाएका कथाकार शमशेर समस्यामूलक सामाजिक विषयवस्तुलाई आत्मसात् गरी तार्किक शैलीका माध्यमबाट अभिव्यक्ति दिन सफल भएका छन् ।

**प्रवृत्तिगत परिचय** :

कथाकार पुष्कर शमशेरको आधुनिक नेपाली कथाका यथार्थवादी धाराका सशक्त प्रतिभा मानिन्छन् । तात्कालीन परिवेशमा हुर्कँदै र पन्पिदै गएको सामाजिक स्थिति, न्यायसम्पादन गर्ने प्रणाली र सिधासाधा जनताले भोग्नुपर्ने नियतिलाई तर्कका आधारमा सामाजिक यथार्थसहित प्रस्तुत गर्न रुचि राख्नु चुनौतीपूर्ण कार्य मानिन्छ। उनी आफ्ना कथात्मक अभिव्यक्तिका क्रममा समस्यामूलक सामाजिक यथार्थको प्रस्तुति दिन रुचाउँछन् । उनका सबै कथाको शक्तिशाली पक्ष भनेकै तार्किक शक्ति हो । सामाजिक पृष्ठभूमिलाई मूल आधार बनाएर पात्रलाई मानसिक दुर्घटना गराउन सफल देखिन्छन् । साथै निर्दोष पात्रको उतारचढाव तथा मनोवैज्ञानिक पक्षको उद्घाटन गर्दछन् । कुनै न कुनै घटनाशृङ्खलालाई तारतम्य मिलाएर प्रस्तुत गर्दै घरायसी वातावरणसँगै जोडेर अभिव्यक्ति दिन्छन् । व्याकरणसम्मत भाषाको प्रयोगको साथसाथै पात्रगत थेगो र उखानको प्रयोग गर्ने सन्दर्भमा सरल, सरस र स्पष्ट भाषाको प्रयोग गर्दछन् । समाजमा विद्यमान रुढिवादी दृष्टिकोणप्रति कडा रूपमा प्रस्तुत गर्दै मानिस नियतिको चक्रमा फसेको चित्रण गरेर वियोगान्त परिणाममा धकेल्न पुग्छन् । विवेच्य कथा 'परिबन्द'को निमुखो र अशिक्षित पात्र रनेले परिबन्दमा परी नपिएको विष पिउन बाध्य हुनुमा समन्यायिक प्रणालीको प्रतिफल हो भन्ने निष्कर्ष निकाल्दछन् ।

**समस्याकथन** :

'परिबन्द' कथामा न्यायव्यवस्थामा पुनर्विचार गर्नुपर्ने विषय रहेको छ । न्यायिक प्रणालीको अन्वेषण गर्नु नै यस लेखको मूल प्रयोजन हो । यही खोजीभित्र तथ्य पुष्टि गर्ने क्रममा सामाजिक परिवेश, पात्रको स्थिति (शिक्षित-अशिक्षित), हुनेखाने र हुँदा खानेबिचको चेतनाको स्तर, ग्रामीण र सहरिया समाज तथा त्यहाँ हुर्किएको प्रवृत्ति, ती दुईका व्यवहारबिचको यथार्थलाई दुरुस्त ढङ्गले प्रस्तुत गर्नुका साथै अशिक्षित व्यक्तिका मनोवैज्ञानिक उतार चढाब र चेतनशील पठित व्यक्तिले तार्किक हतियार प्रयोग गर्दै न्यायालयको अन्तिम फैसलासम्म पुग्दाको अवस्थाको चिरफार नै यस अध्ययनको समस्याकथन हो । यसलाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्नसकिन्छ :

(क) 'परिबन्द' कथामा कस्तो न्यायव्यवस्था रहेको छ ?

(ख) न्यायव्यवस्थामा निर्दोष व्यक्तिले

परिबन्दमा परेर सजाय भोगिरहेको स्थिति कस्तो छ ?

(ग) के न्यायिक प्रणालीमा पुनर्विचारको आवश्यकता छ ?

**अध्ययनको उद्देश्य :**

कथाकार पुष्कर शमशेर समाजको यथार्थ चित्र उतार्दछन्। कथाभित्र पात्रको सामाजिक स्थिति, मानवीय भाव र संवेदना प्रकट हुन्छ। समाजको गरिबी, अशिक्षा, दुःख, पीडा, सहानुभूति, अभाव र विषय परिस्थितिको सामना गर्दै त्यही अशिक्षा र गरिबीका कारणले उत्पन्न मानसिक उतारचढाबबाट नै तत्कालीन समाजको यथार्थ तस्बिर प्रस्तुत गर्नु कथाकारका कथात्मक पहिचान हुन् । समाजको न्यायव्यवस्था, परिबन्दमा परेर अशिक्षित भएकै कारणले निर्दोष व्यक्तिले सजाय भोग्नुपरेको तितो यथार्थ तथा न्यायप्रणालीमा पुनर्विचारको आवश्यकता खड्केको अवस्थामा रहेको पक्षलाई प्रमुखता दिई समस्यामा उठाइएका जिज्ञासा वा प्रश्नको प्राज्ञिक उत्तर नै उद्देश्य भएकाले यस लेखलाई यसरी उल्लेख गरिन्छ :

(क) कथामा उल्लेख गरिएको न्यायव्यवस्थाको अन्वेषण गर्नु,

(ख) निर्दोष व्यक्तिले परिबन्दमा परेर सजाय भोग्नुपरेको स्थितिको खोजी गर्नु,

(ग) न्यायिक प्रणालीमा पुनर्विचारको आवश्यकता पहिल्याउनु।

**अध्ययनको औचित्य :**

प्रस्तुत अध्ययन कथाकार शमशेरको 'परिबन्द' कथामा अभिव्यञ्जित न्यायव्यवस्था, त्यसमा निर्दोष व्यक्तिले पाउनुपरेको सजाय र उक्त न्यायप्रणालीमा पुनर्विचारको औचित्यमा केन्द्रित छ। खोज, अनुसन्धान साधनारतहरूका लागि यो अध्ययन औचित्यपूर्ण रहेको छ। स्वअध्ययनमा लागेर ज्ञान र सिप विस्तार गर्ने तथा अनुसन्धानमूलक कार्यका लागि समेत औचित्यपूर्ण रहेको छ। यस क्षेत्रमा रुचि राख्ने जोकोही अनुसन्धानकर्ता वा सामान्य लेखपढमा ध्यान दिनेहरूका लागि समेत यस अनुसन्धानात्मक लेखले थप ज्ञान र सिप हासिल गर्न योगदान पुऱ्याउने छ। तत्कालीन न्यायप्रणाली र विद्यमान न्याय सम्पादन प्रणालीमा लाग्ने जिज्ञासुहरूका लागि त यो अध्ययन थप सहयोगी र सार्थक बन्ने छ।

**अध्ययनको परिसीमा :**

प्रस्तुत अधयन कथाकार पुष्कर शमशेरको ' परिबन्द' कथामा मात्र सीमित रहेको छ। कथा विश्लेषणका समीक्षा शास्त्रले अगाडि सारेका तत्त्व तथा कथाकारका कथागत प्रवृत्तिहरू औँल्याउनु, समीक्षाभित्र पारिएको छैन। यसभित्र कथामा मुख्य रूपमा अभिव्यञ्जित न्यायव्यवस्था र त्यस व्यवस्थामा निर्दोष व्यक्ति परिबन्दमा परेर सजाय भोगिरहेको स्थिति तथा न्यायप्रणालीमा पुनर्विचारको आवश्यकता रहेको छ ? जस्ता कुरामा, पाठमा उल्लिखित तथ्यका आधारमा केन्द्रित रहेर अनुसन्धान गर्नुमा सीमित रहेको छ।

**सैद्धान्तिक आधार :**

राणा शासनकालीन अवस्थामा रहेको न्यायप्रणाली, अदालती निर्णयको तौरतरिका तथा सत्यतथ्य सबुत प्रमाणविना 'चितुवा कराउनु र सिँगारी बाख्रो पनि हराउनु'मा चितुवाले नै खाएको हुनुपर्छ भनेर ठोकुवा गरेजस्तै

ग्रामीण, अशिक्षित, गरीबीको चपेटामा परेको परिवारविहीन, निर्दोष रनेलाई लाहुरेको हत्या गरेको भनेर विचारी पद्मानीधि लामिछानेले अपराधी साबित गरी सोहीअनुसारको फैसला सुनाएर जेल हाल्नु न्यायप्रणालीकै दोष रहेको छ भन्नुपर्दछ। केवल शङ्काका भरमा निर्दोष रने दोषी करार हुनु सामाजिक न्यायका सिद्धान्तका आधारले पनि साबित गर्नसकिने कुरै हुँदैन त्यसैले सामयिक परिस्थिति र परिवेशअनुसार न्यायव्यवस्था/प्रणालीमा पुनर्विचार गर्नुपर्ने दरिलो तर्क प्रस्तुत गर्नुमा यो अनुसन्धानको सैद्धान्तिक आधार रहेको छ।

**अध्ययनविधि :**

कथाकार पुष्कर शमशेरद्वारा रचित 'परिबन्द' कथामा सामाजिक यथार्थसँग सम्बन्धित न्यायसम्पादन परिपाटीले सामाजिक न्यायको सिद्धान्तविपरीत निर्दोष व्यक्तिले सजायको भागी हुनुपर्ने न्यायप्रणाली विरुद्ध हुने सन्दर्भमा कथाका घटना र पात्रलाई प्राथमिक स्रोतका रूपमा र अनुभव तथा दृश्यात्मक घटनालाई द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ। यथार्थ अभिव्यक्तिलाई आगमन विधिबाट प्रस्तुत गरिएको छ। कथामा व्यक्ततथ्यहरूलाई विश्लेषणको प्रक्रियाका माध्यमबाट विश्लेषण गरिएको छ । यसको अनुसन्धानको ढाँचा गुणात्मक रहेको छ।

**सामग्री सङ्कलन र विश्लेषण :**

यस विश्लेषणमा पुस्तकालयलाई मूल केन्द्र बनाएर सामग्री सङ्कलन गरिएको छ। खासगरी प्राथमिक स्रोतका सामग्रीहरू समीक्षाको केन्द्रभूमिमा रहेका छन्। तिनकै सूक्ष्म अध्ययन र विश्लेषण गर्दै निष्कर्ष निकालिएको छ। कथाको व्याख्याका क्रममा 'परिबन्द'को केन्द्रीय निष्कर्ष तथा न्यायसम्पादन प्रक्रिया त्रुटिपूर्ण रहेकाले समयसापेक्ष रूपमा त्यसको परिमार्जन गर्नुपर्ने निचोडमा पुगिएको छ। कृतिको विश्लेषण गर्दा मूल सामग्रीका अतिरिक्त अन्य सामग्री जस्तै शोधसामग्री, सन्दर्भपुस्तक आदिलाई आधार मानी गुणात्मक विधिका माध्यमबाट कृति विश्लेषण गरिएको छ। यद्यपि प्राथमिक स्रोत सामग्रीलाई अपरिहार्य रूपमा ग्रहण गरिएको छ।

**सामग्रीको व्याख्या र विश्लेषण :**

'परिबन्द' कथामा विभिन्न सन्दर्भहरू अगाडि आएका छन् । तीमध्ये न्यायव्यवस्थामा रहेको सम्पादन प्रक्रिया, दोषमुक्त हुनसकेको छैन । राणाकालीन परिवेश (वि.सं.१९९५) को सेरोफेरोभित्र निरीह, कमजोर, गरिब, दुःखी, निःसहाय, निमुखा व्यक्तिले कोबाट सहयोग पाउने र ? सबैको होचो र हेलाको पात्रको सहयोगी को हुनसक्छ र ?

शङ्का उपशङ्कालाई आधार मानिएको आफ्नै घरमा आश्रय दिएको व्यक्तिमाथि अरू कसैले आक्रमण गर्ला भनेर रनेले सोच्दा पनि सोचेन । अर्कोतर्फ दिउँसो ठाकठुक परेको कारणले हुनसक्छ, जोसुकै होस् भनेर मतलब नगरेको पनि हुनसक्छ तर रनेले सोचेको भन्दा फरक किसिमको घटनाले त्यस्तो मोड लेला भन्ने कसरी विश्लेषण गर्नसक्थ्यो र ? आखिर सोध्ने व्यक्ति पनि 'वनको बाघले नखाए पनि मनको बाघले खाएको' भनेजस्तै आफैं नै लाहुरेको ज्यानमारा केसमा परिने हो कि भन्ने शङ्काले घर गरेर घरतिरै फर्क्यौं कि कसो गरौं भन्ने द्विविधायुक्त बन्नपुग्यो। देख्ने अरू कोही नभएकाले आफ्नै स्वास्नीलाई त 'दुधको साक्षी

बिरालो' भन्लान् भन्ने सोच्यो । दिउँसो लाहुरेसँग कुस्ताकुस्ती पर्दा रिसको झोकमा 'यसलाई नमारी छोड्दिन, गए एक ज्यान त जाला नि' भनेको पनि सम्झ्यो । मनमा उठेका अनेक तर्कमध्येमा सरजमिन बस्ला यतिको लक्काजबानले किन नपक्रेको भनेर तिरिखिरी पार्लान् आदिजस्ता तर्कहरू मनमा उठे र अब भाग्नुको अर्को उपाय केही छैन भनेर भाग्यो । यही एउटा कुरालाई आधार बनाएर विचारी पद्मनिधि लामिछानेले सोझो रणबहादुर गुरुङलाई ज्यान मारेको कसुरमा जेल हाल्ने निर्णय गरे, जुन सरासर गलत थियो । रने निरपराध थियो तर त्यो फैसला गर्ने काम केवल 'परिबन्द' मात्र थियो । यहाँ सत्य, तथ्य प्रमाण जुटाउने काम गरिएन । न्यायसम्पादनका सन्दर्भमा सबुत प्रमाण पुष्टि हुने सत्यतथ्य नबुझी फैसला गर्नु नै गैरकानुनी प्रक्रिया हो, जसका कारणले एउटा ग्रामीण, अनपढ, सोझो गुरुङ अपराधी घोषित भयो । दोषी करारमा पर्‍यो । यद्यापि त्यसमा मृत्यु भएका तर्फबाट बहस पैरवी गर्ने मान्छे कोही पनि नहुँदा पनि 'दुधको दुध पानीको पानी न्यायनिसाफ त गर्नुपर्छ नि' भन्ने प्रश्न उठ्न त सक्ला । हो, वारिसवाला भए पनि ज्यानमाराजस्तो फौजदारी मुद्दा स्वतः सरकारवादी हुने हुँदा ठिकबेठिक ठम्याएर न्यायनिसाफ गर्नुपर्दछ भन्ने मान्यता उचित होला तर एउटाको ज्यान गयो भन्दैमा बेकसुर व्यक्तिलाई फसाउनु त हुँदैन नि । तर सोझो उत्तर आउन सक्छ, दिउँसो झगडा हुनु अनि राति उसको हत्या हुनु, अरूले नभएर कसले हो त ? भन्ने स्वभाविक प्रश्न त उठ्छ तर त्यसरी हचुवाको भरमा न्यायिक फैसला गर्दा वास्तवमा 'धान खाने मुसो, चोट पाउने भ्यागुतो'को उखान चरितार्थ भएजस्तै निष्कर्ष निस्किएको छ ।

तत्कालीन अवस्थामा चेतनाको कमी भएकाले पनि अनेक तर्कहरू उठ्नसक्ने नै भए । समाज, अन्धविश्वासमा जकडिएकै थियो भन्ने उदाहरणका रूपमा 'बुढाबुढीको ठाकठुक हुनु, कोठामा लामा खुट्टा भएको ढिकीच्याउँ किरा आउनु, रनेले पूर्ववत् रिसको झोक निकालेर प्याट्ट हिर्काउँनु, सेतीले नमार नमार भन्नु र किरो मरेपछि हरे नारायण बैकुण्ठ बास होस् ! अर्काले भनेको कति पनि नमान्ने नि ! कत्तिको पाप लाग्यो बाबै !' भन्ने अभिव्यक्तिमा मात्र केन्द्रित हुने हो भने पनि रने फसाउने प्रपञ्च त्यही अन्धविश्वासयुक्त चिन्तन पनि हो । न्यायसम्पादन गर्दा अल्पमत र बहुमतको कुरा केवल लङ्गडो तर्क मात्र हो । विचारी बाजेले पनि 'परिबन्द'मा परेको भन्नुका साथै 'अब के गर्छस् बाबै ! सबैले तँलाई ठहर्‍याएर ल्याएका छन्' भन्नुले निर्णय सरासर गलत भएको साबित हुन्छ । सत्यतथ्यले भेटेदेखि एउटै प्रमाण काफी हुन्छ तर यहाँ त 'सबैले तँ नै दोषी भन्छन्' भनेका आधारमा दोषी करार गर्न पाइन्छ र ? यो गलत नजिर बसालिएको हो र न्यायप्रणाली नै दोषी रहेको प्रस्ट हुन्छ ।

**गुरुङका अगाडि तार्किक शक्तिको प्रयोग** र **कमजोर मानसिकता** :

एउटा ग्रामीण निरक्षर व्यक्तिले सुदूर भविष्यको कुरा कति नै देख्नसक्छ र ? लाहुरेको हत्याको सूचना दिने उद्देश्यले हिँडेको रनेका मनमा एक किसिमको द्वन्द्व उत्पन्न हुन्छ । सूचना दियो आफैँ पो फसिने हो कि भनेर त्यहाँबाट भाग्नु कमजोर मानसिकता नै हो । यसरी भागेकै

आधारबाट उसलाई अपराधी घोषणा गरिन्छ र सजायको भागी बनाइन्छ। कतिसम्म भने सोझो रनेले आफ्नी पत्नीतर्फ फर्केर भनेको कुरा यस्तो रहेको छ :

"मलाई एउटा कुराको सन्तोक भो। रेजिमेन्टले मैले मारेको ठाने पनि तेरो मनमा त चोखै छु। हगि ?"

रनेको तर्फबाट उसले मारेको होइन भनेर दसी, प्रमाणसहित वकालत गरिदिने व्यक्ति कोही भएनन् । केवल आफू परिहाल्छु कि भन्ने डरले भाग्ने सोच आयो तर 'मुद्दाका नौ सिङ हुन्छन्' भनेजस्तै भाग्नुलाई ज्यानमारा नै हो भन्ने ठोकुवा गरेर अन्तिम फैसला सुनाइयो जुन न्यायप्रणालीका दृष्टिले उपयुक्त थिएन। ' परिबन्द' भन्ने शब्दको अर्थ नै नबुझ्ने रने त्यही फन्दामा पऱ्यो। कथाकारले यसरी प्रस्तुत गरेका छन् : 'परिबन्द भन्दो रै छ, परिबन्द भनेको क्या हो कथा हो !' नखाएको बिष खुवाउने डिठ्ठा विचारीको षडयन्त्र नै परिबन्द' कथा हो।

**त्रुटिपूर्ण न्यायव्यवस्था :**

दोषी हो वा होइन सूक्ष्म ढङ्गले अनुसन्धान नै नगरी केवल भाग्नखोजेको, पानी खुवाउन जाँदा हातका र पटुकामा रगत लागेको आरोप मात्र हो, हत्या गर्न जाँदा रगत लागेको होइन तर न्यायसम्पादन गर्दा त्रुटि देखियो। साँच्चिकै हत्या गरेर भाग्नखोजेको पनि होइन र आफैँ लाहुरेलाई मार्न गएको पनि होइन बरु मानवीय भाव प्रकट गरी पानी खुवाउन जाँदा रगत लागेकै आधारलाई ज्यान कसुरमा फसाउनु असल नियत हुँदै होइन। विचारीकै कुरालाई आधार मान्ने हो भने पनि रने निष्कलङ्क नै देखिन्छ। कथाकारको प्रस्तुति यस्तो छ, "तँ चाइने सोझो गुरुङ, पानी खुवाउँदो भएको हात र पटुकामा चाइने रगत लाइस्। त्यो थाहा पाएको भए चाइने छुन्थिनस होला, थाहा पाइनस।" विचारीले आफैँले स्विकारेको छ अनि फेरि परिबन्दमा पारेर रनेको विपक्षमा फैसला सदर गरेको छ। यस आधारबाट पनि न्यायव्यवस्था गलत हुँदा हुँदै निरपराधी मान्छे सजायको भागी बनेको छ। यसभित्रको न्यायव्यवस्था सामाजिक न्यायका सिद्धान्तका आधारमा पनि अन्यायपूर्ण छ।

**परिबन्दमा परेर सजाय पाएपछिको स्थिति :**

फैसलाको पर्खाइमा अन्यौलमा पिङ खेलिरहेकी सेतीले फैसलापछि रनेले सफाइ पायो होला, रिहाइ भयो होला भन्ने ठानी र मनमा एकतमासको आनन्दको अनुभूति गरी तर त्यसले साँचो रूप लिएन। रने दोषी करार भएपछि हातमा सिक्री लगाइयो । एक किसिमको तन्द्रावस्थामा रहेकी सेतीले सिक्रीको स्वाल्र्याङ स्वाल्र्याङको आबाज सुनेपछि खङ्गङ्ङ भई। रने नजिकै आए पनि स्पष्ट हुन सेतीले सोधेकी थिई । रनेले 'सदर भयो' मात्र भन्यो। यस अवस्थामा सेती आँसुविना नै रुन लागेकी थिई। यस प्रसङ्गलाई पुष्टि गर्ने गरी कथाकारले उल्लेख गरेका वाक्य यस्ता रहेका छन्, "सिक्रीका स्वाल्र्याङ-स्वाल्र्याङ आबाजको झझल्कोले उसको दिवास्वप्न भङ्ग भयो।" "नेलको सिक्रीमा बाँधेको डोरी दुबै हातले माथि उठाई रने विस्तारै विस्तारै आउन लागेको रहेछ।"

*"के भो ?"*

*"सदर भयो।"*

*सेती विनाआँसुले रुन लागी।*

**न्यायिक प्रणालीमा पुनर्विचारको अपरिहार्य स्थिति :**

कानुनले निर्दोषलाई दण्डसजायको भागी बनाउनुहुँदैन भन्ने सर्वमान्य सिद्धान्तका विपरीत कथाको घटना शृङ्खला हेर्दा वैपरीत्य ध्रुवतिरको गन्तव्य निर्दिष्ट छ। गल्ती नगर्नेले सजाय पाउनुहुन्न भन्ने सन्देश दिन कथाकारको रुचि भए पनि त्यसको अन्त्य भने पृथक् रहेको पुष्टि भएको छ। यस किसिमको न्यायिक प्रणालीले कालान्तरमा आममानिसमा विद्रोहको भावना जागृत हुनसक्छ। तर्कका बलले निरपराधी रने गुरुङ, अपराधीको विल्ला भिर्न बाध्य भएको घटनाले दुर्बल, गरिब, दुःखी, निसहाय व्यक्ति सधैँ षडयन्त्रको सिकार भइरहने निष्कर्ष निस्कने भएकाले समयसापेक्ष सुधारको अपेक्षा गरिएको छ। यही किसिमको न्यायव्यवस्था रहिरहे विद्रोहको आगो सल्कने सन्दर्भको प्रस्तुति भएको छ।

**निष्कर्ष र प्राप्ति :**

'परिबन्द'ले साधु चोर र चोर साधु बन्ने स्थिति सिर्जना गरेको छ। यसमा सामाजिक विषमता, मानवीय संवेदना, न्यायसम्पादन प्रणाली, वेतिथि, शङ्का, उपशङ्का, घटना-शृङ्खलामा उनिएका विषयवस्तुले न्यायप्रणाली त्रुटिपूर्ण रहेको निष्कर्ष छ। यति हुँदाहुँदै पनि निर्दोष व्यक्तिलाई कानुनको कठघरामा उभ्याउन नहुनेतर्फ सोझो प्रश्न उठाइएको छ। न्यायव्यवस्थामा आवश्यक सुधार अपेक्षित छ नत्र विद्रोहको आगो बल्नसक्ने प्रचुर सम्भावनाको सङ्केत मिल्दछ। न्यायपद्धति यथास्थितिमा रहन दिनुहुँदैन भन्ने मूल सन्देश नै यस कथाको प्राप्ति मानिन्छ। अशिक्षित व्यक्ति भएकाले बोल्दा धक मान्नु स्वाभाविक हो, त्यसलाई कमजोरी मानी फैसला गर्नु न्योचित मानिँदैन। अनावश्यक रूपमा ज्यानमाराको सजाय पाउनु यसको दुःखद स्थिति हो। रने र सेती असचेत, अशिक्षित पात्र हुन्, उनीहरू विनाकारण सजाय पाउँदा पनि विद्रोह गर्नसक्दैनन्।

तत्कालीन न्यायप्रशासन तथा सामाजिक संस्कारजन्य विविध विकृतिलाई गम्भीरता साथ प्रस्तुत गरेका छन्। उनको ठम्याइमा सामाजिक विकृति र विसङ्गतिका कारणले निर्दोष पात्रहरू दुर्घटनाका सिकार भएका छन्। निर्दोष व्यक्तिले सजायको भागी नहुनुपर्ने हो तर उनका कथाका पात्रहरू निर्दोष हुँदाहुँदै पनि सजायको भागी बन्नपुगेका छन्। उनका कथामा प्रस्तुत भएको तथ्य एकातिर छ तर तर्कका भरले दुर्घटनामा पुऱ्याउने काम भएको छ।

**सन्दर्भसामग्री सूची :**


ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल, (२०६६) नेपाली कथा र उपन्यास, काठमाडौँ : एम.के. पब्लिसर्स।

लामिछाने, यादवप्रकाश, (२०६३) नेपाली कथा र उपन्यास सिद्धान्त र समीक्षा, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

शर्मा, मोहनराज र दयाराम श्रेष्ठ (२०५७) नेपाली साहित्यको सङ्क्षिप्त इतिहास, काठमाडौँ : साझा प्रकाशन।

श्रेष्ठ, दयाराम (२०५०) सम्पा., पुष्कर शमशेरका कथाहरू, काठमाडौँ : साझा प्रकाशन।

## ❑ गीत



❖ **आर.एल. श्रमजीवी**

बग्छ रगत शरीरभरि, थर, जिन तिम्रो
परिवारको छानो हाम्रो बाबा कति राम्रो
बग्छ रगत शरीरभरि ...

सानो छँदा चढ्थ्यौँ घोडा तिम्रो काँधमाथि
मेलापात रनवन गर्नु गऱ्यौ तिमीले सकेजति
बग्छ रगत शरीरभरि ...

हामीलाई बनाउन भत्किने तिमी
सधैँ दुस्मनलाई ललकार्न डनजस्तै झनै
बग्छ रगत शरीरभरि ...

चोट लाग्दा डाक्टर तिमी भोक लाग्दा भोजन
चिचीपापा ल्याइदिने कति महान त्यो मन
बग्छ रगत शरीरभरि...

झगडा पर्दा न्यायाधिस घर मन्दिरका देउता
संसारका बाबाहरू साक्षात मात्रै एउटा
बग्छ रगत शरीरभरि...।

## ❑ दुई मुक्तक



❖ **गोविन्द कुँवर**

१

निम्नतम केही अभाव नहोस्
कसैको दबाब र प्रभाव नहोस्
खुसी र सुखी हुन धेरै चाहिन्न
सधैँ सद्भाव होस् दुर्भाव नहोस्।

२

सामाजिक सञ्जाल आत्मगाथा रहेछ
घामपानीबाट जोगाउने छाता रहेछ
मान्छेका चाहानाहरू चराजस्तै उड्छन्
संसारमा निर्दोष जीवन सादा रहेछ।

*जिमित्रे, भोटेओडार, लमजुङ।*



❖ **नवराज श्रेष्ठ**

# आमा

आमा ! यहाँ त दिल खोलेर
धित मरुन्जेल रुन पनि
नपाइँने रहेछ !
म बोल्न नसक्ने वेला तिमीले
सबै सबै मेरा भाषा बुझ्थ्यौ
तर यहाँ
म चिच्याइ चिच्याइ कराउँदा पनि
कसैले बुझ्दैन आमा !

हो आमा,
मलाई हवाइजहाजबाट खसालेर
गोदाममा थुपारे
भोलिपल्ट मालिकले
खसीबोकाजसरी
छानी छानी
रोजी रोजी
उनको घर लगे !
आमा !
यहाँ मैले
टाउको दुःख्यो भन्न पाउँदिन
सारै थकाइ लाग्यो
आज आराम गर्छु भन्न पाउँदिन
पाउँदिन आमा
यहाँ त दिल खोलेर
धित मरुन्जेल रुन पाइँदैन आमा !

साँच्चै आमा !
मलाई
पासपोर्ट बनाउँदा सरकारले ठग्यो
भिसा लगाउँदा म्यानपावरले ठग्यो
बास बस्दा होटेलले ठग्यो
यताउता जाँदा ट्याक्सीले ठग्यो
यहाँ पनि आमा
मलाई भाग्यले ठग्यो
त्यसैले आमा !
भाइलाई
मलेसिया, दुबइ, कतार नपठाउनू है
बहिनीलाई
क्यानडा, अमेरिका, अस्ट्रेलिया नपठाउनू है
किनकि
आमा !
यहाँ दिल खोलेर
धित मरुन्जेल रुन पनि पाइँदैन !

*जोगिमारा-७, धादिङ; भारपाङ ।*

'अविच्छिन्न प्रकाशित भइरहेको
साहित्यिक पत्रिका
**शब्द-संयोजन**
मासिक' पढ्नुहोस् ।

# ज्येष्ठ नागरिक



❖ कुमार नेपाल

एकपटक एकजना राजाले आफ्नो राज्यमा भएका १०० वर्ष पुगेका सबै वृद्धवृद्धालाई जिउँदै मार्न एउटा डरलाग्दो कानुन बनाए। त्यो कानुन लागू भएपछि त्यस राज्यमा भएका १०० वर्ष नाघेका सबै वृद्धवृद्धालाई राख्न धेरैवटा गुफा बनाउन लगाए र सबै वृद्धवृद्धालाई त्यो गुफाभित्र राखेर बाहिरबाट पर्खाल लगाइदिने आदेश थिए । धेरैजना वृद्धवृद्धालाई त्यस गुफामा राखेर बाहिरबाट पर्खाल लगाइदिए। त्यसले गर्दा धेरैजना त्यहीँभित्र थुनिएर जिउँदै मृत्युको मुखमा पुगे। त्यस राज्यको शङ्कर भन्ने एकजना व्यक्तिको आमा नभएको तर बाबु भने १०० वर्ष पुगिसकेका थिए तर पनि उनी तगडै हिँडडुल गर्नसक्थे र बुद्धिमान् थिए । उनले आफ्नो छोरालाई धेरै नै माया गर्दथे र छोराले पनि आफ्नो बाबुलाई धेरै नै माया गर्दथ्यो। ऊ पनि ज्यादै नै बुद्धिमान् थियो। बाबुकै सल्लाह लिएर उसले बाबुलाई त्यस गुफामा लगेर राखी बाहिरबाट पर्खाल लगाइदियो र त्यस पर्खालमा सास फेर्नुहुने, हावा जाने एउटा प्वाल र अर्को खाना राख्न दिन मिल्ने एउटा प्वाल बनायो र ऊ सधैँ आफ्नो बाबुलाई त्यसै प्वालबाट खाना खान दिई जिउँदै राखेको थियो। केही दिनपछि राजाले जनतालाई दुःख दिई भोकै मार्न अर्को कानुन बनाए, त्यस कानुनअनुसार सबै जनताले सधैँ राजाको खेतमा मात्र काम गर्नुपर्ने र आफ्नो खेतमा काम गरी बाली लगाउन नपाई भोकै मर्नुपर्ने गराए। त्यो कुरा सुनी शङ्करलाई धेरै नै पिर पर्‍यो र उसले आफ्नो बाबुसँग भन्यो। बाबुचाहिँले उसलाई भने, 'तिमीले एक हल गोरु किनेर ल्याऊँ, दिनभरि राजाकै खेतमा काम गर, राति त्यही गोरु जोतेर आफ्नो खेतमा बाली लगाऊ' भनी सल्लाह दिए र छोराले त्यसैगरी राजाको भन्दा बढी बाली फलायो।

बाली भित्र्याउने वेलामा राजाले आफ्नो खेतको बालीभन्दा शङ्करको बाली राम्रो भएको देखे र अचम्म मानी यो कसरी भयो भन्दा यो सबै मेरा बाबुले दिएको सल्लाहअनुसार सम्भव भएको हो भन्यो । राजाले 'त्यो हो भने म तिम्रो बाबुसँग मिल्न चाहन्छु, तुरुन्त बोलाएर ल्याऊ' भने। यो सम्भव छैन महाराज किनभने हजुरको आदेशअनुसार मेरा बाबु पनि गुफाभित्र हुनुहुन्छ भन्दा 'त्यसो भए तिम्रो बाबु त मरिसके, मरेको मान्छेले कसरी सल्लाह दिए ?' भन्दा शङ्कर आफ्नो बाबुको सल्लाहअनुसार 'गुफाको पर्खालमा एउटा हावा जाने र अर्को खाना दिने प्वाल बनाएको, त्यसै प्वालबाट खाना दिने गरेकोले मेरा बाबु जिउँदै हुनुहुन्छ' भन्दा राजालाई आफूले

वृद्धवृद्धालाई गरेको दुष्ट व्यवहारबाट ज्यादै नै पछुतो भई ज्येष्ठ नागरिकको बुद्धिको तारिफ गर्दै उनीहरूको सम्मान गर्ने कानुन बनाएर सबै जनतालाई 'अब उप्राप्त सबैको राज्यका ज्येष्ठ नागरिकको सम्मान गर्नू र गुफाभित्र बाँचेका सबैलाई बाहिर निकाली मेरो तर्फबाट माफी मागी ससम्मान उनीहरुको सल्लाह लिएर मात्र काम गर्नू' भन्ने आदेश दिए र राजा आफैँले पनि आफ्नो निर्दयी र दुष्ट व्यवहारको लागि सबैसँग माफी मागी क्षमायाचना गरे ।

*शंखमूल, काठमाडौँ ।*

❑ कविता



❖ विपी आजाद

# संस्कृति र पर्यावरणको अन्तरसम्बन्ध

हिमालजस्तै उच्च शिर, नेपालीको शान
पहाडझैँ अटल हाम्रो बलियो पहिचान
सुन फल्ने तराईले देखाउँछ विश्वास
एउटै धरती-आकाश हाम्रो साझा आवास ।

वन, पहाड, नदीनाला, माटो हाम्रो धरोहर
यिनैबाटै जन्मिएको संस्कृतिको स्वर
ढुङ्गामाटो पूज्ने रीत, नदीलाई आमा मान
प्रकृतिप्रति श्रद्धा राख्नु हाम्रो संस्कार जान ।

चाडपर्व, आदर-प्रेम, सहिष्णुताको बाटो
भाषा-जाति फरक भए पनि एउटै हाम्रो माटो
रङ्गीचङ्गी फूलजस्तै भिन्न भिन्न पहिचान
विविधतामा एकता नै नेपालीको सम्मान ।

गैँडा, बाघ, हात्ती, कस्तुरी, हिउँ चितुवाको वास
स्वच्छ वन-जङ्गलविना टुट्छ जीवनको श्वास
संस्कृति र पर्यावरण सँगै जोगाऔँ आज
सुन्दर नेपाल बनाउन यही हो सही काज ।

बाल हातले पढीलेखी भोलि उज्यालो दिन
सफा वातावरण, राम्रो संस्कार सँगै किन
आज जोगायौँ प्रकृति, संस्कृति अमर बन्छ
यही बाटो हिँड्यौँ भने नेपाल सधैँ चम्कन्छ ।

हिमालजस्तै उच्चशिर नेपालीको शान
पहाडझैँ अटल हाम्रो बलियो पहिचान
सुन फल्ने तराईले देखाउँछ विश्वास
एउटै धरती-आकाश हाम्रो साझा आवास ।

# समयको प्रवाह र पर्वाह !



❖ डा. चेतनाथ कणेल 'हरित'

समयको टिकटिक सुन्छु, भित्ताको घडी हेर्छु, समय निरन्तर बगेको छ, अविरल प्रवाहमा छ। टिकटिक सुन्दा र घडी हेर्दा यो कुराको अझ बढी महसुस हुन्छ। समयको प्रवाहलाई रोक्ने कसले ? समयले छाडेका पदचाप पछ्याउने कसले ? समयले पूरा गर्ननसकेका भारमय जिम्मेवारी बोक्ने कसले ? समयको प्रवाहको पर्वाह नगरेरै हामी समयोचित बन्नसकेनौँ। हामी समसामयिक र विश्वप्रतिस्पर्धी बन्नसकेनौँ।

पछिल्लो समय नवयुवा (जेन-जी)ले समेत सङ्केत गरिसकेका छन्- देशले तीव्र परिवर्तन मागिरहेको छ तर हाम्रा प्रयासहरू भने कछुवाको गतिमा भइरहेका छन् । कछुवाको गतिले देशमा बढिरहेको जनचाहनालाई सम्बोधन गर्नसक्दैन। जनचाहना अनेक छन्, सुशासनको बहाली, भ्रष्टाचारको अन्त्य, बेरोजगारलाई रोजगारी, युवालाई बहुआयामिक अवसर, सूचनाको स्वतन्त्रता, न्यूनतम सुविधा पुगेका ग्रामीण तथा सहरी बस्ती आदि।

युवालाई अवसर दिलाउने कार्य सहज छैन, यो कुरा शीघ्र हुने पनि होइन। एकातिर नेतृत्व विकास र अवसरको कुरा, अर्कोतिर छ रोजगारी र आयमुखी संलग्नता अनि सक्रियताको कुरा । रोजगारीप्रधान अवसरको शीघ्रताका लागि 'स्टार्ट-अप'जस्ता केही विकल्प निक्लेलान् तर ती अवसर पनि सीमित वर्गको हातमा मात्र जान्छन् । सीमित वर्गको रजाइँ त विगतमा पनि चलिरहेको थियो, अबको समयमा के त ? अबको समयको माग नै हो सीमित वर्गलाई मात्र देशमा आएको नयाँ परिवर्तन र लोकतन्त्र तथा गणतन्त्रको न्यानोले सेक्यो तर अधिकांशका लागि 'कौवालाई बेल ...' बन्यो, त्यसो हुनु पटक्कै भएन। कौवालाई बेल पाक्दा हर्ष न विस्मात् भनेझैँ हाम्रो देशका अधिकांश परिवार नयाँ व्यवस्थाको लाभबाट सधैँ बञ्चितिमा परे, 'व्यवस्था'हरू फेरिए पनि 'अवस्था' फेरिने काम हुनसकेन। विपन्नहरूको वञ्चितीकरण पनि यहाँ ज्यादै बहुआयामिक छ, दुरुह र भयावह छ।

वञ्चितीकरणको बहुआयाम अर्थात् धेरै तरिकाले निम्छरा, तल्लो वर्ग, अपठित र अपहेलितहरूलाई निरन्तर दबाउने काम भएको छ, लाभबाट अविच्छिन्न पाखा लगाउने काम भएको छ। पाखा पर्दा पर्दा यो समाज/समूह थाकिसकेको छ र राणाकाल, शाहकाल, लोकतन्त्र तथा गणतन्त्रकाल सबै सबै काल व्यहोरिसकेपछि अब कुन 'काल' भनेर जोखाना हेरिरहेको छ । थाक्ने प्रक्रिया ज्यादै लामो भयो, हजुरबा पुस्तादेखि नाति पुस्तासम्म अकण्टक। निरन्तरको थकान। कालान्तरको

थकान । पुस्तौँपुस्ताको थकान र उत्पीडन ।

हो, हजुरबा पुस्तामा जनजीवन केही सजिलो थियो । खेतीपातीमा मात्र आश्रित भए पनि जीवनको डुङ्गा सहजै चल्थ्यो तर अहिले त्यसरी जीवन चल्दैन, समाजरूपी डुङ्गाको प्रवाह चल्दैन । विश्व बदलिएको छ । समाज बदलिएको छ । विश्वको विकासले फड्को मारेको छ । हामी सँगसँगै हिँड्ननसके पनि पछि पछि नहिँडी सुखै छैन । विज्ञान र प्रविधिले दुनियाँलाई साँघुरो बनाएको छ । नयाँपुस्तालाई आकाङ्क्षा र आत्मबोधको जबर्जस्त भारी बोकाइदिएको छ यो समयले । पहिले पहिले अर्थात् हजुरबा पुस्तामा यस्ता आकाङ्क्षा र सहअस्तित्वको बोध कमै हुन्थ्यो । दासप्रथा र सामन्ती युगबाट भर्खर भर्खर उम्केका वा उम्किने क्रममा रहेका व्यक्तिमा के नै धेरै चाहना हुन्थे होलान् र ?

## निरन्तरको खटना र रटना

हो, विज्ञान र प्रविधि जोड्नसके मात्र जीवन सहज हुने हो । जीवनमा प्रगतिका लागि शिक्षा, विज्ञान र प्रविधिको कुशल प्रयोग अहिलेको आवश्यकता हो । कुशलता यसै आउँदैन । यसका लागि राम्रो शिक्षा र तालिम चाहिन्छ । शिक्षा र तालिमले मात्र पनि पुग्दैन, अनुभव लिने अवसर चाहिन्छ । अहिले अभाव भएको नै त्यही अवसरको हो । अवसर सिर्जना गर्ने प्रणालीको हो ।

हाम्रो पद्धति र प्रणाली नै दोषी बनेका छन् यति वेला । त्यसो त हाम्रो शिक्षालाई पनि दोषी ठहऱ्याइन्छ यहाँ । शिक्षा गुणस्तरीय भएन, शिक्षा व्यवहारोपयोगी भएन, शिक्षाले रोजगारी र सिप प्रदान गर्नसकेन, शिक्षा केवल ज्ञान भर्ने माध्यम भयो सिप, कौशल र सकारात्मक सोच, भावना र प्रवृत्ति विकास गर्नमा अहिलेको शिक्षा चुक्यो भन्ने गुनासो र रटना सर्वत्र छ तर गुनासो व्यवस्थापन गर्ने कसले ? त्यसको वास्तविक खटना गर्ने कसले ?

विगत साढे सात दशकमा स्कुल नै नभएको अवस्थामा हजारौँ स्कुल छन्, कलेज नै नभएको अवस्थामा सयौँ कलेज छन्, विश्वविद्यालय पनि हामीकहाँ डेढ दर्जनभन्दा बढी नै छन् तर कहाँ चुक्यो त हाम्रो शिक्षापद्धति ? कहाँ चुके त हाम्रा विद्यालय, महाविद्यालय, विश्वविद्यालय ? कुरा उठ्नथालेको पनि दशक नै भयो, समाधान नभएको पनि दशक नै भयो ! आखिर तैँ चुप, मै चुप भनेजस्तो भएको छ हाम्रो शिक्षा । शनैः शनैः, सबै चलेकै छ । चरैवेति, चरैवेति, समय हिँडिरहेकै छ । काग कराउँदै छ, पिना पनि सुक्दै छ ।

नयाँ शिक्षाका नाममा विज्ञान शिक्षा दियौँ, नैतिकता दिन सकेनौँ, आधुनिक शिक्षाका नाममा केही आधुनिकता दियौँ; सनातनी परम्परा, संस्कार र संस्कृति जोगाउन सकेनौँ, हाम्रो शिक्षाजगत्का ठुला समस्या यिनै हुन् । यी समस्या थाहा नभएको कसैलाई होइन । सबैलाई थाहा छ तर समाधान गरिदिने कसले ? यसमा डुबुल्की मारी गहिरो विश्लेषणका साथ अचुक उपायहरू खोजिदिने कसले ? ती उपायको सही ढङ्गबाट कार्यान्वयन वा अवलम्बन गरिदिने कसले ? समस्या यहीँ छ । व्यष्टिमा हामी कर्मशील छौँ तर समष्टिमा हेर्ने कसले ? टुक्रा टुक्रामा हामी अभ्यस्त छौँ तर साङ्गोपाङ्गोमा हेर्ने कसले ?

जसले आबाज उठायो, जसले क्रान्तिको बिगुल फुक्यो, जसले परिवर्तनको हुङ्कारी-

ज्वाला बाल्यो, ऊ ठाउँमा पनि पुग्यो, अर्थात् सत्तामा पनि पुग्यो तर सत्तामा पुगे पनि 'सिन्को' भाँच्न मुस्किल पऱ्यो । यस्तै सुनिन्छ, यस्तै देखिन्छ । सत्तामा पुगेका वेलामा नै केही गर्ननसकेपछि उनीहरूकै मुखबाट निस्कन्छ- 'यो देशमा केही हुँदैन, सतीको श्राप परेको देश', आदि आदि ।

यो तितो यथार्थ हामीले विगत तिस-पैँतिस वर्षदेखि देखिरहेका छौँ, भोगिरहेका छौँ । पदमा नपुगुञ्जेल बोल्न सजिलो छ, भाषणको प्रहेलिका छर्न सजिलो छ, आश्वासनको बिस्कुन सुकाउन पनि सजिलै छ तर पदमा पुगिसकेपछि काम गर्न धेरै गारो छ, सारो छ । असीम प्रतिबद्धता चाहिन्छ जनमुखी काम गर्न, परम साहस चाहिन्छ जनहितकारी काम गर्न र सगरमाथा चढेजस्तै जोखिम उठाउने क्षमता पनि चाहिन्छ साँचो अर्थको जनोपयोगी काम गर्न ।

'मैले सोचेको थिएँ तर गर्न सकिनँ, मलाई काम गर्न नै दिइएन' भनेर धेरै पदासीन, सत्तासीन व्यक्तिका उद्‌गार सुन्न पाइन्छ । यो त फेरि सनातनी अनुभव नै भयो । यो कुनै नयाँ कुरा भएन । नयाँका लागि त विशेष प्रयास गरिनुपर्थ्यो, अदम्य आँट गरिनुपर्थ्यो, 'ब्रेक-थ्रु'को अभियान बोकेर खरायो गतिमा हिड्नु पर्थ्यो तर त्यो हुनसकेन । पदमा पुग्नासाथ आफ्नै नयाँ घर र 'महल'को नापनक्सा र जगको काममा अल्झेपछि कसले सोच्ने फेरि यी परिवर्तनकामी चुनौतीपूर्ण कुरा ? कसले चाहने यहाँ रूपान्तरणमुखी जोखिमको भार उठाउन ? जोखिम उठाउनसक्ने मान्छे नै 'नेता' हो, 'दिशा-निर्देशक' हो भन्ने कुरा हामीले पदमा पुगेपछि भुसुक्कै बिर्सन्छौँ । यस्तै छ यहाँको चलन !

**निष्कर्ष**

समयले हामीलाई अब छाड्नेवाला छैन । हिजोआज खुब सुनिन्छ, 'कि सच्चिने, कि सक्किने !' सबैले चाहेको कुरा सच्चिने नै हो । सक्किन को चाहन्छ र ? तर सच्चिनु र सक्किनुकै बिचमा हराइरहेको छ यो समय । पर्ख र हेर भनिरहेको यो जर्जर र बर्बर समयले अब कतिसम्म पर्खने आँट गर्ला, कतिसम्म धैर्यधारण गर्ला ? बेपर्वाह बगिरहेको यो समयले अब नभनोस् 'जुन जोगी आए पनि...', अविरल प्रवाहित यो समयले अब नभनोस् 'नभेटुञ्जेल उसैको पिरलो, भेटेपछि कुक्कुर बिरालो ।' अस्तु ।


*श्रृङ्गा, गुल्मी,*
*हालः नयाँबानेश्वर, काठमाडौँ ३१ ।*
chetnathkanel@gmail.com

## सर्जकहरूमा सादर अनुरोध

कृपया अन्य पत्रपत्रिका, अनलाइन पत्रिका, फेसबुक आदिमा प्रकाशनका लागि नदिइएका र कतै पनि प्रकाशित नभएका प्रकाशनयोग्य सिर्जना मात्र सम्पादनको अधिकारसहित 'शब्द-संयोजन' साहित्यिक मासिक पत्रिकामा प्रकाशनार्थ पठाउनुहुन सादर अनुरोध गरिन्छ । यस पत्रिकामा प्रकाशनार्थ पठाइएका सिर्जना अन्यत्र प्रकाशन गर्नुपर्ने भएमा सूचना दिएर मात्रै प्रकाशन गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

*– शब्द-संयोजन परिवार*

# स्लोभेनियामा मन्त्री र कवितासँग यात्रा



❖ **कृष्ण बजगाईं**

युनेस्कोले सूचिकृत गरेको साहित्यको सहर स्लोभेनियाको राजधानी लुब्लियानाबाट दौडियो कार । कार चलाइरहेका छन् स्लोभेनियाका पूर्व संस्कृति मन्त्री टोन पर्साकले । उनी ट्रजिन नगरपालिकाको १६ वर्ष अर्थात् चार कार्यकाल मेयर भइसकेका लोकप्रिय जनप्रतिनिधि पनि हुन् । पत्रकार तथा थिएटर डाइरेक्टर भएर काम गरेका टोनका ६ वटा उपन्यास प्रकाशित छन् । विशिष्ट व्यक्तित्व, विनम्र र बहुमुखी प्रतिभाका धनी टोनको छेउको सिटमा बसेको छु। पूर्वमन्त्रीले चलाएको कारमा बस्न पाउँदा अचानक मेरो मन नेपाल पुग्छ । सम्झन्छु नेपालका भूतपूर्व मन्त्रीहरूको चरित्र।

चारदिने अन्तर्राष्ट्रिय साहित्यिक कार्यक्रममा पहिलोपटक बोलाएको थियो स्लोभेनियाले मलाई। कार्यक्रम सकिएपछि भोलिपल्ट बिहानै लुब्लियाना सहरको अवलोकन गर्न निस्केको थिएँ। सोही दिन बेलुकाको अलिकति बचेको समयमा साहित्यिक कार्यक्रममा सहभागी हुने योजना बनाएको थिएँ। सहभागी मात्र के भन्नु र ? उक्त कार्यक्रममा कविता वाचन र संवादका लागि मलाई निम्त्याइएको थियो । मनमा खुसीको गुलाफ फुलेको छ तर त्यही गुलाफसँगै अलिकति बेचैनीको काँडा पनि उम्रेको छ । कस्तो होला मेरो कविता र संवादको प्रस्तुति भनेर मनमा अलिकति डर पलाएको छ।

“मलाई यो कार्यक्रममा निम्त्याउनुभएकोमा फेरि पनि धन्यावाद डियर टोन।” कार्यक्रमका परिकल्पनाकार तथा मोडेरेटर टोनलाई लिखित धन्यवाद इमेलबाट दिएपछि पाहिलोपटक मौखिक धन्यवाद दिन्छु। “स्लोभेनियाले केही वर्ष यता लेखकहरू आदान-प्रदान र आवासीय कार्यक्रम आदिको आयोजना गरेर अन्तर र्‍ाष्ट्रियरूपमा साहित्यसँग सहकार्य गरिरहेको छ। थोरै भए पनि यसले स्लोभेनियाली साहित्यलाई विश्वसाहित्यसँग जोड्ने काम गरिरहेको छ। सोही कार्यक्रमको एक भागमा तपाईंलाई निम्त्याएका हौँ”, टोनले मुस्कुराउँदै भने।

विदेशी कविहरूलाई रचना सुनाउने अवसर दिने र कविता सुन्न आउने स्लोभेनियालीहरूको साहित्यप्रेम थाहा पाउँदा खुसी मान्छु । यो पनि एउटा महत्त्वपूर्ण तरिका हो साहित्यलाई संसारभर पुऱ्याउने भन्ने लाग्यो मलाई।

जीवनको अधिकांश समय राजनीति, साहित्य र कलामा संलग्न रहेका टोन मसँग साहित्यकै मात्र कुरा गरिरहेका छन् । आफू मेयर र संस्कृति मन्त्री भएको वेला साहित्यलाई प्रवर्धन गर्ने विभिन्न कार्यक्रमहरू आयोजना गरेका कुराको जानकारी सुनाइरहेका छन् । उनका अनुसार अहिले स्लोभेनियामा साहित्य र अन्य कलाहरू जस्तै सङ्गीत, चित्रकला,

ग्राफिक नोवल बिचमा संयोजन बढिरहेको छ। ग्राफिक नोबल/कमिक्स फेस्टिबलहरूको आयोजना हुनथालेको छ । साहित्यलाई सार्वजनिक स्थानमा लैजानका लागि सडक, पार्क, खुल्ला ठाउँमा राखिएका बेन्चहरूमा बसेर सामूहिकरूपमा अध्ययन गर्ने प्रवृत्तिको विकास हुँदै छ।

टोनको कुराले खुसी बनाउँछ। यस्तै नयाँ नयाँ विधिहरूले पाठकलाई साहित्यतर्फ फर्काउँछ । पठन संस्कृतिको विकास हुन्छ । स्लोभेनियाको यो तरिका अनुकरणीय लाग्यो मलाई । "स्लोभेनियामा पठन संस्कृतिको खुब विकास भएको रहेछ हगि ?'' म अर्को जिज्ञाशा राख्छु। "वर्षैभरि विभिन्न साहित्यिक उत्सव चलिरहेको हुन्छ स्लोभेनियामा । हाम्रो साहित्यलाई विश्वमाझ पुऱ्याउने प्रयास गरिरहेका छौँ । सार्वजनिक पुस्तकालयमा नयाँ र चलेका पुस्तकहरू तुरुन्त उपलब्ध हुनु, युवा पाठकहरूलाई लक्षित विभिन्न कार्यक्रम आदिको आयोजनाले पठन संस्कृतिको विकासमा थप योगदान गरिरहेको छ", टोनले भने।

कार दैडिरहेको छ सहरको भिडभाडमा । कारबाटै बाहिर चियाँउछु। पुराना र नयाँ भवन, क्याफे, रेस्टुरेन्ट र विभिन्न पसलहरू देखिन्छन्। आधुनिक र परम्परागत भवनहरूको मिश्रण भएको लुब्लियाना सहरलाई एकदम सुन्दर देख्छु। उसो त दिनभर लुब्लियानाको अर्को सुन्दर भागको अवलोकन गरिसकेको थिएँ। साँझ पाँच बजे कवितावाचन कार्यक्रममा जाने योजनाअनुसार टोनले लुब्लियानामा मलाई लिन आएका हुन्।

"एकदम सानो देश स्लोभेनियाको थोरै बोलिने स्लोभेन भाषालाई वर्तमान समयको प्रविधिले कसरी प्रभाव पारिरहेको छ ?" टोनलाई फेरि जिज्ञाशा राख्छु। "हाम्रो साहित्यको अनुवाद र विदेशी बजारमा प्रवेशजस्ता विषयहरू ठुलो चुनौतीका रूपमा छन् । डिजिटल युगमा हेर्ने र सुन्ने नयाँ नयाँ माध्यमले पाठकहरू घटाइरहेको छ । यसले पारम्परिक प्रकाशनलाई असर पारेको छ। युवा पाठकहरूलाई पुस्तकप्रति आकर्षित गर्ने काम निरन्तर गर्नुपर्ने अवस्था छ। उनीहरूलाई विशेष गरी सोसल मिडिया, गेमिङ आदिबाट पुस्तकमा फर्काउनुपर्ने ठुला चुनौतीहरू छन्", ट्राफिक लाइटमा रोकिएको कार अगाडि बढाउँदै गर्दा टोनले भने।

सहरको भिडभाड पछाडि छुट्यो। देखिन थाले अलिक खालि सडक। सामुन्ने फेरि आउन थाले ससाना घर भएका बस्तीहरू। एकछिनपछि ती बस्तीहरू पनि पातलिन थाले । खेतका मलिला फाँट र लहरै उभिएका पहाडहरू नियाँलिरहेको छु। एकछिनपछि जङ्गल र हरियाली क्षेत्र आँखा अगाडि आउन थाले । हरियाली देख्दा स्लोभेनियाले वातावरण संरक्षणमा विशेष महत्त्व दिएको पाउँछु । बेतोडले दौडिरहेका छन् कारहरू सडकमा । सडकमा न डरलाग्दो घुम्ती छ न त उकाली र ओराली नै छन्। मसँग गफिँदै हुँइक्याइरहेका छन् कार टोनले। एकदम आरामदायी लागिरहेको छ कारयात्रा।

"तपाईँ पहिलो नेपाली हो नि जसलाई हामीले कार्यक्रममा निम्ता दिएका छौँ", टोनले फेरि कुरा निकाले। यो अवसरका लागि उनलाई फेरि धन्यवाद दिन्छु । औपचारिकरूपमा यसरी निम्त्याउँदा एकदम खुसी मानेको छु।

स्लोभेनियाको साहित्यजगत्‌मा छोटो समयका लागि मेरो उपस्थितिले कुनै महत्त्व राख्छ कि राख्दैन मलाई थाहा छैन तर नेपाली साहित्यले त्यहाँ मञ्च पाउनुलाई मैले महत्त्वका साथ हेरेको छु।

यो कविताको कार्यक्रम ट्रूजिन नगरपालिकाको सभाकक्षमा नगरपालिकाले आयोजना गरेको हो । वर्षमा एकपटक यसरी विदेशी कविहरूलाई बोलाएर यहाँ कविता सुनाउने अवसर दिइँदो रहेछ । सौभाग्यले यसपटक नेपाली कविताले अवसर पायो जहाँ मैले नेपालको प्रतिनिधित्व गर्दै उपस्थिति हुँदै छु। विदेशी कविहरूलाई कविता सुनाउने मौका दिने र कविता सुन्न आउने स्लोभेनियालीहरूलाई हृदयदेखि सम्मान गर्छु।

टोनसँगको साहित्यिक कुराकानीबाट यो कुरा थाहा भयो कि स्लोभेनियाली साहित्य अब केवल परम्परागत दृष्टिकोणबाट मात्रै होइन, विश्वसाहित्यसँग संवाद गर्ने, नयाँ माध्यम प्रयोग गर्ने, पाठकसमुदायसँग प्रत्यक्ष जोडिन विभिन्न उपायहरू गरिरहेको छ। यस्ता गतिविधिले भाषा र साहित्यको संरक्षण मात्र होइन, सांस्कृतिक निरन्तरता, पहिचान र नवप्रवर्तनको दायित्व बोक्ने छ भन्ने लागेको छ मलाई।

युरोपको अत्यन्त सानो देश स्लोभेनिया लामो समयसम्म युगोस्लोभियामा थियो । स्लोभेनियासहित छओटा गणतान्त्रिक देशहरू मिलेर युगोस्लोभिया बनेको थियो । तिनका अलग अलग भाषाहरू थिए । त्यस्तो अवस्थामा भाषामाथि सङ्कट आएको थियो। त्यस वेला स्लोभेनियामा साहित्यका माध्यमले राष्ट्रिय भाषा र चेतनाको रक्षा भएको थियो। सोही कारण स्लोभेनियामा साहित्यिक उत्सव, पुस्तक मेला र कविता प्रतियोगिताहरू अत्यन्त लोकप्रिय भएका हुन् । जसले स्लोभेनियन भाषाको प्रचार, प्रसार र संरक्षण गर्न मद्दत पुऱ्याएका छन्।

सडकमा मोटरगाडीको भिड कम हुँदै गयो । दौडिरहेको कारबाटै देखिरहेको छु खेतका फलिरहेका फसलहरू। जहाँ हाँसिरहेका छन् किसानका अनुहार। ससाना घरहरू आउन थाले । देखिन थाले केही उद्योगहरू । घाम अस्ताउन अलिकति समय बाँकी नै छ। दिउँसो चाँदीजस्तो सेतो देखिएको सामुन्नेको हिमाल सुनजस्तै टल्किएको छ। संसारमा जहाँ हिमाल देखे पनि नेपालको सम्झनाले स्पर्श गरेर जान्छ। यसपटक फेरि नेपालले मलाई छोएर गएथ्यो। सम्झिएँ मातृभूमिमा जीवनको ऊर्वर समय बिताएका पलहरू । सम्झन्छु उत्तरतर्फ सधैँ देखिरहेका हिमालहरू।

कारको स्पिड विस्तारै कम हुन थाल्यो । "अब हामी ट्रूजिन सहर प्रवेश गर्दछौँ", टोनले भने। यही ऐतिहासिक ट्रूजिन नगरको साहित्यिक वातावरणमा केही समय बिताउनु छु मैले। ध्यान दिएर हेर्छु ट्रूजिनलाई, झुरुप्प परेका बस्तीहरू छन् । व्यवस्थित घरकम्प्लेक्सहरू, शान्त सडकहरू र साना व्यावसायिक क्षेत्रहरू देख्दा ट्रूजिन घरि आधुनिक तर शान्त गाउँजस्तो, घरि सहरजस्तो पनि लाग्यो मलाई । ठुल्ठुला पार्किङक्षेत्र, हरियाली र स्थानीय जीवनशैलीको झल्को दिने वातावरणलाई नियाँलिरहेको छु। कुनै समय रोमनहरू बसेका ठाउँ भएकाले तिनका थोरै प्रभाव त्यहाँका पुराना संरचनाहरूमा देख्छु । उसो त ढुङ्गेयुगदेखि नै यस ट्रूजिन

सहरमा मानिसहरूको बसोवास रहेको बताइन्छ।

"यहीँ हो हाम्रो गन्तव्य", टोनले कार पार्क गर्दै भने । बिस मिनेट पनि लागेन राजधानी लुब्लियना सहरको चहलपहलबाट ट्रजिन नगरको शान्त र व्यवस्थित वातावरणमा पाइला टेक्दा । मायालु हावाले निरन्तर स्पर्श गरिरहेको छ। त्यो हावा मलाई नै स्वागत गर्न आएकोजस्तो अनुभूति हुन्छ।

"स्लोभेनियाली साहित्यका कृतिहरू धेरै युरोपेली भाषामा अनुवाद भएका छन्। आधुनिक कालमा स्लोभेनियाली लेखकहरू अन्तर्राष्ट्रिय पुरस्कारहरूका लागि मनोनयनमा पनि परेका छन् । स्लोभेनियाको साहित्यिक कार्य सानो देशको भाषिक, सांस्कृतिक र आत्मिक पहिचानको जगेर्ना हो । धार्मिक साहित्यबाट सुरु भएर आधुनिक नारीवाद र डिजिटलसम्मको यात्रामा पुगेको छ हाम्रो साहित्य। हाम्रो साहित्यले युगैपिच्छे देशको आबाज बोल्ने गरेको छ", टोनले कारछेउमा उभिएर सुनाए । ट्रजिन नगरपालिका छेउमा पुगिसक्दा पनि टोनका कुरा सकिएकै थिएनन्। उनीसँग सुनाउन धेरै कुराहरू छन्। कुरा गर्दै जाँदा हामी ट्रजिन नगरपालिकाका अगाडि रहेको अनौठो आकारको मभन्दा पनि अग्लो एउटा अब्स्ट्र्याक्ट कलाकृति अगाडि रोकिन्छौँ।

"यो कला मेरो कार्यकालमा बनाएको हो", टोनले गर्वसाथ भने । कला एकदम राम्रो लागेको बताउँछु । उनी खुसी हुन्छन् । त्यसलाई पृष्ठभूमिमा बनाएर सम्झनाका लागि टोनसँग उभिएर फोटो खिच्छु। त्यसपछि हामी नगरपालिकाको सभाकक्षमा प्रवेश गर्छौँ।

ट्रजिन नगरपालिकाका वर्तमान मेयर पिटर लोजारसँग टोनले परिचय गराए । हँसिला मेयरले हार्दिकतासाथ स्वागत गरे मलाई । नगरपालिकाको सभाकक्षको दर्शकदीर्घामा स्लोभेनियाका केही लेखक र साहित्यप्रेमीहरू उपस्थित भइसकेका रहेछन् । तिनका मुहारमा उत्साह र जिज्ञासा देख्छु। मेरो मनमा भने एक खालको खुसी र अलिकति अप्ठ्यारोपनले रोटेपिङ खेलिरहेको छ। कस्तो होला मेरो कवितावाचन कार्यक्रम ? कतिको प्रभावकारी होला स्लोभेनियालीहरूसँगको संवाद। मनमा अनेकन कुरा खेलिरहेका छन्।

कार्यक्रमका मोडरेटर टोनले मञ्चमा मलाई र मलेसियाकी लेखिका महिमलाई बोलाए । सम्झिल्याउँछु त्यो अद्भुत क्षण र भूतपूर्व मन्त्रीले चलाएको कारमा चढेर कार्यक्रमस्थलमा पुग्नु अनि उनैले सञ्चालन गर्ने कार्यक्रममा सहभागी हुनपाउँनु मेरोलागि ठुलो सौभाग्य हो। यही कुरा सम्झेर मन फेरि खुसी हुन्छु।

औपचारिकरूपमा कार्यक्रम सुरु भयो । कसैलाई खादा, माला र आसनग्रहण गराइएन । कार्यक्रममा मेयरले स्वागत गर्दै सम्बोधन गरे । छोटोमिठो सम्बोधन गरेर मञ्चबाट उत्रिएर दर्शकदीर्घामा गएर बसे । कार्यक्रममा अन्य वक्ता राखिएका थिएनन्। यो हो नि विदेशतिर आयोजना गरिने कार्यक्रमको छरितो ढाँचा ! मलाई खुब मन पर्छ विदेशका कार्यक्रमहरू। नेपालीपाराका कार्यक्रमका ढाँचा र ढर्रा देख्दा निद्रा लाग्छ मलाई । कार्यक्रममा मैले नेपाली र अङ्ग्रेजीमा 'अक्षर र सपना' भन्ने कविता सुनाएँ। स्रोताहरूले उक्त कविता खुब मन पराए। कविता वाचनपछि स्रोताहरूले केही जिज्ञाशा राखे नेपाली कविता र साहित्यका

सम्बन्धमा । नेपालको राजनीतिका बारेमा पनि प्रश्न सोधिए। नेपालसँग जोडिएका केही अन्तर्राष्ट्रिय राजनीतिका बारेमा पनि प्रश्नहरू थिए । नेपालको राजनीतिमा भारत र चीनको प्रभाव आदिका बारेमा केही जटिल जिज्ञासाहरू पनि राखे। राजनीतिका बारेमा उस्तो जानकार छैन भनेर म पन्छिएँ। थाहा नभएको विषयमा कसरी बोल्नु र ? मलेसियाकी कवि महिमले पनि एक कविता सुनाइन्।

कार्यक्रम समापनपछि मेयरले हामीलाई रात्रिभोजको आयोजना गरेका थिए। साहित्यिक गफ, स्लोभेनिया र नेपालको जीवन, संस्कृति र साहित्यका बारेमा धेरै कुरा भए । नेपाल र स्लोभेनियाका बिचमा साहित्यको अनुवाद, साहित्यिकारहरूको भ्रमणको आदानप्रदान गर्नसकिन्छ कि भनेर मैले प्रस्ताव राखेँ। उक्त प्रस्तावलाई उनले मन पराए। आशा छ अनौपचारिकरूपमा गरिएको कुराकानीले कुनै दिन पूर्णता लिने छ। मेयर आफैँ नाटकका कलाकार हुन्। साहित्य र कलाप्रति उनको धेरै लगाब रहेछ । त्यसका लागि केही काम गर्ने हुट्हुटी रहेको पाउँछु।

रातको करिव १० बजे रात्रिभोज सकियो। ट्रजिनबाट लेक ब्लेडमा रहेको म बसेको होटल ५५ किमि टाढा थियो । ट्याक्सी लिएर होटल जानुपर्ला भनेर सोँच्दै थिएँ। ७८ वर्षीय टोनले मलाई होटलमै पुऱ्याइदिने कुरा गरे। मैले ट्याक्सी चढेर जान्छु भन्दा उनले मान्दै मानेनन्। पाहुनालाई सकुशल गन्तव्यमा पुऱ्याउनु मेरो कर्तव्य हो भन्दै जिद्दी कसे । उनको युवाजाँगर, उत्साह र पाहुनाप्रतिको आदरभावले मलाई पगाल्यो। त्यत्रो ठुलो ओहदामा पुगेको, त्यस उमेरको व्यक्तिको विनम्रता र साधारणपनले नतमस्तक हुन्छु। उनीसँग छोटो सङ्गतबाट अनुकरणीय यस्तै धेरै कुरा सिकिरहेको थिएँ। अन्त्यमा उनको प्रस्तावलाई मैले अस्विकार गर्नसकिन।

रात सुतिसकेको छ । हामी मात्र जागा थियौँ । निष्पट्ट अँध्यारोमा सडकमा हामी मात्र छौँ । सडकबत्तीको उज्यालो अलिकति परसम्म फैलिएको छ। कार्यक्रम मैले सोचेभन्दा सफलतापूर्वक सम्पन्न भएकाले मेरो मनमा भने बेस्सरी उज्यालो फैलिएको छ । म कारभित्र बसेपछि टोनले कार स्टार्ट गरे। सुनसान सडकमा टोनले कार हुइँकाउन थाले। नेपालको साहित्य, कला र संस्कृतिसम्बन्धी केही कुराहरू भए। मैले थाहा नपाएको युगोस्लोभिया र स्लोभेनियाका बारेमा थुप्रै कुरा उनीबाट सुनेँ। युगास्लोभियाबाट टुक्रेर शान्तिपूर्ण तरिकाले स्लोभेनिया बनेको घटना सुनाउन थाले । एक इमानदार र आधिकारिक व्यक्तिबाट साँचो इतिहास सुन्न पाउने अवसरलाई पूरापूर उपयोग गरिरहेको छु।

रातको करिब एघार बजेतिर होटेलअगाडि रोकियो कार। उनलाई मैले धन्यवाद दिनुअघि नै आजको कार्यक्रममा आइदिनु भएकोमा मलाई पो धन्यवाद दिए। दुई हात जोडेर नमस्कार गर्दै टोनलाई धन्यवाद भनेँ। उनलाई नेपाल हामीसँगै घुम्न जाऔँ भनेर निम्ता दिएँ। सगरमाथा हेर्ने उनको इच्छा रहेको बताउँदै 'हुन्छ' भनेर सहमति जनाए। अन्ततः हामी छुट्टियौँ। टर्जिनसम्मको त्यत्रो लामो बाटो टोनले एक्लै कार चलाउँदै जानु छ। बाटामा उनले के के सोँच्दै कार चलाए होलान् ? ओछ्यानमा पल्टेपछि मेरो मनमा यस्तै कुरा सोँचिरहेँ।

*लन्डन।*

# मनको भावको अनुपम अभिव्यक्ति 'अर्धकदको अवसान'भित्र पस्दाको अनुभूति



❖ प्रदीप सापकोटा

कहाँबाट लेख्न सुरु गरौं ? के आँटले लेखूँ ? यस्तै मनोटनोस भइरहेछ। सिर्जनाकर्म कहाँ सजिलो छ र ! झनै निबन्ध गारो विधा लाग्छ मलाई । अनि अरूजस्तै म पनि ज्ञानगङ्गाको भोको छु । अरूजस्तै मेरो पनि मस्तिष्कले नयाँ कुरा जान्न चाहन्छ । मन सानो भए पनि । कहिले दुखाउँछ । कहिले सुखाउँछ मन । मनमा अनेक थरीले अड्डा जमाउँछन् घरि घरि । विभिन्न मान्यताहरू भत्काउन मन लाग्छ कहिले, त कहिले के गर्न मन लाग्छ । लागेर मात्र नहुने गर्न भने गारो । त्यसैले अभिव्यक्त गर्छु अक्षरमार्फत कहिलेकाहीँ ।

यसैगरीमैलेचिनेका,मैलेवुझेसम्मकाअसल मनका व्यक्ति ज्ञानेन्द्र विवश । सिर्जनशीलताका पर्याय लाग्छन् । मनका भावहरू, प्रकृतिका सुन्दर छटाहरूको आस्वादान गरेर अक्षरमार्फत सुन्दरढङ्गले सिर्जनामा पोखिन्छन् । उनी जति सरल छन्, असल मनका छन् । उस्तै लाग्छ उनको लेखनी मलाई । मज्जैले पाठक तान्ने खुबीमा निबन्धकारिता गर्छन् विवश ।

थुप्रै निबन्धकृतिहरू जन्माएर पाठकसामु ल्याएका उनको आत्मपरक निबन्धभावमा ' अर्धकदको अवसान' आएको छ । मजस्तो सामान्य व्यक्तिले उनको कृतित्वको चर्चा गर्ने धृष्टता गर्नु मुर्ख्याइँ हो । त्यसैले पढेपछि मेरो मनमा उब्जेका पाठकीय भावहरू लेख्ने यत्न गरेँ । व्यस्त जागिरे भएर पनि सिर्जना र साधनाकलामा नथाक्ने उनको पहिलो खुबी हो समय व्यवस्थापनको । यस्तो सिर्जनाधर्मितामा समर्पित मनका उद्वेगहरूलाई सरल भाषामा अभिव्यक्त गर्न सिपालु छन् । भाषासाहित्यको सेवाजस्तो सुकर्ममा लम्किरहेका छन् अविराम ।

भोगाइका धेरै शृङ्खलाहरूलाई आरनमा हालेर पर्गेल्ने सामर्थ्यका धनी व्यक्तित्व ज्ञानेन्द्र विवश अनुभूतिलाई कलात्मक लेपन लगाएर प्रस्तुत गरिदिन्छन् । मनलाई शान्त बनाइदिन्छन् मनबाटै आएका भावहरूले । सौन्दर्यको प्रचुरता भरेर मिठासका सुस्वादु निबन्धहरू जहाँ उनका मनका अन्तरआबाजहरू प्रकट भएर आएका छन् । पढ्दाको मज्जै बेग्लै ।

निबन्धकृतिमा समावेश भएका तीन दर्जन

विभिन्न शीर्षकृत निबन्धहरूको आस्वादानले मनै पुलकित बन्यो । जहाँ कलात्मक संरचनाभित्र रहेर मनका भावहरू अभिव्यक्त भएका छन् । सुखद क्षणहरू दर्शाइएका छन् । उनका हुटहुटीहरू झङ्कारित भएका छन् । जस्तै बेचैन मन पनि शान्त हुने औषधी लाग्छन् निबन्धहरू । उच्चतम कल्पनाशीलताको गहिराइमा पुगेर निबन्धहरूले पाठकलाई मिठो भावमा काव्यात्मक सौन्दर्यपान गराउने क्षमता राखेका छन् । पक्कै पनि भावगत सौन्दर्यको आस्वादान गर्ने पाठक मोहित बन्छ ।

के पो छैन निबन्धहरूमा ? भावनाको उत्ताल तरङ्गभित्र तरङ्गित अभिव्यक्ति छन् । प्रकृतिको सुन्दर महिमाको अनुपम शब्दचयनका साथ वर्णन छ । काव्यात्मक चेतले ओतप्रोत भएका सुन्दर कविताजस्ता निबन्धहरू छन् । निजात्मकताले लछप्पै भिजाएर तीब्रतर रूपमा अनुभूतिहरूमा घोत्लिएर सिर्जना गरिएका निबन्धको मिठास शब्दमा वर्णन गर्ने म बबुरोको सामार्थ्य भएन । विषयवस्तुको सघनता भएका आत्मिक मनका उद्वेगहरूको भकारी लाग्छन् निबन्ध । यसो हेर्‍यो विषयवस्तु सामान्य छ तर त्यसमा गरिएको गहिरो खोतलखातल व्यापक छ । मनछुने छन् निबन्धकारका निबन्धका भाव । यस्तो छ कि उनको सिर्जनात्मक अभिव्यक्तिले पाठकको निबन्धको तिर्खा मेटाइदिन्छ ।

उनका आत्मपरक शैलीका यी निबन्धहरूले मान्छेलाई आशावादी हुन् सिकाउँछन् । प्रकृतिका प्रेमीहरूलाई यात्रा गर्न र सृष्टिको अनुपम सौन्दर्यका खानी विभिन्न स्थानहरूमा घुम्न प्रेरित गर्छन् । भावनाको सघनतामा कल्पना गर्न बाध्य गराउँछन् । समाजका मूल्य र मान्यताहरूलाई समेत दृष्टिगोचर गरेर लेख्ने, यथार्थको सत्यापन गरेर कलम चलाउने, भावमा डुबेर अनुभूतिको अटेसमटेसलाई बर्हिगमन गराउने उनको क्षमताको म फ्यान हुँ । निबन्ध यस्तो पो हुनुपर्छ कुनै सिद्धान्तसँग निकट भएर भन्न सक्दिन म । जीवन र जगत्का बारेमा घोत्लिएर लेख्नसक्ने खुबी हुनुपर्छ निबन्धकारमा, मैले यति जानेको छु । सामान्य मेरो ज्ञानले यही भन्छ मलाई ।

मलाई मोन्तेनको भनाइ याद आयो, 'आफ्ना निबन्धहरूको विषय स्वयम् लेखक हो ।' यो भनाइसँग सन्निकट रहेर निबन्धकारिता अघि बढाएका छन् विवशले । मनका गतिलाई लयबद्धढङ्गले अगाडि बढाएर निबन्ध लेख्ने उनको प्रयासले सार्थक रूप पाएको छ । चेतनाको उच्चतम विन्दुमा मनलाई पोख्न सिपालु छन् विवश । हृदयचन्द्रसिंह प्रधान, महाकवि देवकोटा, शंकर लामिछानेकै उत्तराधिकारी लाग्छन् । उनमा भएको कल्पनाशीलताको अग्लो क्षितिज र त्यहाँ पुगेर कुँदिएका शब्दका खातहरूमा विभिन्न तर्क, विर्तक, कल्पना, प्रसङ्गहरू समेटेर निबन्धमा मौलिकपन दिएका छन् । प्रकृतिसँग अत्यन्तै निकट रहेर वर्णन गर्न सिपालु निबन्धकार, आँखाले देखेका र हृदयले अनुभूत गरेका विभिन्न पलहरू चेतनाको आँखाले नियाल्दै शब्दरूपी मालामा उन्न

सफल निबन्धकार । भन्नसक्छु, मेरो बुझाइको साँघुरो धरातलमा उभिएर उनी जस्ता छन् उस्तै छ 'अर्धकदको अवसान' ।

यस कृतिमा आफ्नाहरूको स्मरण गर्दै आफ्नोपनको बारेमा सुस्पष्ट दृष्टिकोण राखेका निबन्धकारले सुन्दर प्रकृतिमाथि उभिएर तिनको सौन्दर्यमा लठ्ठिदै प्रकृतिका अनेकानेक रङ, याम र स्वरूपहरूको बडो बिम्बात्मक रूपमा वर्णन गरेका छन् । उनी जहिल्यै हराउन मन पराउँछन् प्रकृतिको वैभवमा; लुकामारी खेल्न चाहन्छन् भिर, पाखा र पहरामा । उनको मन उसै उसै रमाउँछ । खुसीले पुलकित उनी पाखापखेरामा विचरण गर्छन् । प्रकृतिको महान् महिमाको वर्णनमा शब्दहरू खर्चिन्छन् । प्रकृतिले कहिल्यै मानवजातिलाई दुःख नदिने उनको ठोकुवा छ भने जति पनि दैवीविपत्ति छाउँछन् यहाँ यसो हुनुमा मान्छे मात्रलाई दोषी देख्छन् उनी । धर्तीको दोहनको कारण यो अवस्था भएकोमा उनी ढुक्क भएर मन खोलेर भन्छन् । बादलका बुट्टाहरू हेर्दै सृजनाकर्म गर्छन् । खोलानालाको कलकलमा सङ्गीतको साते शूर पाउँछन् । उकालीओराली, देउराली घुम्ती अनि चौतारीका वर्णन गर्छन् । बादललाई विभिन्न उपमामा बयान गर्छन् । अरूभन्दा प्रकृतिको सौन्दर्य सुगन्धमय हुन्छ भन्ने उनको मनको ठहर हो ।

ऋतुहरूको महिमा गाउँछन् निबन्धमा । शारदीय सौन्दर्यमा कृषकको निम्ति आउँने खुसीले पुलकित बन्छन् । यसै वेलाका महान् चाडहरूमा रमाउँछन् । हेमन्त ऋतुको याम, लहलह पहेँलपुर धानका बाला, किसानका खुसी र व्यस्तताका चर्चा गर्छन् । भावका विभिन्न तलाउमा पौडिएर बिहावारी, नातासम्बन्ध जोड्ने महिनाको रूपमा मङ्सिरको व्याख्या गर्छन् । आफ्नाहरूको स्मरणमा शब्दहरू खर्चिन्छन् । सम्बन्धका विभिन्न आयामहरूको चर्चा गर्छन् । मिलन-विछोड, पुरानो पात झर्ने र नयाँ पालुवा पलाउने कुरालाई सहज रूपमा लिनुपर्नेमा जोड दिन्छन् । आफ्नाहरू उन्मुक्त हाँसुन्, खुसीले मनपेट नाचुन, सुखपर्दा नसम्झे नि दुःखमा सम्झुन आफ्नाले भन्ने चाह राख्छन् । उनी मानिसका जिन्दगीमा आउने दुःखसुखलाई जीवनका दुई किनाराको रूपमा अर्थ्याउँछन् । कति यथार्थपरक भाव छ निबन्धहरूमा ।

हिजोको रेडियोको महत्त्वमाथि पनि निबन्ध लेखेर त्यसका तरङ्गहरूमा मन तरङ्गित बनाउँछन् । हिजोको लोकप्रिय जिन्दगीको एक हिस्सा रेडियोको विज्ञानका नयाँ आविष्कारसँगै महत्त्व घटेको तर्क गर्छन् । झन्डाको महिमा, महत्त्व, प्रशस्तिमा उनले शब्द धेरै खर्च गरेका छन् । झन्डा स्वाभिमानको प्रतीक मान्छन् । हाम्रो जीवनसँग हरहिसाबले झन्डा जोडिएकोमा दुई मत नहुने धारणा राख्छन् ।

आँखा सौन्दर्यको प्रतीक हो । सुन्दर, शान्त र स्निग्ध हुने आँखाको भाव विभिन्न हुने गहिरिएर अर्थ लाउनसक्ने भएकोले बुद्धका आँखालाई आमआँखासँग जोडेर गन्थन गर्छन् । विभिन्न ठाउँका यात्रामा गरेका सौन्दर्यपानले

लठ्ठ परेका कुराहरूलाई चित्रमय र कौतुकमय ढङ्गले निबन्धमा सविस्तार मिजासिलो वर्णन पनि पाठकले पाउँछ।

शीर्ष निबन्ध 'अर्धकदको अवसान'ले वर्तमान पुस्तामा देखिएको पुराना योगदान गर्नेहरूप्रतिको अनदेखालाई साँचो अर्थमा राखेको छ। सटिक छ यो निबन्ध यथार्थताको भावमा अभिव्यक्ति दिएर अहिलेका मान्छेमा ह्रास हुँदै गएको अग्रजप्रतिको मान, सम्मान र मूल्याङ्कनको बारेमा चिन्ता प्रकट भएको छ । नयाँको नाउँमा, परिवर्तनको नाउँमा, आधुनिकताको नाउँमा, धेरै पढेलेखेको वा वुझक्कड भएको नाउँमा इतिहासका विभिन्न कालखण्डमा जीवनको आहुति दिएर होस् वा भाषासाहित्यलाई आजको स्थितिमा ल्याउन गरिएको योगदान होस् वा देशलाई परायाको पन्जामा पर्न नदिन गरिएको भूमिका होस् सबै महत्त्वपूर्ण र सम्मानलायक छन् भन्दै तिनीहरूको सम्मानमा खडा गरिएका शालिकहरू ढाल्ने, फोर्ने र उखेल्ने अराजक प्रवृत्ति मौलाउँदै गएकोसन्दर्भमा उनको चिन्ता छ, खबरदारी छ।

उनी भन्छन्, 'कतै विपीको टाउको फोडियो। कतै भानुको टाउको काटियो। कतै कवि काटिए। कतै कलाकारका छवि छिनालिए। हो, तानाशाहको चिनोलाई नाश गर्ने अभियान थियो भने पनि तिनलाई यसरी ढालेर, फुटाएर, सधैँभरिका लागि अन्त्य गर्न सकिँदैन ।' (अर्धकदको अवसान)

यस्तै विभिन्न विषयमा मस्तिष्कलाई घोत्लाएर, भावनालाई पगालेर, प्राकृतिका विभिन्न चिजबिजहरूसँग झुत्तिएर कल्पनाशीलताको मेसिनमा तिनलाई हालेर सुन्दर निबन्ध जन्माउने विवशको खुबीको म प्रशंसक हुँ । उनी निर्मम छन् विकृति र विसङ्गतिविरुद्ध, आशावादी छन् र त निराशा सव छोप्ने हिम्मत गर्छन् । उनका निबन्ध गुणवेत्ताको आधारले उच्च, चिन्तनको हिसावले गहिरा, भाषाशैलीको हिसावले लोभलाग्दा र सरल, भावनाका दृष्टिले हृदय छुने, अनुभवबाट आर्जित भएका र चिन्तनको भावबाट जन्मिएका देखिन्छन्।

अरूको होइन, आफ्नै जीवन्त अनुभूतिलाई चेतनाको मसीले लेखेका निबान्धहरू काव्यरसलाई मिसाएर पाठकलाई सुस्वादु र समृद्ध निबन्ध दिनसक्नु निबन्धकारको विशेषता लाग्छ। समकालीन निबन्धमा उनले बनाएको स्थानले अझै उचाइ चुमोस्, शुभकामना।

# श्रद्धाञ्जली

**पैडी इन्द्रबहादुर गुरुङ**
**जन्म : ३१ भदौ १९९१**
**निधन : १३ पुस २०८२**

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ।**

**शब्द-संयोजन परिवार**

❖ डा. हंसराज

# मेरो बगैंचा

इँटा र ढुङ्गाका संरचनाहरूमध्ये
त्यहाँ बोटबिरुवाहरूको ओछ्यान छ
मेरो सानो घरको बगैंचा
मलाई मेरो जीवनभन्दा पनि प्यारो छ।

वर्षौंदेखि हामीले पालनपोषण गर्दै आएका छौं
हाम्रो सम्बन्ध धेरै पुरानो छ
यहाँ फूलहरूको मुस्कान छ
औषधिको खजाना हो।
जाडोको चिसो होस्
वा प्रचण्ड गर्मी
ढोकामा दृढ उभिएर
पहरा दिइरहेका हुन्छन्।
त्यो चुपचाप हरियालीमा
साना चराहरूको गुँड छ
अब पातहरूको बाक्लो झुप्रोमा
तिनीहरू हरेक क्षण आफ्नो चक्कर लगाउँछन्।

बोगेनभिलियाको सुन्दरता अद्वितीय छ
तीन रङहरूमा रङ्गिएको छ
रातो, सेतो र पहेँलो एउटा पाना
यो प्रकृतिले दिएको छ
गुलाबको हाँगा सुगन्धित छ
सेतो पोसाकमा चमेली
रातरानी र बेला फुल्छन्
जब चन्द्रमा आकाशमा उदाउँछ
यहाँ फूलहरूको मुस्कान छ
र फलको प्रशस्तता।

चम्पा र चमेलीको सुगन्धले
नयाँ ऊर्जाको लहर छ
चन्दनको शीतलता छ
र नीमको शीतल छायाँ
तुलसी, पान र पुदिनाले
स्वास्थ्यको मन्त्र सिकाउँछ
दालचिनी, जराकुश र पथरचट
स्वास्थ्यको लागि वरदान।

अमृत जस्तै गिलोय
नयाँ पहिचान दिन्छ
क्रिसमस रुखको अनौठो वैभव छ
सर्पगन्ध पनि सँग छ
एलोभेरासँग सुदर्शन देखियो
यसमा आयुर्वेदको हात छ
यदि मानिसहरू आफ्नो जरासँग जोडिए भने
पृथ्वी स्वर्ग बन्छ
आउने पुस्ताले पनि
बाँच्ने कला सिक्ने छन्।

यो संसार हरियो रहोस्
यो मेरो एक मात्र कामना हो
आफ्नो माटोलाई माया गर
यो जीवनको गौरव हो।

'अविच्छिन्न प्रकाशित भइरहेको
साहित्यिक पत्रिका
**शब्द-संयोजन**
मासिक' पढ्नुहोस्।



❖ मिथिलेश आदित्य

# जनसङ्घर्षको घोषणा-पत्र

जनसङ्घर्षको घोषणापत्र
म मानिन हार
किनकि यो लडाइँ मात्र मेरो होइन
यो तिनै मानिसहरूको पुकार हो
जो भोकसँग लड्दै पनि बाँचिरहेका छन्
जो अन्यायको भारीमुनि कुचिँदै छन्
तर नटुटेका, नभत्किएका
भित्रभित्रै आँधी भएर
तैयार भइरहेका छन् ।

म उभिने छु
ती हातहरूका लागि
जुन दिनरात रगतपसिना बगाउँछन्
तर खालि थाली हेर्न बाध्य हुन्छन्
ती आँखाहरूका लागि
जसका सपनाहरूलाई
सत्ताका जुत्ताले
पटक पटक कुल्चेका छन् !

जनसङ्घर्षको घोषणापत्र
यी सत्ता र शक्तिको
नशामा डुबेका मानिसहरू
यी महलभित्र बसेर सोच्नेहरू
कि जनता चुप छन्
कि जनता डराउँछन्
सुनुन्,
जनताको मौनता डर होइन
आउँदै गरेको विस्फोटको
दरिलो पूर्वाभास हो ।

म तिनका हरेक षड्यन्त्रविरुद्ध
छाती बनाएर उभिने छु
तिनको झुटको साम्राज्यमाथि
सत्यको बज्र प्रहार गर्ने छु ।
जनसङ्घर्षको घोषणापत्र
यो लडाइँ खेतको माटोको हो
मजदुरका चिरिएका हत्केलाकै हो
गरिबको अन्तिम रोटीकै हो
र मानवताको अस्मिताको हो ।


म तबसम्म रोकिन्न
जबसम्म अन्यायको
अन्तिम किल्ला ढलेर धुलो हुँदैन
जबसम्म सत्ताको घमण्ड
माटोसँग मिसिदैन
जबसम्म जनताको शिर
गौरवसहित उठ्दैन
र जबसम्म मानवता
सबैभन्दा ठुलो शक्ति बनेर
क्रान्तिजस्तै दृढ भएर उभिँदैन ।

हो,
जनसङ्घर्षको घोषणापत्र
म हार मान्दिन
र जनतालाई पनि
कहिल्यै हार्नदिने छैन !


*विराटनगर, नेपाल*

इमेलः mithileshadityabihar@gmail.com


# बजारमा कृति





कृति : आस्थाको सरोवर
लेखक : रामप्रसाद पन्त
प्रकाशक : दायित्व वाङ्मय प्रतिष्ठान नेपाल
प्रकाशन मिति : २०७० वैशाख
मूल्य : रु.१७५।-




कृति : अविश्रान्त
विधा : महाकाव्य
लेखक : त्रिलोचन आचार्य
प्रकाशक : दायित्व वाङ्मय प्रतिष्ठान नेपाल
प्रकाशन मिति : २०८२
मूल्य : रु.५००।-




कृति : जीवनको गीत
विधा : उपन्यास
लेखक : मधु गुरुङ
प्रकाशक : बेलबारी साहित्य विकास समिति, मोरङ, नेपाल
प्रकाशन मिति : २०८२
मूल्य : रु.४९९।-




कृति : आयो जमाना नयाँ
विधा : कवितासङ्ग्रह
लेखक : रत्ननिधि रेग्मी 'शुक्राचार्य'
प्रकाशक : कवि आफैँ
प्रकाशन मिति : २०८२
मूल्य : रु.१००।-

# डिसहोम सातौं बारखरी कथा प्रतियोगिता २०८२

पुस १०/ 'डिसहोम सातौं बारखरी कथा प्रतियोगिता २०८२'का लागि प्राप्त भएका ११६८ कथामध्ये 'बारखरी कथा प्रतियोगितामा शिवराज शाहीद्वारा लिखित 'एक मान्ठ एक देउता' शीर्षकको कथा प्रथम भएको थियो । प्रथम स्थान हासिल गरेका शाहीले नगद दुई लाख रुपैयाँ पुरस्कार प्राप्त गरे ।

बारखरी मिडियाद्वारा सोल्टी होटेल कालीमाटी काठमाडौँमा आयोजित उत्कृष्ट कथा घोषणा समारोहमा प्रधानमन्त्री सुशीला कार्कीद्वारा लेखक शाहीलाई नगद, ट्रफीलगायत पुरस्कारबाट सम्मान गरियो । त्यसैगरी प्रतियोगितामा ऋतेश गुरुङद्वारा लिखित 'भुइँकुहिरोको बिचमा' शीर्षकको कथा द्वितीय भएको थियो भने कथाका लेखक गुरुङलाई नगद एक लाख, ट्रफीलगायत पुरस्कारबाट सम्मान गरियो । इन्द्रप्रसाद गोतामे (जगतजङ्ग)द्वारा लिखित 'अधुरो प्रतिलिपि' शीर्षकको कथा तृतीय भएको थियो । लेखक गोतामेलाई ६०




हजार नगदसहित ट्रफीलगायत पुरस्कारबाट सम्मान गरियो ।

प्रथम, द्वितीय र तृतीय स्थान हासिल गरेका तीन कथाका कथाकारलाई प्रधानमन्त्री कार्की, विशिष्ट अतिथि सम्राट उपाध्याय, बारखरी मिडियाका कार्यकारी अध्यक्ष तथा प्रधानसम्पादक प्रतीक प्रधान, प्रबन्ध निर्देशक ज्ञानेश्वर आचार्य, डिस मिडिया लिमिटेडका अध्यक्ष हेमराज ढकालल‌गायतले सम्मान गरेका थिए । अशेष मल्ल, मञ्जु काँचुली र अभय श्रेष्ठ निर्णायक रहेको समितिले बारखरीलाई प्राप्त कथाहरू मध्येबाट उत्कृष्ट २५ कथाहरूसहित प्रथम, द्वितीय र तृतीय कथा छनोट गरिएको थियो ।

# साहित्य सन्ध्याको ४७१ औं नियमित मासिक शृङ्खला सम्पन्न

२०८२ पुस ५ गते अपराह्न १ बजे आर.आर.क्याम्पस, प्रदर्शनीमार्गमा साहित्य सन्ध्याको नियमित मासिक ४७१ औँ शृङ्खलामा 'प्रगतिवाद र उत्तरआधुनिकतावाद' विषयमा विशद चर्चा गरिनुका साथै कविगोष्ठीको आयोजना गरियो । सन्ध्याका अध्यक्ष राम विनयको अध्यक्षता र कोषाध्यक्ष गोपालकुमार मैनालीको सञ्चालनमा सम्पन्न भएको उक्त



समारोहमा प्रमुख अतिथिका रूपमा प्रा.डा.रमेशप्रसाद भट्टराई उपस्थित हुनुहुन्थ्यो ।

प्रा.डा.रमेशप्रसाद भट्टराईले 'प्रगतिवाद र उत्तरआधुनिकतावाद' विषयमा विशद चर्चा गर्नुभएको थियो । समारोहमा ओमप्रसाद कोइराला, खेमराज निरौला, रत्ननिधि रेग्मी, नवराज श्रेष्ठ, गायत्रीकुमार चापागाईँ, डम्बर पहाडी, कुमार नेपाल, डा.मनोज जोशी, दिनेश खरेल, कात्यायन, रामेश्वर आचार्य, रामबहादुर पहारी, बलराम विष्ट, विन्दु अधिकारी ढकाल, नन्दु उप्रेती, डा.गोविन्दप्रसाद आचार्य, बैरागी जेठा, महेशराज खरेल, मिसन अधिकारी, प्रशान्त खरेल, गोपालकुमार मैनाली र राम विनयले आआफ्ना कविता, गीत, गजल, एलाक वाचन गर्नुभएको थियो भने वाचित रचनामाथि डा.प्रतिभा पुन'ले समीक्षा गर्नुभएको थियो।

# 'एक जोर आँखा' सार्वजनिक



काठमाडौँ बत्तिसपुतलीस्थित शिल्पी थिएटरमा कथाकार सुलोचनाद्वारा लिखित 'एक जोर आँखा' नेपाली कथासङ्ग्रह पुस १३ गते एक विशेष फरक खालको कार्यक्रमका बिच सार्वजनिक भयो । विनामञ्चसजावट तथा विनासभापति र प्रमुख अतिथिका बिच एक सामान्य डिजिटल ब्यानर मात्र रहेको मञ्चमा दुई थान कुर्सी र एउटा सानो टेबुल मात्र रहेको थियो। कार्यक्रमकोसहजीकरणतथासञ्चालननाट्यकर्मी तथा थिएटरका निर्देशक घिमिरे युवराजले गरेका थिए।

उक्त कार्यक्रममा कथाकार सुलोचना, उनका दुई दिदीहरू पद्मा र सुर्दशना, कथाकार भागिरथी श्रेष्ठ तथा युवापुस्ताकी कवि उज्ज्वला महर्जनद्वारा पुस्तक सामूहिक रूपमा सार्वजनिक गरिएको थियो । पुस्तक सार्वजनिक भएपछि उज्ज्वला महर्जन तथा सुलोचनाबिच छोटो संवाद कार्यक्रम भएको थियो। कवि उज्ज्वलाको जिज्ञासामा कथाकार सुलोचनाले'एक जोर आँखा' भुइँ मान्छेले देखेको तर अझै साकार हुन बाँकी रहेको मिठो सपना भनेर बताइन्। संवादका क्रममा सुलोचनाले जीवनमा भोगेका कुरालाई कल्पनामा मिसाएर लेखेको बताउँदै जुन समाजमा जन्मेर हुर्कियो त्यही समाजका कुराहरू साहित्यमा लेखेको प्रस्ट्याइन्।

१६ थान कथाहरू रहेको 'एक जोर आँखा' जेलमा भेटिएका कतिपय मान्छेका अधुरो सपनाको कथा हो। उक्त पुस्तकको प्रकाशन न्युरोड बुक स्टोरले गरेको हो । कार्यक्रममा कथाकार भागिरथी श्रेष्ठले लेखक सुलोचनाको कृतित्व तथा व्यक्तित्वमाथि सङ्क्षेपमा प्रकाश पारेकी थिइन् भने कथाकार सुलोचनाकी कान्छी छोरी आभाले मन्तव्य राखेकी थिइन् । कार्यक्रममा पुस्तक प्रकाशनमा सहयोग पुऱ्याउने व्यक्तित्वहरू कवि शार्दूल भट्टराई, अविनाश श्रेष्ठ, सुदर्शन श्रेष्ठ, वसन्त श्रेष्ठ, उज्ज्वला महर्जन, घिमिरे युवराज तथा पुस्तक प्रकाशक राजेश गजुरेललाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो।

# 'अविरल जनसाहित्य यात्रा-१०५'मा डा.सरोज धितालका कविता गुञ्जिए

पुस १२/ वाल्मीकि क्याम्पस, प्रदर्शनीमार्गको सभाकक्षमा राष्ट्रिय जनसाहित्यिक सङ्घ नेपालले आयोजना गरेको 'अविरल जनसाहित्य यात्रा'को १०५ औँ शृङ्खलामा अत्यन्त कुशल र सफल चिकित्सक, सामाजिक रूपान्तरण अभियानका अभियन्ता एवम् सशक्त प्रगतिवादी कवि डा.सरोज धितालका एक दर्जन कविता गुञ्जिए।

राष्ट्रिय जनसाहित्यिक सङ्घ नेपालकी अध्यक्ष नर्मदेश्वरी सत्यालको अध्यक्षतामा सम्पन्न उक्त समारोहमा प्रमुख अतिथिका रूपमा एमाले उपाध्यक्ष तथा साहित्यकार रघुजी पन्त उपस्थित हुनुहुन्थ्यो भने शान्ता मानवी, हेमराज राई, प्राज्ञ सुलोचना मानन्धर, मञ्जुल, प्राज्ञ माधव प्रधान, मानवअधिकारकर्मी गौरी प्रधान, प्रा.डा.देवी नेपाल, श्याम तमोट, वासुदेव अधिकारी, प्राज्ञ लक्ष्मी माली, डा.सावित्री श्रेष्ठ, राष्ट्रिय जनसांस्कृतिक महासङ्घ नेपालकी उपाध्यक्ष नमुना शर्मा र महासचिव आर.सी.न्यौपाने, स्नेह सायमी, तारक धिताल, शार्दूल भट्टराई, युद्धप्रसाद मिश्र प्रतिष्ठानका वरिष्ठ उपाध्यक्ष नन्दु उप्रेती, डा.फणीन्द्रराज निरौला, डम्बर पहाडी, जयन्ता पोखरेल, मा.आभा सेतु सिंह, डा.देवकी आचार्य, देविका तिमिल्सिना, डा.गोविन्दप्रसाद आचार्य, प्रशान्त खरेल, महेशराज खरेल, सुस्मिता नेपाल, राजेश थापा, मधु गुरुङलगायत अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो।

राष्ट्रिय जनसाहित्यिक सङ्घ, नेपालका महासचिव एवम् अविरल जनसाहित्य यात्रा




संयोजन समिति संयोजक डा.कृष्ण सुवेदीको सञ्चालनमा सम्पन्न उक्त समारोहमा उहाँले नै कविनायक डा.सरोज धितालको व्यक्तित्व तथा कृतित्वमाथि प्रकाश पार्नुभएको थियो भने अध्यक्षले कविनायकलाई माल्यार्पण गरी स्वागत गर्नुभएको थियो।

डा.सरोज धितालले रचनागर्भको जानकारीसहित आफ्ना 'आँसु', 'धरहरा लासहरूको', 'तिमीलाई चिन्ता' र 'सपना' शीर्षकका चारओटा कविता वाचन गर्नुभएको थियो। सहयोगी कविहरू गौरी प्रधानले पचास वर्ष पुरानो 'क्रान्तिकारी', सुलोचना मानन्धरले 'जेल परेकी बहिनी', तारानिधि भुर्तेलले 'हामी', दिना सुवेदीले 'बिदाइ', शार्दूल भट्टराईले 'अझै नजन्मेको सन्तानसित', स्नेह सायमीले 'स्फटिकको चिसोभित्रको इतिहास', माधव प्रधानले 'जीवननदी', तारक धितालले 'विजय' र नन्दु उप्रेतीले 'घामको सपना' शीर्षकको कविता वाचन गर्नुभएको थियो भने वाचित कवितामाथि वरिष्ठ कवि श्यामलले टिप्पणी भर्नुभएको थियो।



# मानवीय षडयन्त्र र प्राकृतिक प्रकोपको पीडाले हामी साहित्यकार पनि पिरोलिएका छौँ

❖ गङ्गाप्रसाद उप्रेती

साहित्य सन्ध्याको आजको यो ४६९ औँ शृङ्खलाको विशेष समारोहमा उपत्यका र बाहिरबाट जोडिनुभएका स्रष्टाका रचनामा मुलुकको सामाजिक परिस्थितिलाई स्रष्टाले अवलम्बन गरी अभिव्यक्ति प्रदान गरिएको छ त्यसैले पनि साहित्य सन्ध्याका गोष्ठीहरू कार्यशाला हुन् भन्ने कुरा आजको गोष्ठीमा वाचित रचनाहरूले पनि प्रमाणित गरेका छन् । आजका सबै सबै सहभागीलाई हार्दिक धन्यवाद पनि दिन्छु । आज वाचित सिर्जनामाथि टिप्पणीकार प्रा.जगत् उपाध्याय 'प्रेक्षित'ले अत्यन्त सुन्दर मूल्याङ्कन, विश्लेषण र निर्देशन गर्नुभएको छ । यतिखेर मानवीय षडयन्त्रले र प्राकृतिक प्रकोपले हामीलाई पिरोलेको छ । मानवीय षडयन्त्रले निम्त्याएको सन्त्रासका रूपमा जेनजी आन्दोलन देखा पर्‍यो र देखावटी रूपमा सुधार तथा रूपान्तरण भनिएको भए पनि यसभित्रको घुसपैठले विध्वंस मच्चाएको पक्षलाई आजका स्रष्टाका सिर्जनाले यथार्थपरक तथा मार्मिक रूपमा उजागर गरेका छन् र सचेतताको सन्देश सम्प्रेषण गरेका छन् ।

अन्तर्राष्ट्रिय युद्धको सिकारसमेत हामी नै भयौँ र हाम्रा होनहार युवा विपिन जोशीको मृत्युको पीडा हामी व्यहोरिरहेका छौँ । साना राष्ट्रले भोगेका र भोगिरहेका युद्धका पीडाजन्य समस्यालाई स्रष्टाका सिर्जनाले उजागर गरेका छन् । साना राष्ट्रले भोग्ने भूराजनीतिक समस्या, त्यसले पार्ने नकारात्मक प्रभाव तथा दिने पीडा पनि सुन्दरढङ्गले सिर्जनामा आएका छन् । चार दशकभन्दा लामो समयदेखिको निरन्तरता वा अविच्छिन्नता नै साहित्य सन्ध्याको विशेषता हो । प्राज्ञिक र सिर्जनात्मक तहबाट साहित्य सन्ध्याले समग्र नेपाली साहित्यको श्रीवृद्धिमा विशिष्ट योगदान गरिरहेको छ । यद्यपि सन्ध्याको पूर्वाधार विकासमा भने भरपर्दो सहयोग प्राप्त हुननसकेको हुँदा कसरी र कस्तो खालको, कोसँगको समन्वयद्वारा यस्ता निःस्वार्थ संस्थाको पूर्वाधार विकासमा सहयोग प्राप्त हुनसक्छ भन्ने विषयमा छलफल गरौँ र सकेको सहयोग पनि गरौँ । शोककै घडीमा आएका हाम्रा चाडहरू तिहार, छठ, नयाँवर्षलगायतका सबैको हार्दिक शुभकामना पनि दिन्छु । आजको यो विशेष समारोहमा पूरै समय अर्थात् साढे तीन घण्टा बसेर पुरस्कार अर्पण गरिएको अघिल्लो विशेष समारोहको समीक्षा पनि मसिनो गरी गरियो भने समग्र रचना तथा तिनमाथिको टिप्पणसिमेत सुन्दा आजको यो समारोह सार्थक भएको मलाई अनुभूत भएको छ, गौरवबोध भएको छ । प्रमुख अतिथिका रूपमा आमन्त्रण गरेर वाचित सिर्जना तथा समीक्षा सुन्ने अनि आफ्ना धारणा राख्ने पनि अवसर दिएकोमा साहित्य सन्ध्यालाई हार्दिक धन्यवाद दिन्छु ।

*-रमेश पोखरेल (नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्व कुलपति एवम् वरिष्ठ साहित्यकार गङ्गाप्रसाद उप्रेतीले साहित्य सन्ध्याको ४६९ औँ शृङ्खलामा व्यक्त गर्नुभएको मन्तव्यमा आधारित)*